# राष्ट्रिय औद्योगिक सर्वेक्षण
# २०७६

## गणना निर्देशिका


नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाण्डौ
फोन नं. ०१-४२४५९४८ फ्याक्स नं. ९७७-१-४२२७७२०
इमेल : industry@cbs.gov.np वेबसाइट : www.cbs.gov.np

# राष्ट्रिय औद्योगिक सर्वेक्षण
# २०७६

## गणना निर्देशिका


नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाण्डौ
फोन नं. ०१-४२४५९४८ फ्याक्स नं. ९७७-१-४२२७७२०
इमेल : industry@cbs.gov.np वेबसाइट : www.cbs.gov.np

# विषय सूची

पृष्ठभूमि ........ १
खण्ड १. परिचयात्मक विवरण ........ ५
खण्ड २. प्रतिष्ठानको सांङ्गठनिक ढाँचा ........ १४
खण्ड ३. रोजगारी सम्बन्धी विवरण ........ १६
खण्ड ४. इन्धन, पानी तथा विद्युत् सम्बन्धी विवरण ........ २०
खण्ड ५. कच्चा पदार्थको खरिद विवरण ........ २३
खण्ड ६. उत्पादन र उत्पादित वस्तुको बिक्री ........ २४
खण्ड ७. मौज्दात ........ २५
खण्ड ८. औद्योगिक सेवाबापतको खरिद/खर्च तथा बिक्री/आम्दानी ........ २८
खण्ड ९. अन्य औद्योगिक सेवाबापत खर्च रकम ........ ३०
खण्ड १०. अन्य औद्योगिक सेवाबाट प्राप्त रकम ........ ३४
खण्ड ११. अप्रत्यक्ष कर ........ ३६
खण्ड १२. स्थायी सम्पत्तिको विवरण ........ ३६
खण्ड १३. अनुसन्धान तथा विकास ........ ४०
खण्ड १४. उत्पादन क्षमताको उपयोग ........ ४०
खण्ड १५. वातावरण तथा फोहर व्यवस्थापन सम्बन्धी विवरण ........ ४२
खण्ड १६. उद्योग प्रतिष्ठानलाई व्यावसायिक प्रभाव पार्ने पक्षहरू ........ ४४
खण्ड १७. विविध ........ ४४
भरिएको फाराम जाँच गर्दा ध्यान पुऱ्याउनु पर्ने महत्वपूर्ण कुराहरू ........ ४७
अनुसूची १: प्रदेश र जिल्लाको कोड ........ ४९
अनुसूची २: नेपालस्तरीय औद्योगिक वर्गीकरणको चार अङ्कको कोड ........ ५०

# पृष्ठभूमि

आर्थिक विकासको मेरुदण्ड मानिएको औद्योगिक क्षेत्रमा रहेको रोजगारीको अवस्था, राष्ट्रिय आयमा पुऱ्याएको योगदान र अन्तरसम्बन्धित क्षेत्रको विकासका लागि औद्योगिक तथ्याङ्कको महत्वपूर्ण भुमिका रहन्छ । त्यस्तै तथ्यमा आधारित औद्योगिक नीति निर्माण तथा योजना तर्जुमा गर्न समय सान्दर्भिक र वस्तुनिष्ठ औद्योगिक तथ्याङ्क आवश्यक पर्दछ । यसलाई मध्यनजरमा राखी नेपाल सरकारद्वारा नियमितरूपमा औद्योगिक गणना तथा सर्वेक्षणमार्फत औद्योगिक प्रतिष्ठानसम्बन्धी आवश्यक तथ्याङ्क उपलब्ध गराउदै आइरहेको छ । नेपालमा प्रथम औद्योगिक गणना वि.सं. २०२२ सालमा सम्पन्न भएको थियो । त्यसपछि वि.सं. २०३०, २०३४, २०३९, २०४४, २०४९, २०५४, २०५९, २०६४ र २०६९ सम्ममा दशौं औद्योगिक गणना सम्पन्न भईसकेका छन् । त्यस्तै प्रथम औद्योगिक सर्वेक्षण वि.सं. २०२९ सालमा सम्पन्न भएको थियो । त्यसपछि वि.सं. २०३९, २०४८, २०५६ र २०६६ सम्ममा पाँचौ औद्योगिक सर्वेक्षण सम्पन्न भईसकेका छन् । दश वा सो भन्दा वढी कर्मचारी संलग्न भएका ठूला उद्योग प्रतिष्ठानहरू औद्योगिक गणनामा र १० भन्दा कम कामदारहरू संलग्न भएका साना औद्योगिक प्रतिष्ठानहरू औद्योगिक सर्वेक्षणमा समेटिएको थियो । साथै ती दुवै गणना तथा सर्वेक्षणमा उत्पादनशिल औद्योगिक प्रतिष्ठान (Manufacturing Establishment) लाई मात्र समेटिएको थियो ।

हाल सञ्चालन गर्न लागेको राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ मा विगतका गणना तथा सर्वेक्षणको दायरालाई फराकिलो पार्दै नेपाल स्तरिय औद्योगिक वर्गीकरण (Nepal Standard Industrial Classification, NSIC) मा समावेस गरिएका चार औद्योगिक क्रियाकलापहरू B खानी तथा उत्खनन्, C औद्योगिक उत्पादन, D विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा, E पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरू अन्तर्गत पर्ने सबै ठूला तथा साना उद्योग प्रतिष्ठानहरूलाई समावेश गरिएको छ । यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरू औद्योगिक क्षेत्रको संरक्षण, संवर्द्धन र विकासका नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्याङ्कनका लागि उपयोगी हुनुका साथै यस क्षेत्रका अनुसन्धानकर्ता, उद्योगपति, विद्यार्थी र यस क्षेत्रमा चासो राख्ने सबै सरोकारवाला व्यक्तिहरूलाई पनि महत्वपूर्ण हुने विश्वास लिइएको छ ।

औद्योगिक सर्वेक्षण प्रयोजनको निमित्त तयार पारिएका प्रश्नावलीभित्र रहेका प्राविधिक एवं सैद्धान्तिक कुराहरूलाई सकेसम्म स्पष्ट पारी सहजपूर्वक गणना कार्य सम्पन्न गर्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको छ । गुणस्तरीय तथ्याङ्क सङ्कलन गर्न गराउन गणनामा संलग्न हुने सबैका लागि यो निर्देशिका सहयोगी हुनेछ ।

**राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को उद्देश्य**

यस सर्वेक्षणको मुख्य उद्देश्य देशभरी सन्दर्भ अवधि (आ.व.२०७५/७६) मा सञ्चालनमा रहेका साना तथा ठूला सवै उद्योग प्रतिष्ठानहरूको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, व्यवस्थापन, प्रकाशन तथा वितरण गर्ने र अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान मापन गर्नुका साथै नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता तथा अन्य प्रयोगकर्ताहरूलाई आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराउनु हो । यसका अतिरिक्त सर्वेक्षणका विशिष्ट (Specific) उद्देश्यहरू निम्नानुसार छन् ।

१. चालु अवस्थामा रहेका अर्थतन्त्रभित्र रहेको औद्योगिक प्रतिष्ठानहरूको संरचनागत स्थिति पहिल्याउनुका साथै औद्योगिक तथ्याङ्कहरू नेपालस्तरीय औद्योगिक वर्गीकरणअनुसार उपलब्ध गराउनु ।

२. औद्योगिक प्रतिष्ठानहरूमा रहेको रोजगारीसम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु ।

३. औद्योगिक प्रतिष्ठानले उत्पादन गरेका वस्तु तथा सेवाहरूको Central Product Classification (CPC) अनुसार तथ्याङ्क उपलब्ध गराउनु ।

४. औद्योगिक प्रतिष्ठानहरूमा भएको लगानी, कच्चापदार्थ तथा सञ्चालन खर्च, उत्पादित वस्तुको बिक्री, मौज्दात, स्थायी सम्पत्ति आदि विविध विषयमा जानकारी गराउनु ।

५. औद्योगिक प्रतिष्ठानको आगत मूल्य (Input value), निर्गत मूल्य (Output value) र मूल्य अभिवृद्धि (Value added) का अनुमानहरू उपलब्ध गराउनु ।

६. नयाँ प्रविधि तथा विकासका लागि भएको अध्ययन अनुसन्धान आदिमा गरेको लगानीका विषयमा जानकारी गराउनु ।

७. औद्योगिक प्रतिष्ठानहरूको वातावरणसम्बन्धी व्यवस्थापन अवस्थाको जानकारी गराउनु ।

८. यस क्षेत्रमा विद्यमान समस्या पहिचान गरी सोको असरका बारेमा जानकारी गराउनु ।

**औद्योगिक प्रतिष्ठानको परिभाषा**

राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को सन्दर्भमा "औद्योगिक प्रतिष्ठान" भन्नाले एउटै प्रशासनिक नियन्त्रणमा कुनै निश्चित स्थानमा रही वस्तु तथा सेवा उत्पादन कार्य गर्ने NSIC को खण्ड B, C, D र E सँग सम्बन्धित आर्थिक एकाइलाई बुझाउँछ । औद्योगिक प्रतिष्ठानले गर्ने वस्तु तथा सेवा उत्पादन सम्बन्धी क्रियाकलापलाई अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरण (International Standard Industrial Classiication, ISIC rev. 4) को खण्ड B, C, D र E अन्तर्गत देहायअनुसार वर्गीकरण गरिएको छ । उदाहरणको लागि यी खण्ड अन्तर्गतका औद्योगिक प्रतिष्ठानहरू निम्नअनुसार रहेका छन् ।

| Section | ISIC | Economic Activities | आर्थिक क्रियाकलाप | औद्योगिक प्रतिष्ठानहरूको उदाहरण |
|---|---|---|---|---|
| B | 05 | Mining of coal and lignite | पत्थरकोइला र लिगनाईट (नरम कोइला) को उत्खनन | कञ्चन कोल प्राइभेट लिमिटेड |
| B | 07 | Mining of other non-ferrous metal ores | गैरफलाम अन्य कच्चा धातुहरूको उत्खनन | पशुपती माईनिङ कम्पनी लिमिटेड |
| B | 08 | Quarrying of stone, sand and clay | ढुंगा, बालुवा र माटो उत्खनन | पशुपती माईनिङ कम्पनी प्राईभेट लिमिटेड |
| C | 10 | Manufacture of food product | खाद्य वस्तुको उत्पादन | पशुपति खाद्य तथा तेल उद्योग प्रा.लि., श्रीराम जानकी डेरी उद्योग, विजय सेलर मिल, बाबा विस्कुट प्रा. लि., अन्नपूर्ण चिया उद्योग |
| C | 11 | Manufacture of beverages | मदिरा तथा पेय पदार्थ उत्पादन | गोरखा ब्रुअरी, हिमालयन स्प्रीङ्ग मिनिरल बाटर कम्पनी, वोटलर्स नेपाल जस्ता उद्योग |
| C | 12 | Manufacture of tobacco products | सूर्तिजन्य पदार्थको उत्पादन | सुर्य नेपाल प्रा.लि., सीताराम बिंडी उद्योग |

| Section | ISIC | Economic Activities | आर्थिक क्रियाकलाप | औद्योगिक प्रतिष्ठानहरूको उदाहरण |
|---|---|---|---|---|
| C | 13 | Manufacture of textiles | कपडाको उत्पादन | मेची ईष्टर्न कार्पेट ईण्डष्ट्रीज प्रा.लि., जगदम्बा टेक्सटाईल ईण्डष्ट्रीज प्रा.लि., जयकमल होजियारी ईण्डष्ट्रीज, बाबा जुट मिल |
| C | 14 | Manufacture of wearing apparel | लगाउने पोशाकको उत्पादन | नेपाल टोपी उद्योग, मोडर्न तयारी पोशाक उद्योग, ममता फेसन उद्योग |
| C | 15 | Manufacture of leather and related products | छाला र छालाजन्य वस्तु उत्पादन | युनिभर्सल लेदर ईण्डष्ट्रीज प्रा.लि., बिराटनगर सु कम्पनी |
| C | 16 | Manufacture of wood and of products of wood and cork, except furniture; Manufacture of articles of straw and plaiting materials | फर्निचर बाहेक काठ र कर्कको उत्पादन; पराल एवं छ्वालीवाट निर्मित वस्तुहरू | भुवनेश्वरी स-मिल, पशुपति प्लाईउड ईण्डष्ट्रीज पप्पु समिल चिरान मिल |
| C | 17 | Manufacture of paper and paper product | कागज र कागजजन्य वस्तु उत्पादन | सहदेव नेपाल हाते कागज उद्योग, प्रविन पेपर प्याकेजिङ्ग ईण्डष्ट्रीज |
| C | 18 | Printing and reproduction of recorded media | छपाई र रेकर्डेड साधनको प्रतिलिपी उत्पादन | सिद्धार्थ अपसेट प्रेस प्रा.लि., अन्तु प्रकाशन प्रा.लि. |
| C | 19 | Manufacture of coke and refined fuel petroleum | कोईला, प्रशोधित पेट्रोलियम पदार्थ उत्पादन | नेपाल बिटुमिन एण्ड बेरल उद्योग |
| C | 20 | Manufacture of chemical and chemical product | रसायन र रासायनिक वस्तुहरूको उत्पादन | नेपाल रोजिन एण्ड टर्पेण्टाइन लि., शिवशक्ति सोप ईण्डष्ट्रीज |
| C | 21 | Manufacture of basic pharmaceutical products and pharmaceutical preparation | आधारभूत औषधीको उत्पादन र औषधी तयार गर्ने | मनोज फर्मास्यूटीकल, त्रिशक्ति फर्मास्यूटीकल |
| C | 22 | Manufacture of rubber and plastic products | रबर वा प्लाष्टिकका सामाग्री उत्पादन | बाग्मती रबर उद्योग, लक्ष्मी प्लाष्टिक प्रा.लि., गंगादेवी प्लाष्टिक उद्योग, ईन्द्र प्लाष्टिक उद्योग |
| C | 23 | Manufacture of other non-metalic minaral product | गैरधातुका खनिजहरू उत्पादन | जनता ईंटा टायल उद्योग, पूर्णगिरी टायल उद्योग |
| C | 24 | Manufacture of basic metal | मुख्य धातुहरूको उत्पादन | बुटवल आल्मुनियम उद्योग |
| C | 25 | Manufacture of fabricated metal products, except machinary and equipment | मेशिनरी र उपकरण बाहेकका विभिन्न ढाँचा र बुट्टामा बनेका वा फेब्रीकेट गरिएका धातुका वस्तुहरू उत्पादन | सन्तोष ग्रिल उद्योग, हिक्मत तामा भाँडा उत्पादन उद्योग, जगदम्बा स्टील प्रा.लि. |

| Section | ISIC | Economic Activities | आर्थिक क्रियाकलाप | औद्योगिक प्रतिष्ठानहरूको उदाहरण |
|---|---|---|---|---|
| C | 26 | Manufacture of computer, electronic and optical products | कम्प्यूटर, इलेक्ट्रोनिक र अप्टिकल उत्पादन | सी जी इलेक्ट्रोनिक्स |
| C | 27 | Manufacture of electrical equipement | विद्युतीय उपकरण उत्पादन | लुम्बिनी केवल ईण्डष्ट्रीज प्रा.लि., त्रिशक्ति वायर ईण्डष्ट्रीज प्रा.लि |
| C | 28 | Manufacture of machinary and equipment n .e .c | अन्यत्र उल्लेख नगरिएका मेसिन तथा उपकरण उत्पादन | सानी स्टोभ उद्योग |
| C | 29 | Manufacture of motor vehicles, trailers and semi - trailers | मोटर गाडी, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलर उत्पादन | राधा टेक्टर पार्टस् सप्लायर्स |
| C | 30 | Manufacture of other transport equipment | अन्य यातायातका उपकरणको उत्पादन | हिमाल अटो ईण्डस्ट्रीज, कोहीनुर मेटल उद्योग |
| C | 31 | Manufacture of furniture | फर्निचर उत्पादन | गणेश काष्ठ फर्निचर उद्योग, न्यू सरस्वती फर्निचर उद्योग |
| C | 32 | Other manufacturing | अन्य उत्पादन | मिथिला सुनचाँदी पसल |
| C | 33 | Repair and installation of machinery and equipment | मेसिन तथा उपकरणको जडान र मर्मत | बासु मेसिनरी मर्मत सेन्टर |
| D | 35 | Electric power generation, transmission and distribution; Manufacture of gas; distribution of gaseous fuels through mains | विद्युत् उत्पादन, प्रसारण तथा वितरण; ग्याँसको उत्पादन, मुख्य वितरण प्रणालीद्वारा ग्याँस इन्धनको वितरण | फलातेखोला लघुजलविद्यत् परियोजना, घट्टेखोला लघुजलविद्यत्;<br>महिला गोवर ग्याँस कम्पनी प्रा.लि. |
| E | 36 | Water collection, treatment and supply | पानीको सङ्कलन, शुद्धीकरण तथा आपूर्ति | तुलसीपुर खानेपानी उपभोक्ता समूह, जडीखोला खानेपानी उपभोक्ता समिति, दोवरखोला खानेपानी आयोजना |
| E | 37 | Sewerage | ढलनिकास | सिराहा सेफ्टि टेक्की सरसफाई सेवा, सूर्य दर्शन सरसफाई सेवा |
| E | 38 | Waste collection; Treatment and disposal of non-hazardous waste; Materials recovery | फोहर सङ्कलन; गैर हानिकारक फोहरको प्रशोधन र विसर्जन; सामग्री पुनः प्राप्ति | कवाडी सामानको थोक बजार, कवाडी सङ्कलन तथा बिक्री, जगदीश कवाडी पसल, किर्तिपुर फोहर व्यवस्थापन सेवा, फोहरपानी शुद्धिकरण प्लान्ट; अस्मिता रिसाइकिल कपास उद्योग, गोल्कोपाखा कवाडी पसल |
| E | 39 | Remediation activities and other waste management activities | उपचारात्मक क्रियाकलापहरू तथा अन्य फोहर व्यवस्थापन गर्ने सेवाहरू | |

**सन्दर्भ अवधि**

- ❖ यस राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ को विवरण सङ्कलनका लागि सन्दर्भ अवधि २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्तसम्म (आर्थिक वर्ष २०७५/७६) तोकिएको छ ।
- ❖ तर सलग्न कर्मचारीको संख्या उल्लेख गर्दा देहायबमोजिम गर्नुपर्दछ ।
  - कर्मचारीको संख्या उल्लेख गर्दा २०७५ साल माघ १ गते र सो दिन बिदा परेको भए सोको लगत्तै खुलेको दिनमा उद्योग प्रतिष्ठानको हाजिरी किताबमा उल्लेख भएअनुसारको संख्या उल्लेख गर्नु पर्नेछ ।
  - कुनै प्रतिष्ठानहरू मौसमी (Seasonal) प्रकृतिका रहेछन् भने कर्मचारीको संख्या उल्लेख गर्दा उत्पादन हुने सिजनको मध्य महिनाको १ गते लिनुपर्दछ । उदाहरणको लागि मंसिर, पौष र माघमा मात्र सञ्चालन हुने उद्योगको हकमा सन्दर्भ दिन पौष १ गतेलाई लिनुपर्दछ ।

**बाहिरी पानाको विवरण (Cover page) :**

प्रश्नावलीको बाहिरी पानामा उल्लेख भएको जिल्ला कोड र प्रतिष्ठान क्रमसंख्या विभागबाट दिएको सूचीको आधारमा भर्नु पर्दछ ।

## खण्ड १ : परिचयात्मक विवरण

### १.०१ प्रतिष्ठानको नाम (Name of the establishment):

प्रतिष्ठानको नाम लेख्दा उक्त प्रतिष्ठान दर्ता गर्दा वा साईनबोर्डमा लेखिएको नाम नेपाली र अंग्रेजी दुबैमा लेख्नुपर्दछ । यदि दर्ता वा साईनबोर्ड नभएको अवस्थामा प्रतिष्ठानले प्रयोग गर्ने रसिद, छाप, लेटर प्याडमा उल्लेखित नाम लेख्नुपर्दछ । अन्यथा हाललाई त्यो प्रतिष्ठानलाई जुन नामले चिनिन्छ सोही नाम उल्लेख गर्नुपर्दछ ।

यस सर्वेक्षणमा गणक कर्मचारीलाई गणना गर्नु अगाडी नै गणना गर्नुपर्ने प्रतिष्ठानको सूची उपलब्ध गराइने हुँदा सोही बमोजिम प्रतिष्ठानको नाम यकिन गरी यहाँ लेख्नुपर्दछ । यदि गणकसँग भएको सूची भन्दा वास्तविक नाममा त्रुटि भए सोसमेत सच्याई लेख्नुपर्दछ । प्रतिष्ठानको नाम छोटकरीमा नलेखि पुरा नाम लेख्नुपर्दछ ।

### १.०२ दर्ता भएको निकाय:

यस प्रश्नले प्रतिष्ठानको दर्ताको अवस्था बुझ्न खोजिएको हो । एउटै प्रतिष्ठान पनि एक वा एकभन्दा बढी निकायहरूमा दर्ता भएको हुनसक्छ । एउटा मात्र निकायमा दर्ता भएको भए सो निकायको नाम उल्लेख गर्नुपर्दछ । यदि दुई वा सोभन्दा बढी निकायमा दर्ता भएको रहेछ भने जुन निकायमा सुरुमा दर्ता भएको हो सोही नाम उल्लेख गर्नुपर्दछ । यहाँ दिइएको कोठामा केही नलेखी विभागीय प्रयोजनकालागि छाडनु पर्दछ भने खालि दिएको ठाउँमा दर्ता भएको निकायको नाम लेख्नुपर्दछ । दर्ता नगरी सञ्चालन भएका उद्योग प्रतिष्ठानको हकमा खालि ठाउँमा दर्ता नभएको लेख्नुपर्दछ ।

**१.०३ दर्ता/रजिष्ट्रेशन नं.:**

यस प्रश्नमा सम्बन्धित उद्योग प्रतिष्ठान जुन निकायमा दर्ता भएको हो सोही निकायमा दर्ता गर्दा प्राप्त दर्ता (रजिष्ट्रेशन) नम्बर यहाँ लेख्नुपर्दछ । दर्ता नगरी सञ्चालन भएका उद्योग प्रतिष्ठानको हकमा खाली ठाउँमा "X" चिह्न लेख्नुपर्दछ ।

**१.०४ स्थायी लेखा नम्बर :**

आन्तरिक राजस्व कार्यालय वा सोको प्रतिनिधिको रूपमा अन्य कार्यालयबाट जारी भएको प्रतिष्ठान/व्यवसायको स्थायी लेखा नम्बर लेख्नुपर्दछ । यदि आन्तरिक राजस्व कार्यालय वा यसको प्रतिनिधिको रूपमा रहेका अन्य कार्यालयमा दर्ता भै स्थायी लेखा नम्बर लिएको कुनै व्यक्तिले उक्त स्थायी लेखा नम्बर निजले सञ्चालन गरेको प्रतिष्ठानले प्रयोग गरेको रहेछ भने उक्त प्रतिष्ठान आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको मान्नुपर्दछ ।

**१.०५ प्रदेश :**

प्रतिष्ठान हाल सञ्चालनमा रहेको प्रदेशको नाम र सम्बन्धित प्रदेश कोड उल्लेख गर्नुपर्दछ । यदि कार्यालय र उत्पादन एकाइ अलग अलग प्रदेश भएमा उत्पादन एकाइ भएको प्रदेशको नाम र कोड उल्लेख गर्नुपर्दछ ।

**१.०६ जिल्ला :**

यस प्रश्नमा सम्बन्धित उद्योग प्रतिष्ठान हाल सञ्चालनमा रहेको जिल्लाको नाम र कोड यकिन गरी यहाँ उल्लेख गर्नुपर्दछ । यदि कुनै उद्योग प्रतिष्ठान एकभन्दा बढी जिल्लामा पर्ने अवस्था रहेछ भने सो अवस्थामा सन्दर्भ अवधिमा सबैभन्दा बढी उत्पादन भएको स्थान उल्लेख गर्नुपर्दछ ।

**१.०७ गाउँपालिका/नगरपालिका :**

सम्बन्धित उद्योग प्रतिष्ठान हाल कुन गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा सञ्चालन भइरहेको छ सो यकिन गरि उक्त नाम र कोड नम्बर यंहाँ उल्लेख गर्नुपर्दछ । एकभन्दा बढी गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा प्रतिष्ठान सञ्चालन भएको भए सन्दर्भ अवधिमा सबैभन्दा बढी उत्पादन भएको स्थान उल्लेख गर्नुपर्दछ ।

**१.०८ वडा नं.:**

यस प्रश्नमा सम्बन्धित उद्योग प्रतिष्ठान हाल जुन वडामा सञ्चालन भैरहेको छ सोही वडाको नम्बर दिइएको कोठामा खुलाउनुपर्दछ ।

**१.०९ गाउँ/बस्ती/टोल :**

गणना गरिने उद्योग प्रतिष्ठान अवस्थित गाउँ/बस्ती/टोलको नाम यहाँ लेख्नुपर्दछ ।

**१.१० फोन/मोवाइल नं.:**

यस प्रश्नमा सम्बन्धित उद्योग प्रतिष्ठानले हाल प्रयोग गरिरहेको (चालू अवस्थामा रहेको) टेलिफोन (Land line) नम्बर लेख्नुपर्दछ। टेलिफोन (Land line) नम्बर नभएमा उद्योग प्रतिष्ठानको नामको वा उद्यमी (व्यबसाय धनी) को मोवाइल नम्बर भए पनि यहाँ उल्लेख गर्नुपर्दछ। यदि कुनै पनि किसिमको सम्पर्क नम्बर नभएमा खाली ठाउँमा "X" चिह्न लेख्नुपर्दछ।

**१.११ फ्याक्स नं.:**

उद्योग प्रतिष्ठानले फ्याक्स राखेको भए सोको नम्बर यहाँ लेख्नुपर्दछ। अन्यथा खाली ठाउँमा "X" चिह्न लेख्नुपर्दछ।

**१.१२ ईमेल :**

यस प्रश्नमा सम्बन्धित उद्योग प्रतिष्ठानले हाल प्रयोग गरिरहेको (चालू अवस्थामा रहेको) उद्योग प्रतिष्ठानको मुख्य एउटा ईमेल ठेगाना लेख्नुपर्दछ। अन्यथा कुनै पनि किसिमको ईमेल ठेगाना नभएमा खाली ठाउँमा "X" चिह्न लेख्नुपर्दछ। जस्तै : abc@gmail.com

**१.१३ वेबसाइट :**

उद्योग प्रतिष्ठानको वेबसाइट भए सो यहाँ खुलाउनुपर्दछ तर वेवसाइट नभएको खण्डमा खाली ठाउँमा "X" चिह्न लेख्नुपर्दछ। जस्तैः www.abc.com ,

**१.१४ प्रतिष्ठान सञ्चालन मिति वि.सं. (साल ................/ महिना ....... / गते .........) :**

कुनै पनि उद्योग प्रतिष्ठानको दर्ता मिति र सञ्चालन मिति फरक हुनसक्छ। केहि उद्योगहरू दर्ता गरेको धेरै समय पछि मात्र सञ्चालन भएको पनि हुन सक्छ। तर यस प्रश्नले उद्योग सञ्चालन भएको मिति सोधेको हुनाले उद्योग प्रतिष्ठानले जहिलेदेखि उत्पादन कार्य सुरु गरेको हो सोही मिति यसमा खुलाउनुपर्नेछ। उत्पादन सुरु नभएको उद्योग प्रतिष्ठानको हकमा उद्योग स्थापना गर्नको लागि कर्मचारी भर्ना गरी स्थायी सम्पत्ति जोडी काम सुरु भएको छ भने पनि सो कहिले सुरु भएको हो सोही मिति लेख्नुपर्दछ। उद्योग प्रतिष्ठानको सञ्चालन मिति लेख्दा वि.सं. मा लेख्नुपर्दछ।

**१.१५ सम्पर्क ठेगाना :**

प्रतिष्ठानको तथ्याङ्क वा सूचनाहरू उपलब्ध गराउन सक्ने कार्यालय, सम्बन्धित व्यक्ति वा कर्मचारीको नाम, पद र सम्पर्क फोन, कार्यालय र यसको ठेगाना यहाँ उल्लेख गर्नुपर्दछ। प्रतिष्ठान सञ्चालन भएको स्थान बाहेक अन्यत्र कुनै ठाउँमा सम्बन्धित उद्योगको लेखा वा प्रशासनिक कार्य गर्ने कार्यालय भए जहाँबाट प्रश्नावली भर्न सहज हुन्छ वा सूचनाहरू उपलब्ध हुन्छ त्यसै कार्यालयलाई नै सम्पर्क कार्यालय मान्नुपर्दछ।

गणना कार्य सञ्चालन गर्दा वा भरिएका प्रश्नावलीमा केही सोधपुछ गर्नुपरेको खण्डमा सम्बन्धित प्रतिष्ठानसँग सम्पर्क गर्नका लागि उद्योग प्रतिष्ठानले नै तोकिदिएको कार्यालय (सम्पर्क कार्यालय) अन्तर्गतको तोकिएको

कर्मचारी, सो कर्मचारीको पद र निजले प्रयोग गरिरहेको मोवाइल/फोन नम्बर यसअन्तर्गत अनिवार्य उल्लेख गर्नुपर्दछ ।

**१.१६ यो प्रतिष्ठान कुन क्षेत्रमा सञ्चालन भएको छ ?**

कुनै पनि प्रतिष्ठानहरू निश्चित स्थान तथा हातामा सञ्चालित भएका हुन्छन् । सबै प्रतिष्ठानहरूको उत्पादन कार्य, प्रशासनिक कार्य वा व्यापारीक कार्यहरू एकै ठाउँबाट नभई फरक फरक ठाउँबाट सञ्चालन भएका हुन सक्दछन् । यस प्रश्नमा प्रतिष्ठानको मुख्य वस्तु तथा सेवा उत्पादन हुने ठाँउ कहाँ अवस्थित छ सो स्थानलाई उल्लेख गर्नुपर्दछ । यहाँ उद्योग सञ्चालन हुने स्थानहरूलाई मुख्यतया ४ वर्गमा विभाजन गरिएको छ । यीमध्ये तथ्याङ्क सङ्कलन गर्न लागिएको उद्योग प्रतिष्ठानको मुख्य वस्तु तथा सेवा उत्पादन कुन स्थानमा सञ्चालन भैरहेको छ सोको यकिन गरि उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ ।

**१. औद्योगिक क्षेत्र** : यस प्रश्नमा औद्योगिक क्षेत्र भन्नाले नेपाल सरकारले औद्योगिक क्षेत्र भनी घोषणा गरेका क्षेत्रलाई जनाउँदछ । जस्तैः बालाजु, पाटन, भक्तपुर, हेटौडा, बुटवल, धरान, राजविराज, धनगढी, धनकुटा, विरेन्द्रनगर, नेपालगज, र पोखरा आदिजस्ता औद्योगिक क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योगहरूलाई यसअन्तर्गत राखी कोड १ मा गोलो घेरा लगाउनुपर्दछ ।

**२. औद्योगिक कोरीडोर :** यस प्रश्नमा नेपाल सरकारले औद्योगिक कोरिडोर भनि घोषणा गरेका सुनसरी–मोरङ्ग, वीरगञ्ज–पथलैया, वुटवल–भैरहवा, कोहलपुर–नेपालगंज, धनगढी–अत्तरिया आदि क्षेत्रलाई औद्योगिक कोरीडोरको रूपमा लिइएको छ । तसर्थ यस्तो क्षेत्रभित्र संचालित उद्योगको हकमा कोड २ मा गोलो घेरा लगाउनुपर्छ ।

**३. विशेष आर्थिक क्षेत्र :** नेपाल सरकारले विशेष आर्थिक क्षेत्र भनी घोषणा गरेका क्षेत्र जस्तैः पाँचखाल, पर्सा, रुपन्देही आदिमा संचालित उद्योगहरूलाई यसअन्तर्गत राख्नुपर्छ ।

**४. अन्य (खुलाउने** .....) : माथि उल्लेख गरिएका बाहेकका स्थानहरू यसअन्तर्गत पर्दछन् । जस्तै वजार क्षेत्र, आवास क्षेत्र आदि यस्ता स्थानमा संचालित उद्योगहरूलाई यस वर्गमा राखी कोड ४ मा गोलो घेरा लगाई कुन क्षेत्र हो सोसमेत उल्लेख गर्नुपर्दछ ।

**१.१७ यस प्रतिष्ठानको वैधानिक स्थिति (Legal status) कुन हो ?**

कुनै पनि उद्योग स्थापना एवं सञ्चालन गर्दा एउटा निश्चित व्यवस्थापन पद्धतिमा रहेर वा कानूनी आधारलाई टेकेर स्थापना गर्नुपर्ने हुन्छ । सोही पद्धति वा कानूनी आधारलाई यहाँ वैधानिक स्थिति भनिएको छ । यस प्रश्नमा वैधानिक स्थितिलाई ६ वर्गमा विभाजन गरिएको छ । तसर्थ सम्बन्धित औद्योगिक प्रतिष्ठानको वैधानिक स्थिति कुन हो सोको यकिन गरी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ ।

**१. व्यक्तिगत :** कुनै एक व्यक्तिले एकलौटी रूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैँले व्यहोर्ने गरी प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अनुसार सञ्चालन गरिरहेका प्रतिष्ठानहरू व्यक्तिगत प्रतिष्ठान हुन् । यस्तो वैधानिक स्थितिमा संचालित उद्योग प्रतिष्ठानहरूलाई व्यक्तिगत प्रतिष्ठान मानी कोड १ मा गोलो घेरा लगाउनुपर्छ । यदि दर्ता नभई व्यक्तिगतरूपमा सञ्चालनमा रहेका भएमा पनि यसैअन्तर्गत समावेश गर्नुपर्दछ ।

**नोटः यदि वैधानिक स्थितिमा व्यक्तिगत (कोड १) आएमा सिधै प्रश्न नं. १.१८ सोध्नुपर्दछ ।**

**२. साझेदारी :** दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर गरिएको सम्झौताको आधारमा प्रचलित साझेदारी ऐन, २०२० बमोजिम खोलिएको उद्योग प्रतिष्ठानलाई साझेदारी मानिन्छ ।

**३. प्राइभेट लिमिटेड :** "प्राइभेट लिमिटेड" भन्नाले उद्योग प्रतिष्ठानको शेयर र डिबेन्चर शेयरवाला बाहेक जस्ले पनि खरिद बिक्री गर्न नपाउने र प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा गरेको व्यवस्थाअनुसार आफ्नो धितोपत्र आफ्नै शेयरवालाहरूबाहेक अन्य व्यक्तिलाई धितोबन्धक राखी वा कुनै किसिमले हक छाड्न नहुने गरि बढीमा ५० जनासम्म मिलेर कम्पनी ऐन, २०६३ अनुसार स्थापित भएको उद्योगलाई सम्झनुपर्दछ । यस्ता प्रतिष्ठानहरूको नामको पछाडी "प्राइभेट लिमिटेड" वा "प्रा.लि." भन्ने शव्द जोडिएको हुन्छ । जस्तैः मित्तल चिया उद्योग प्रा.लि., बाबा जुट मिल प्रा.लि., स्वस्तिक ट्रान्सफर्मर प्रा.लि. आदि ।

**४. पब्लिक लिमिटेड :** उद्योग प्रतिष्ठानको हिस्सा सर्वसाधारण जसले पनि खरिद बिक्री गर्न र व्यवस्थापनको मञ्जुरी नलिईकन पनि एक अर्काको नाममा आफ्नो हिस्सा नामसारी गर्न पाइने कम्पनी ऐन, २०६३ बमोजिम कम्तीमा सात जना मिलेर खोलेको उद्योग प्रतिष्ठानलाई पब्लिक लिमिटेड उद्योग मान्नुपर्दछ । यस्ता उद्योग प्रतिष्ठानहरूको नामको पछाडी साधारणतया "लि." अथवा "लिमिटेड" भन्ने शब्द जोडिएको हुन्छ । जस्तैः श्री बिराटनगर जुट मिल्स लिमिटेड, नेपाल रोजिन एण्ड टर्पेनटाइन लिमिटेड आदि ।

**५. सहकारी :** सहकारी ऐन २०४८ अनुसार स्वेच्छापूर्वक, समानता र स्वतन्त्रताको आधारमा एकआपसमा मिलेर आफ्नो आर्थिक समुन्नतिको लागि सामूहिक प्रयास गर्न स्थापित वोर्ड वा संस्था नै सहकारी हो । यसको मूलमन्त्र "सबैको लागि एक र एकको लागि सबै" हो । सुपथ मूल्यमा वस्तु तथा सेवा प्रदान गर्नु सहकारीको मुख्य उद्देश्य हो अर्थात यसमा नाफाको उद्देश्यभन्दा पनि सेवाको उद्देश्य प्रमुख रहेको हुन्छ । माथि उल्लेखित उद्देश्यबाट अभिप्रेरित भएर सहकारी ऐन, २०४८ अनुसार दर्ता भई सञ्चालनमा रहेका उद्योग प्रतिष्ठानहरूलाई यस शीर्षकअन्तर्गत समावेश गर्नुपर्दछ ।

**६. सरकारी :** सरकारी भन्नाले संघ, प्रदेश वा स्थानीय तहको पूर्ण लगानीमा संचालित वा विदेशी संस्थाद्धारा स्थापना भई सरकारको पूर्ण स्वामित्व हुने गरी हस्तान्तरण गरिएका प्रतिष्ठानलाई बुझ्नुपर्दछ ।

७. **अन्य (खुलाउने ........)** : माथि उल्लिखित वैधानिक स्थिति वा कानूनी आधारहरूबाहेक अरु कुनै प्रकारले संगठित भएको प्रतिष्ठान वा दर्ता नभई सञ्चालन भएका उद्योग प्रतिष्ठानलाई पनि यसअन्तर्गत खुलाउनुपर्दछ ।

### १.१८ व्यक्तिगत वैधानिक स्थिति रहेको प्रतिष्ठान हाल महिला वा पुरुष कसको नाममा रहेको छ ?

प्रश्न नं. १.१६ को वर्गीकरणमा व्यक्तिगत अर्थात कोड १ आएमा त्यस्ता उद्योग प्रतिष्ठानहरू सन्दर्भ अवधिमा महिला वा पुरुष कसको नाममा संचालित (दर्ता) भएको हो सोधी महिलाको नाममा भए कोड १ मा र पुरुषको नाममा भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

### १.१९ यस प्रतिष्ठानको स्वामित्व (Ownership) कस्तो प्रकारको हो ?

कुनै पनि प्रतिष्ठानको स्थापना, सञ्चालन तथा उत्पादन कार्य आदि गर्न स्वदेशी वा विदेशी व्यक्ति वा संघसंस्थाद्वारा वा संयुक्त रूपमा लगानी गरेको हुन्छ । त्यस्तो पूँजी लगानीको हैसियतलाई स्वामित्व भन्ने बुझ्नुपर्दछ । अर्को अर्थमा "स्वामित्व" भन्नाले प्रतिष्ठानको सम्पूर्ण पूँजी र त्यसको उत्पादनको अधिकारवाला भन्ने बुझाउँछ । यस गणनाको प्रयोजनको लागि स्वामित्वलाई ६ किसिमले विभाजन गरिएको छ । सम्बन्धित प्रतिष्ठान तल उल्लेखितमध्ये जसको स्वामित्वमा रहेको छ त्यसको सम्वन्धित कोडमा गोलो घेरा लगाउनु पर्दछ ।

**१. सरकारी :** सरकारी भन्नाले संघ, प्रदेश वा स्थानीय तहको पूर्ण लगानीमा संचालित वा विदेशी संस्थाद्धारा स्थापना भई सरकारको पूर्ण स्वामित्व हुने गरी हस्तान्तरण गरिएका साथै सरकारको स्वामित्व भएको संगठित संस्थाहरूलाई मात्र कम्पनीको शेयर बिक्री हुने गरी सरकारले स्थापना गरेका र त्यसको नाफा-नोक्सान सरकारले नै व्यहोर्ने गरी सञ्चालन भएका प्रतिष्ठानहरूलाई बुझ्नुपर्दछ । जस्तैः उदयपुर सिमेण्ट ।

**२. स्वदेशी निजी :** नेपाली नागरिक वा कम्पनीद्वारा पूर्णरूपले स्वदेशी निजीक्षेत्रको पूँजीबाट एकलौटी वा सगोल वा संयुक्त रूपमा सञ्चालन गरिएको प्रतिष्ठानलाई स्वदेशी निजी स्वामित्व भएको प्रतिष्ठान मानिनेछ । यस्ता प्रतिष्ठानमा सरकार वा कुनै विदेशीको पूँजी लगानी भएको हुँदैन । जस्तैः सन्तोष ग्रिल उद्योग, हिक्मत तामा भाँडा उत्पादन उद्योग, हुलास स्टिल ईण्डष्ट्रिज, आदि ।

**३. विदेशी निजी :** विदेशी नागरिक वा कम्पनीद्वारा पूर्णरूपले विदेशी निजीक्षेत्रको पूँजीबाट एकलौटी वा सगोल वा संयुक्त रूपमा सञ्चालन गरिएको प्रतिष्ठानलाई विदेशी निजी स्वामित्व भएको प्रतिष्ठान मानिनेछ । यस्ता प्रतिष्ठानमा विदेशी सरकारको कुनै पूँजी लगानी भएको हुँदैन । जस्तैः युनाइटेड ब्रुअरी प्रा.लि. (मकवानपुर) ।

**४. नेपाल सरकारसंग संयुक्त :** नेपाली वा विदेशी नागरिक वा कम्पनीको निजी पूँजी र नेपाल सरकारको पूँजी मिलाएर खोलिएको वा नेपाल सरकारसमेत हिस्सेदार भई सञ्चालन भएको कुनै पनि प्रतिष्ठानलाई नेपाल सरकारसँग संयुक्त स्वामित्व भएको भन्ने बुझ्नुपर्दछ । जस्तैः नेपाल ढलोट उद्योग (भक्तपुर), नेपाल चिया विकास निगम लिमिटेड (ईलाम), छङ्खु चिज उद्योग (दोलखा) आदि ।

**५. स्वदेशी निजी र विदेशी निजी :** स्वदेशी निजी र विदेशी निजी पूँजी मिलाएर स्थापना गरिएका उद्योग प्रतिष्ठानहरूलाई स्वदेशी निजी र विदेशी निजी उद्योगअन्तर्गत समावेश गर्नुपर्दछ । जस्तैः एशियन पेन्टस नेपाल प्रा.लि. (मकवानपुर), नेपाल युनिलिभर लिमिटेड (मकवानपुर) आदि ।

**६. अन्य (खुलाउने ..... ) :** माथि उल्लिखितबाहेक अन्य कुनै प्रकारको स्वामित्वको आधारमा उद्योग प्रतिष्ठानहरू सञ्चालन भएमा अन्य स्वामित्व भएको उद्योगअन्तर्गत समावेश गरी कोड ६ मा गोलो घेरा लगाई कस्तो खालको स्वामित्व हो सोसमेत खुलाउनुपर्दछ ।

### १.२० **यस प्रतिष्ठानले देहायको बौद्धिक सम्पत्ति प्राप्त गरेको छ ?**

नेपाल सरकारले पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ जारी गरी बौद्धिक सम्पत्तिलाई व्यवस्थित गरेको छ । उक्त ऐनमा बौद्धिक सम्पत्तिलाई पेटेन्ट, डिजाइन र ट्रेडमार्क गरी ३ भागमा वर्गीकरण गरिएको छ ।

१. **पेटेण्ट** : "पेटेण्ट" भन्नाले कुनै पदार्थ वा पदार्थ समूहको बनावट, सञ्चालन वा प्रसारको नयाँ उपाय वा तरिका सम्बन्धी वा कुनै नयाँ सिद्धान्त वा फर्मुलाद्वारा पत्ता लगाइएको कुनै उपयोगी सिर्जना वा आविष्कार सम्झनुपर्छ । प्रतिष्ठानले आफ्नो पहलमा यस्ता कार्य गरेबापत पेटेण्ट प्राप्त गरेको छ छैन सोही अनुरुप यहाँ उल्लेख गर्नुपर्दछ ।

२. **डिजाइन** : "डिजाइन" भन्नाले कुनै प्रकारले तयार गरी बनाईएको वस्तुको बिशेष छाँट, बनौट, रूप र आकार सम्झनुपर्छ ।

३. **ट्रेडमार्क** : "ट्रेडमार्क" भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरुको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिह्न वा चित्र वा शब्द, चिह्न र चित्र तीनै कुराको संयोग सम्झनुपर्छ ।

यस प्रश्नमा लहर १ मा पेटेण्ट लहर २ मा डिजाइन तथा लहर ३ मा ट्रेडमार्क प्राप्त गरेको छ वा छैन भनी सोधिएको छ । यदि माथि उल्लेखित चिह्न प्राप्त गरेको रहेछ भने कोड १ र छैन भने कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**१.२१ यस प्रतिष्ठानले निम्न गुणस्तर चिह्न (Quality standard logo) प्राप्त गरेको छ ?**

कुनै पनि प्रतिष्ठानले आफ्नो कुनै उत्पादित वस्तुको अर्न्तराष्ट्रिय गुणस्तर (ISO) वा नेपाल गुणस्तर (NS) प्रमाण चिह्न प्राप्त गरेको हुन सक्दछ । नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७ को दफा ४(ख) अनुसार नेपाल गुणस्तर परिषदले मान्यता दिएका प्रमाणपत्रहरूलाई नेपाल सरकारले मान्यता दिने भएकोले उद्योग प्रतिष्ठानहरूले त्यस्ता चिह्नहरू प्राप्त गरे नगरेको वारेमा सोधिएको छ । पहिलो लहरमा अर्न्तराष्ट्रिय गुणस्तर (ISO), दोश्रो लहरमा नेपाल गुणस्तर (NS) प्रमाण चिह्न प्राप्त गरेको छ वा छैन भनी सोधिएको छ भने तेश्रो लहरमा अन्य कुनै गुणस्तर चिह्न प्राप्त गरेको छ वा छैन भनी सोधिएको छ । उद्योग प्रतिष्ठानले प्रश्नावलीमा उल्लेखित गुणस्तर चिह्नहरू प्राप्त गरेको छ छैन सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ भने अन्यको हकमा गोलो घेरा लगाई गुणस्तरको नाम समेत लेख्नुपर्दछ ।

**१.२२ औद्योगिक व्यवसाय ऐन, २०७३ को आधारमा यस उद्योग प्रतिष्ठान कुन वर्गमा पर्दछ ?**

औद्योगिक व्यवसाय ऐन, २०७३ अनुसार उद्योग प्रतिष्ठानलाई लगानीको आधारमा ५ (पाँच) भागमा बाँडिएको छ। सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठान दर्ता हुँदा वा स्तरोन्नति भएपछि उक्त उद्योग कुन वर्गमा रहेको थियो, सोको आधारमा उपयुक्त कोडमा गोलो घेरा लगाउनुपर्दछ ।

**१. लघु उद्यम** : देहायको अवस्था भएको उद्योगलाई लघु उद्योग मानिनेछ :-

१) घर जग्गाबाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

३) उद्यमी सहित बढीमा नौजनासम्म कामदार रहेको,

४) वार्षिक कारोबार पचास लाख रुपैयाँभन्दा कम रहेको, र

५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको । तर अनुमति लिनुपर्ने तपसिल बमोजिमका उद्योगहरू यसअन्तर्गत पर्दैनन् ।

१. हातहतियार, गोलीगठ्ठा, बारुद उत्पादन गर्ने उद्योग,

२. विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,

३. सुरक्षात्मक छपाइ (सेक्युरिटी प्रिन्टिङ) मुद्रा तथा सिक्का उद्योग,

४. चुरोट, बिँडी, खैनी, सिँगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग,

५. बियर तथा मदिरा उत्पादन गर्ने उद्योग,

६. ढुंगा गिट्टी, बालुवा उत्खनन, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग,

७. रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग,

८. बहुमूल्य खनिज उत्खनन्, पेट्रोलियम पदार्थ उत्खनन् जस्ता उद्योग ।

**२. घरेलु उद्योग :** देहायको अवस्था भएको उद्योगलाई परम्परागत तथा घरेलु उद्योग मानिनेछ :-

१) परम्परागत सीप र प्रविधिमा आधारित,

२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

तपसिल बमोजिमका उद्योगहरू समेत घरेलु उद्योगहरूमा पर्दछन् ।

१. ह्याण्ड लूम, पेडल लूम, सेमी–अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाकबाहेक) र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हाते कागज र सोमा आधारित वस्तु,

३. परम्परागत कलामा आधारित वस्तु,

४. परम्परागत मूर्तिकला,

५. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू,

७. सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरू बहुमूल्य, अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),

८. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग/छालाबाट हस्त निर्मित वस्तुहरू,

९. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरू),

११. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने ईटा उद्योग ।

**३. साना उद्योग :** लघु उद्यम र परम्परागत तथा घरेलु उद्योगबाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग ।

**४. मझौला उद्योग :** दश करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग ।

**५. ठूला उद्योग :** पच्चीस करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग ।

**६. लागु नहुने :** औद्योगिक व्यवसाय ऐन २०७३ को आधारमा दर्ता नभएका वा कुनै पनि निकायमा दर्ता नै नगरी सञ्चालन भएका प्रतिष्ठानको हकमा लागु नहुने मानी कोड ६ मा गोलो घेरा लगाउनुपर्दछ ।

### १.२३ यस प्रतिष्ठानमा लगानी गरिएका हालको पूँजीको विवरण :

उद्योग प्रतिष्ठानले आफ्नो उद्यम सञ्चालनका लागि अधिकतम लगानीको प्रत्याभूति प्रतिष्ठान दर्ता गर्दा नै कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्दछ जसलाई अधिकृत पूँजी (Authorised capital) भनिन्छ । यसै अधिकृत पूँजीको सीमामा रहेर प्रतिष्ठानले शेयरधनीहरूलाई शेयर बाँडफाँड गर्दछ र यसलाई जारी पूँजी (Issued capital) भनिन्छ भने चालू अवस्था (Circulation) मा रहेको लगानीको रकमलाई चुक्ता पूँजी (Paidup capital) भनिन्छ । जुनसुकै वैधानिक स्थिति वा स्वामित्वमा रहेको उद्योग प्रतिष्ठान भए तापनि कम्पनी रजिष्ट्रार कार्यालयले प्रदान गरेको प्रमाणपत्रमा उल्लेख भए बमोजिमका विभिन्न प्रकारका पूँजीगत विवरणहरू यहाँ रुपैयाँमा उल्लेख गर्नुपर्दछ । यस्ता पूँजीहरू प्रतिष्ठान दर्ताको समयावधिभन्दा पछिल्लो समयमा परिमार्जन गरिएको भएमा सो पूँजीको विवरणलाई लेख्नुपर्दछ । स्वदेशी र विदेशी संयुक्त रूपमा लगानी रहेको भएपनि एकमुष्ट नै विवरण समावेश गर्नुपर्दछ । कुनै पनि निकायमा दर्ता नै नगरी सञ्चालन भएका उद्योग प्रतिष्ठानको हकमा कोड ४ मा गोलो घेरा लगाई लगानी गरिएको एकमुष्ट पूँजी रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

### १.२४ यस उद्योग प्रतिष्ठानमा वैदेशिक लगानी भएमा जम्मा चुक्ता पूँजीमध्ये वैदेशिक लगानीको अंश कति प्रतिशत रहेको छ ?

स्वदेशी र विदेशी संयुक्त रूपमा लगानी भएको उद्योग प्रतिष्ठानको सन्दर्भमा मात्र यो प्रश्न सोध्नुपर्दछ । यहाँ सम्बन्धित उद्योग प्रतिष्ठानको जम्मा चुक्ता पूँजीमध्ये वैदेशिक पूँजीको अंश कति प्रतिशत छ सो हिसाब गरी प्रतिशतमा लेख्नुपर्दछ । उक्त प्रतिशत निकाल्नका लागि उद्योग प्रतिष्ठानको जम्मा चुक्ता पूँजीले वैदेशिक पूँजीलाई भाग गरी आएको रकमलाई १०० ले गुणन गर्नुपर्दछ ।

**उदाहरण** : यदि उद्योग प्रतिष्ठानमा को जम्मा चुक्ता पुँजी १० करोड रहेको छ र यसमा वैदेशिक लगानी ४ करोड छ भने वैदेशिक लगानीको प्रतिशत निम्नबमोजिम निकाल्नुपर्दछ । चुक्ता पुँजी ४ करोड वैदेशिक लगानीलाई १० करोडले भाग गरी १०० ले गुणा गरेमा जम्मा ४० प्रतिशत हुन आउछ ।

**सुत्रमा हेर्दा** (४,००,००,०००/१०,००,००,०००) *** १०० = ४० प्रतिशत**

### १.२५ यस उद्योग प्रतिष्ठानको प्रमुख आर्थिक क्रियाकलाप के हो ?

उद्योग प्रतिष्ठानले एक वा सोभन्दा बढी वस्तु वा सेवा उत्पादन गर्ने क्रियाकलाप गरेका हुन सक्दछन् । उदाहरणका लागि कुनै एक खाद्य उद्योगले धान कुट्ने, चिउरा कुट्ने, मकै, गहुँ, जौ, कोदो, आदि खाद्यान्नहरू पिँधेर पिठो उत्पादन गर्ने, तोरी पेलेर तेल निकाल्ने काम गर्दछ । यस्तो अवस्थामा जुन वस्तु वा सेवा उत्पादन गर्ने क्रियाकलाप प्रमुख हुन्छ सोही क्रियाकलाप उल्लेख गर्नुपर्दछ । यस शीर्षकमा प्रयोग हुने “प्रमुख क्रियाकलाप” भन्नाले प्रतिष्ठानले धेरै किसिमका वस्तु वा सेवा उत्पादन गरेको अवस्थामा **जुन उत्पादित वस्तु वा सेवाको कुल परिमाणको मूल्य बढी हुन्छ** सोही उत्पादित वस्तु वा सेवासँग सम्बन्धित क्रियाकलापलाई बुझाउदछ ।

उदाहरणको लागि दाङ्ग जिल्लामा अवस्थित एउटा जयमातादी कुटानी पिसानी तथा तेल उद्योगले धान कुट्ने, मकै वा गहुँ पिस्ने र तोरी पेल्ने, आदि कार्यहरू गर्दछ । ख्याल राख्नुपर्ने कुरा के छ भने माथि उल्लेख गरेका दुई काममध्ये कुन चाहिँ काम वा क्रियाकलाप मुख्य काम हो सोही काम उल्लेख गर्नुपर्दछ । **उक्त प्रतिष्ठानको चामल वा पिठो प्रमुख उत्पादन भए NSIC को कोड 1061 लेख्नुपर्दछ भने यदि तेल उत्पादन उसको मुख्य क्रियाकलाप**

**भए NSIC को कोड 1040 लेख्नुपर्दछ । यस प्रश्नमा प्रमुख क्रियाकलापको NSIC को कोड 4 digit मा उपलब्ध गराइएको अनुसूची २ को आधारमा यकिन गरी लेख्नुपर्दछ ।**

त्यसैगरी कुनै एउटा उद्योगले पानीको आपूर्ति ढलनिकास र फोहरव्यवस्थापन जस्ता क्रियाकलाप गर्दछन् भने यस अन्तर्गत पानीको संकलन र शुद्धिकरण सेवाबाट बढी आय आर्जन गरेको छ भने यसको प्रमुख क्रियाकलापमा **NSIC** कोड **3600** लेख्नुपर्दछ तर सोही उद्योगले ढलनिकाससम्बन्धी कार्यबाट बढी आय आर्जन गरेको छ भने यसको प्रमुख क्रियाकलापमा **NSIC** कोड **3700** लेख्नुपर्दछ ।

१.२६ **यस उद्योग प्रतिष्ठानले उत्पादन गर्ने प्रमुख वस्तु तथा सेवाहरू के के हुन् ?**

एउटै उद्योग प्रतिष्ठानले तोकिएको सन्दर्भ समयमा एक वा सोभन्दा बढी वस्तु तथा सेवा उत्पादन गर्ने गरेको हुन सक्दछ । उत्पादित वस्तु तथा सेवा उल्लेख गर्दा एउटा मात्र वस्तु तथा सेवा उत्पादन गर्ने उद्योग भए सो वस्तु तथा सेवाको नाम मात्र लेख्नुपर्दछ तर एकभन्दा बढी वस्तु तथा सेवा उत्पादन गर्ने उद्योगको हकमा सो उद्योगले उत्पादन गरेको वस्तु तथा सेवाहरूको कुल परिमाणको मूल्यको आधारमा सबैभन्दा बढीदेखि कमको क्रमानुसार ५ वटा वस्तु तथा सेवाहरूको नाम उल्लेख गर्नुपर्दछ । **यसमा उत्पादित वस्तु तथा सेवाहरूको Central Product Classification (CPC) कोड कार्यालयमा आएर यकिन गरेर मात्र लेखिने हुँदा गणकले उक्त कोड लेख्ने कोठा खाली छोड्नुपर्छ ।** यसरी उत्पादित वस्तु तथा सेवा उल्लेख गर्दा त्यस उद्योग प्रतिष्ठानले उत्पादन गर्ने वस्तु तथा सेवा स्पष्ट रूपमा खुल्नेगरी उल्लेख गर्नुपर्दछ । जस्तैः फर्निचर उद्योगले काठ चिरानको काम, झ्याल ढोकाको चौकस बनाउने काम साथै टेबुल, कुर्सी, खाट आदि जस्ता फर्निचर बनाउँदछ भने उक्त वस्तुहरूको कुल उत्पादन परिमाणको मूल्यको आधारमा क्रमानुसार उत्पादित वस्तुको नाम लेख्नुपर्दछ । त्यस्तै खानेपानी तथा सरसफाइसम्बन्धी क्रियाकलाप गर्ने प्रतिष्ठानले पानी वितरण तथा फोहरमैला व्यवस्थापनको काम पनि गरेको छ भने पानी वितरण तथा फोहर व्यवस्थापन सम्बन्धी क्रियाकलापलाई आय आर्जनको आधारमा क्रमानुसार दुबै उल्लेख गर्नुपर्दछ ।

## खण्ड २. प्रतिष्ठानको सांङ्गठनिक ढाँचा

प्रतिष्ठानहरू एकल रूपमा वा दुई वा दुईभन्दा बढी उद्योग प्रतिष्ठानहरू एउटै मुख्य प्रशासनिक नियन्त्रण वा एउटै समूह (इन्टरप्राइजेज) द्वारा सञ्चालन भएका हुन्छन् । त्यसैगरी बहुराष्ट्रिय कम्पनीसँग आबद्ध भएर सञ्चालन भैरहेका हुन पनि सक्दछन् । यसरी सञ्चालित ढाँचालाई नै प्रतिष्ठानको संगठन ढाँचा भनिएको छ । प्रतिष्ठान र इन्टरप्राइजेज बीचको सम्वन्धले एउटै प्रशासनिक नियन्त्रणमा एकभन्दा वढी प्रतिष्ठानहरू सञ्चालनमा आएका हुन सक्दछन् । यस्तो अवस्थामा प्रतिष्ठान सम्बन्धी केही सूचनाहरू इन्टरप्राइजेज तहबाट सङ्कलन गर्नुपर्ने हुन्छ । यसकारण प्रतिष्ठानको संगठन ढाँचा सम्बन्धी प्रश्न सोधिएको हो । यदि त्यस्तो कुनै इन्टरप्राइजेजको अलग्गै प्रशासनिक निकाय रहेछ भने सो निकायमा गई अलग्गै प्रश्नावली भर्नुपर्दछ ।

**प्रतिष्ठानको साङ्गठनिक ढाँचाअन्तर्गत वस्तु तथा सेवा उत्पादन गर्ने निकायलाई देहाय बमोजिम परिभाषित गरिएको छ ।**

**<u>अवधारणा तथा परिभाषा</u>**

**उद्योग प्रतिष्ठान** : राष्ट्रिय औधोगिक सर्वेक्षण, २०७६ अनुसार "उद्योग प्रतिष्ठान" भन्नाले एउटै प्रशासनिक नियन्त्रणमा कुनै निश्चित स्थानमा रही वस्तु तथा सेवा उत्पादन कार्य गर्ने नेपालस्तरीय औद्योगिक वर्गीकरण **NSIC** को खण्ड **B** खानी तथा उत्खनन्**, C** औद्योगिक उत्पादन**, D** विद्युत्, ग्याँस, बाफ तथा वातानुकूलित सेवा र **E** पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र त्यसको उपचारात्मक क्रियाकलापहरूसँग सम्बन्धित आर्थिक एकाइलाई मात्र बुझाउँछ ।

**इन्टरप्राइजेज** : इन्टरप्राइज एक प्रकारको व्यावसायिक सङ्गठन हो । यहाँ व्यावसायिक सङ्गठन भनेको कुनै सेवा वा वस्तु उत्पादनका क्रियाकलाप सञ्चालन गर्ने समूह हो । यसले मुख्य रूपमा आफ्नै उपभोगकोलागि भन्दा बजार बिक्रीकालागि वस्तु तथा सेवाहरूको उत्पादन गर्ने, विक्रि वितरणमा संलग्न भई व्यावसायिक कार्य गर्ने गर्दछ । यसका साथै इन्टरप्राइजले वस्तु तथा सेवा उत्पादनका लागि स्रोत साधनहरू बाँडफाँड गर्ने, वित्तीय लगानी गर्ने निर्णय गर्नुका साथै एक आर्थिक कारोवारकर्ताको हैसियतमा अधिकार र जिम्मेबारी (दायित्व) समेत रहेको हुन्छ । इन्टरप्राइजेज एकभन्दा बढी स्थानहरू र आर्थिक क्रियाकलापहरूमा संलग्न वा सञ्चालन भएका हुन्छन् । यो एक वैधानिक आर्थिक एकाइ हो, त्यसैले विभिन्न स्थानहरूमा स्थापित इन्टरप्राइजको मुख्य कार्यालय सहित शाखा कार्यालयहरूलाई राष्ट्रिय औधोगिक सर्वेक्षणमा औधोगिक प्रतिष्ठानको रूपमा बेग्ला बेग्लै गणना गर्नुपर्दछ ।

### २.१ यस उद्योग प्रतिष्ठानको साङ्गठनिक ढाँचा कस्तो प्रकारको छ ?

**एकल प्रतिष्ठान, कसैसंग पनि आबद्ध नरहेको** : कुनै पनि प्रतिष्ठान अर्को कुनै प्रतिष्ठान वा इन्टरप्राइजेजसंग आबद्ध नरही एक्लै सञ्चालनमा रहेका उद्योग प्रतिष्ठानहरू यसअन्तर्गत पर्दछन् । एकल प्रतिष्ठान भन्नाले एउटै व्यवस्थापनअन्तर्गत अर्को स्थानमा मुख्य कार्यालय र शाखा कार्यालयहरू नभइ एउटा निश्चित स्थानमा मात्र सञ्चालित प्रतिष्ठानलाई जनाउँदछ । जस्तै : काठमाण्डौमा सञ्चालित गणेश फर्निचर उद्योगको अन्य कुनै स्थानमा यसका कुनै पनि प्रतिष्ठानहरू छैनन् भने यस प्रतिष्ठानलाई एकल प्रतिष्ठानको रूपमा गणना गर्नुपर्दछ ।

**वहु प्रतिष्ठान भएको इन्टरप्राइजेजसँग आबद्ध** : कुनै एक प्रतिष्ठान अन्य प्रतिष्ठान वा इन्टरप्राइजेजसंग आबद्ध रही सञ्चालनमा रहेका छन भने त्यस्ता उद्योग प्रतिष्ठानहरू यसअन्तर्गत पर्दछन् । ती प्रतिष्ठानहरूका मुख्य उत्पादित वस्तु एकै किसिमका वा फरक फरक पनि हुन सक्दछन् । यदि कुनै प्रतिष्ठानको उत्पादन कार्यलाई सहजीकरणको लागि प्रशासनिक कार्य गर्ने अलग्गै अर्को कार्यालय रहेको छ भने त्यो प्रतिष्ठानलाई पनि यसैअन्तर्गत राख्नुपर्दछ । जस्तैः नेविको प्रा.लि., एती बोटलर्स प्रा. लि., सुर्य टोवाको प्रा. लि. (मुख्य कार्यालय काठमाण्डौमा रहेको र यसका शाखा कार्यालयहरू अन्य जिल्लामा रहेको)

### २.२ यस उद्योग प्रतिष्ठान आबद्ध रहेको इन्टरप्राइजेजको प्रधान कार्यालय (Head office) को नाम र ठेगाना ?

गणना गर्न लागिएको प्रतिष्ठान बहु प्रतिष्ठान भएको इन्टरप्राइजेजसंग आबद्ध रहेको भए वा प्रश्न २.१ मा २ कोड आएकालाई मात्र यस प्रश्नका विवरणहरू सोध्नुपर्दछ । यस प्रतिष्ठान आबद्ध रहेको इन्टरप्राइजेजको प्रधान कार्यालयको नाम, ठेगाना, इमेल, फोन नम्बर र वेवसाइट जेजति विवरण प्राप्त गर्न सकिन्छ सो उल्लेख गर्नुपर्दछ

। साथै उक्त इन्टरप्राइजेजमा सिधा सम्पर्क गर्न सकिने व्यक्ति (कर्मचारी वा कामदार) को नाम, फोन नं. र इमेल ठेगाना भर्नुपर्दछ । यदि कुनै प्रतिष्ठानको प्रशासनिक कार्य गर्ने कार्यालय प्रतिष्ठान भएको स्थानभन्दा अलग रहेछ भने सोको विवरण यसै प्रतिष्ठानको विवरणमा समावेश गर्नुपर्दछ ।

### २.३ **यस उद्योग प्रतिष्ठान कुनै बहुराष्ट्रिय कम्पनी (Multi national company) सँग आबद्ध छ ?**

बहुराष्ट्रिय कम्पनीको ट्रेडमार्क, लोगो वा फर्मुला प्रयोगको अनुमति लिएर वा त्यस्ता कम्पनीको शाखाको रूपमा संञ्चालनमा रहेका उद्योग प्रतिष्ठानहरू यस वर्गमा पर्दछन् । जस्तैः बोटलर्स नेपाल कम्पनी लिमिटेड, युनिलिभर्स कम्पनी आदि उद्योग प्रतिष्ठानहरू बहुराष्ट्रिय कम्पनीसँग आबद्ध कम्पनी हुन् । यदि उद्योग प्रतिष्ठान बहुराष्ट्रिय कम्पनीसंग आबद्ध भएमा छ को कोड १ मा वा बहुराष्ट्रिय कम्पनीसँग आबद्ध नभएमा छैन को कोड २ मा घेरा लगाउनुपर्दछ ।

### २.४ **यस उद्योग प्रतिष्ठान आबद्ध बहुराष्ट्रिय कम्पनी (Multi national company) को नाम र देश :**

गणना गर्न लागिएको प्रतिष्ठान बहुराष्ट्रिय कम्पनीसंग आबद्ध रहेको छ भने उक्त बहुराष्ट्रिय कम्पनी कार्यालयको नाम र देश उल्लेख गर्नुपर्दछ ।

## खण्ड ३. रोजगारी सम्बन्धी विवरण

उद्योगपति तथा सक्रिय साझेदार, परिवारका सदस्य वा तलब नलिने अन्य व्यक्ति तथा उद्योग प्रतिष्ठानमा काम गरेबापत नियमानुसार नगदी वा जिन्सीको रूपमा तलब, ज्याला, पारिश्रमिक पाउने व्यक्तिहरू उद्योगसंग संलग्न व्यक्तिहरू बुझ्नुपर्दछ । कर्मचारीको संख्या उल्लेख गर्दा वर्षभरी सञ्चालन हुने उद्योग प्रतिष्ठानको हकमा २०७५ माघ १ गतेको दिन र मौसमी प्रकृतिका उद्योग प्रतिष्ठानको हकमा उत्पादन हुने सिजनको **मध्ये महिनाको १ गतेको दिनमा** रहेका उत्पादनशील, प्रशासकीय र प्राविधिक कार्यमा संलग्न रहेका व्यक्तिहरू तथा संस्थागत करारका कर्मचारीहरूको संख्या छुट्टाछुट्टै उल्लेख गर्नुपर्दछ । जस्तै : मंसिर पौष र माघमा मात्र सञ्चालन हुने उधोगको हकमा पौष १ गते र मंसिरदेखि फाल्गुनसम्म सञ्चालन हुने उद्योगको हकमा निकटवर्ती मध्यबिन्दु माघ १ गतेको विवरण लिनुपर्दछ । कुनै कारणवश सो दिन उद्योग प्रतिष्ठान बन्द रहेको भए त्यसपछि लगत्तै खुलेको पहिलो दिनमा संलग्न कर्मचारीको संख्या लेख्नुपर्दछ । छोटो अवधिको बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा आदि लिई वसेको व्यक्तिलाई पनि कर्मचारीको संख्यामा राख्नुपर्छ । यदि कसैले ठेक्का वा अन्य शर्तमा उद्योग प्रतिष्ठानकै कच्चापदार्थ आफ्नै घरमा लगेर शर्तअनुसारको काम सम्पन्न गर्दछन् भने त्यस्ता व्यक्तिहरूलाई यसमा समावेश गर्नुहुँदैन किनकि ती व्यक्तिहरू उद्योग प्रतिष्ठानका वास्तविक कर्मचारी होइनन् । त्यो काम गरेबापतको रकम खण्ड ८ को पहिलो लहरमा उल्लेख गर्नुपर्दछ । यस प्रश्नावलीमा विवरण सङ्कलन गर्न सजिलो होस् भनेर स्वदेशीहरूको लागि उपखण्ड ३.१ मा र विदेशीहरूको लागि उपखण्ड ३.२ मा सोधिएको छ । कुनै पनि प्रतिष्ठानमा ६ महिना (१८० दिन) वा सोभन्दा बढी अवधिदेखि अविच्छिन्न रूपमा कार्यरत व्यक्तिलाई नियमित कर्मचारीको रूपमा वा कामदारहरूको रूपमा वुझ्नुपर्दछ । कुनै पनि शर्तमा उद्योग हाता भन्दा वाहिर काम गर्ने व्यक्तिहरू त्यस प्रतिष्ठानका नियमित कर्मचारी होइनन् । तिनीहरूको संख्या यहाँ उल्लेख गर्नुपर्दैन ।

**नोटः उद्योग प्रतिष्ठानमा पटके ज्यालादारीमा काम गर्ने व्यक्तिहरू यस खण्ड अन्तर्गतको तलबी कर्मचारीमा पर्दैनन् । प्रतिष्ठानले यस्ता व्यक्तिहरूका लागि गरेको खर्च खण्ड ९ को लहर ९.२९ अन्तर्गत पर्दछ ।**

**तलब/ज्याला :**

कर्मचारीको तलब/ज्याला" भन्नाले उद्योग प्रतिष्ठानमा कर्मचारीहरूले काम गरेबापत निश्चित अवधिमा नियमानुसार पाउने पारिश्रमिक हो । यस्तो पारिश्रमिक नगद वा जिन्सी हुन सक्दछ । कर्मचारीहरूले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधि वा काम सम्पन्न भए बमोजिम निश्चित समयमा तलब ज्याला पाउने हुन्छन । तलब खुलाउँदा सञ्चय कोष थप सहितको रकम उल्लेख गर्नुपर्दछ । कतिपय उद्योग प्रतिष्ठानहरूले आफ्ना कर्मचारीहरूलाई सञ्चय कोष कट्टी भएको रकम बराबर थप गरी सञ्चय कोष जम्मा गर्ने गरेका हुन्छन् त्यस्ता उद्योगसँग सम्बन्धित कर्मचारीहरूको तलब भन्नाले सञ्चय कोषमा थप गरिएको रकमलाई समेत समावेश गरी हुन आउने रकमलाई वास्तविक तलब मानी प्रश्नावली भर्नुपर्दछ ।

उदाहरणको लागि कुनै कर्मचारीको मासिक तलब ग्रेडसहित रु. २०,०००/- छ तर उसले तलब बुझ्दा रु २,०००/- सापटी लिएको रकम फिर्तास्वरुप कट्टी गर्नुका साथै १० प्रतिशत सञ्चय कोष कटाएर जम्मा रु. १६,०००/- मात्र प्राप्त गरेतापनि उसको तलब खुलाउने महलमा मासिक रु. २०,०००/- को दरले वर्षको रु. २,४०,०००/- हुन्छ । यदि उक्त उद्योग प्रतिष्ठानले सञ्चयकोष जम्मा गर्दा उद्योग प्रतिष्ठानको तर्फबाट थप १० प्रतिशत सञ्चयकोषमा थप गरी जम्मा गरिदिन्छ भने उक्त कर्मचारीको मासिक तलब रु. २२,०००/- को दरले वर्षको रु. २,६४,०००/- लेख्नुपर्दछ । यदि प्रतिष्ठानमा १० जना कर्मचारी सोही तलब तथा सुविधा प्राप्त गरेका छन् भने कर्मचारीको तलब तथा सुविधामा एक व्यक्तिको वर्षको रु. २,६४,०००/- का दरले १० जनाको जम्मा रु. २६,४०,०००/- (= रु. २,६४,००० X १० जना) लेख्नुपर्दछ ।

यदि कुनै कर्मचारीले तलबको सट्टामा जिन्सी प्राप्त गर्दछ भने उक्त जिन्सीलाई प्रचलित बजार मूल्यको आधारमा नगदमा रुपान्तरण गरी लेख्नुपर्दछ । यदि कुनै कर्मचारी त्यस प्रतिष्ठानको हातामा वसी कामको आधारमा ज्याला प्राप्त गर्दछ भने त्यस कर्मचारीलाई दिइएको रकम तलवको रूपमा पाएको मानी यहाँ उल्लेख गर्नुपर्दछ ।

**सुविधा :**

कर्मचारीहरूले काम गरेबापत तलब ज्यालाको अतिरिक्त अन्य सुविधाहरू पनि पाउन सक्दछन् । कर्मचारीहरूलाई तलब ज्याला अतिरिक्त दिइएका अन्य सबै नगदी वा जिन्सी भुक्तानीलाई सुविधामा समावेश गर्नुपर्दछ । जस्तै: कर्मचारीलाई दिइएको लत्ता-कपडा सुविधा, आवास सुविधा, जिन्सी सुविधा, औषधि उपचार सुविधा, यातायात सुविधा, कर्मचारी दुर्घटना बिमा, थप सामाजिक तथा स्वास्थ्य बिमा, बच्चाहरूको लागि दिइएका शैक्षिक खर्च, चाडपर्व खर्च आदि सुविधाहरूलाई सम्बन्धित लहरहरूमा वार्षिक एकमुष्ठ रकम उल्लेख गर्नुपर्दछ ।

### यस प्रतिष्ठानमा कार्यरत वा संलगन व्यक्तिहरूको रोजगारी सम्बन्धी वर्गीकरण

रोजगारीका आधारमा संलग्न व्यक्ति तथा कर्मचारीहरूलाई उपखण्ड ३.१ मा नेपाली र उपखण्ड ३.२ मा विदेशी कामदार सङ्कलन गर्नका लागि विभिन्न ७ वटा शीर्षकअन्तर्गत वर्गीकरण गरी परिभाषित गरिएको छ ।

**कार्यरत व्यवसायी तथा साझेदारहरू :** उद्योगपति तथा सक्रिय साझेदार भन्नाले पारिश्रमिक नलिईकन उद्योग प्रतिष्ठानको कार्यमा सक्रियरूपले संलग्न रहने उद्योगपति तथा साझेदारहरूलाई सम्झनुपर्दछ र तिनीहरूको संख्या लिङ्गअनुसार पुरुष भएमा पुरुषको महलमा र महिला भएमा महिलाको महलमा उल्लेख गर्नुपर्दछ । यदि नेपाली कामदार भए उपखण्ड ३.१ को र विदेशी कामदार भए उपखण्ड ३.२ को उपयुक्त महलमा उल्लेख गर्नुपर्दछ ।

**बेतलबी पारिवारिक कामदार** : कुनै पनि प्रकारको पारिश्रमिक नलिई हप्ताको कम्तीमा १६ घण्टा (साधारणतया काम गरिने समयको एक तिहाई) काम गर्ने गरी उद्योगपति तथा साझेदारका परिवारका सदस्य उद्योग प्रतिष्ठानको कार्यमा संलग्न भएका रहेछन् भने तिनीहरूको संख्यालाई यस महलअन्तर्गत लिङ्गअनुसार उल्लेख गर्नुपर्दछ । यदि नेपाली वेतलबी पारिवारिक कामदार भए उपखण्ड ३.१ को र विदेशी वेतलबी पारिवारिक कामदार भए उपखण्ड ३.२ को उपयुक्त महलमा उल्लेख गर्नुपर्दछ ।

**कार्यरत निर्देशक तथा प्रबन्धकहरू** : कार्यरत निर्देशक तथा प्रबन्धक भन्नाले उद्योग प्रतिष्ठानको मुख्य जिम्मेवारी वा अधिकार प्रयोग गर्ने पदमा रहेको व्यक्तिलाई सम्झनुपर्दछ । यस्तो व्यक्तिले पाउने तलब तथा सुविधा सम्बन्धित महलमा खुलाउनु पर्दछ ।

**नियमित कर्मचारीहरू (६ महिना वा सोभन्दा बढी अवधिदेखि अविच्छिन्न कार्यरत कर्मचारीहरू)** : उद्योग प्रतिष्ठानको प्रशासनसम्बन्धी कार्य गर्ने, लेखा राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, नियमित प्राविधिक कर्मचारीहरू तथा उत्पादनशिल कर्मचारीहरू, उद्योग प्रतिष्ठानको सुरक्षाका लागि राखिएका सुरक्षा गार्ड आदि प्रतिष्ठानकै तलबी भर्पाइ (Payroll) बाट तलब पाउने गरिएका ६ महिना वा सोभन्दा बढी अवधिदेखि **अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरू** यसअन्तर्गत पर्दछन् । कर्मचारीको संख्या उल्लेख गर्दा लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ ।

**अस्थायी कामदारहरू (नियमित बाहेकका कामदारहरू)** : यसअन्तर्गत माथि उल्लेखित समयभन्दा कम समय (६ महिला भन्दा कम समय) का लागि उद्योग प्रतिष्ठानकै तलबी भर्पाइ (Payroll) बाट तलब खाने कर्मचारीहरू पर्दछन । अन्य सस्थाबाट भर्ना गरिएका कर्मचारीहरु यसअन्तर्गत पर्दैन ।

**अन्य संस्थाबाट संस्थागत करार गरिएका कामदारहरू** : कुनै प्रतिष्ठानले तलबी भर्पाइ (Payroll) बाट तलब पाउने नियमित तलबी कर्मचारी बाहेक संस्थागत करार गरी अन्य कम्पनी वा संस्थाहरूबाट लिइएका कर्मचारीहरू यसअन्तर्गत पर्दछन् जस्तै संस्थागत करारमा लिएका उत्पादनशील कर्मचारी, सुरक्षा गार्डहरू, सरसफाईका कर्मचारीहरू र संस्थागत करारमा लिएका अन्य कर्मचारीहरू । यी कर्मचारीहरूको संख्या लिङ्ग अनुसार उपयुक्त महलमा उल्लेख गर्नुपर्दछ । प्रतिष्ठानले कर्मचारी उपलब्ध गराउने कम्पनी वा संस्थालाई वार्षिकरूपमा निश्चित रकम भुक्तानी गर्ने कवोल गरेको हुन्छ । यसरी संस्थागत करारमा भर्ना गरिएका कामदारहरूका लागि भुक्तानी गरिएको रकम यहाँ उल्लेख नगरी एकमुष्ट रूपमा खण्ड ८ को पहिलो लहर ८.०१ को महल ३ मा उल्लेख गर्नुपर्दछ ।

**<u>नियमित कर्मचारी तथा अस्थायी कामदारहरूको जोडमध्ये :</u>**

यसअन्तर्गत नियमित कर्मचारी तथा अस्थायी कामदारहरू मध्ये प्रशासनिक कार्य गर्ने कर्मचारी, उत्पादनशिल कर्मचारी र प्राविधिक कर्मचारीहरु के कस्तो अवस्थामा छन् बुझ्नको लागि यो प्रश्न सोधिएको छ ।

**प्रशासकीय कर्मचारीहरू :** उद्योग प्रतिष्ठानले संस्थागत करारका बाहेक यदि आफैले भर्ना गरेका प्रशासनसम्बन्धी कार्य गर्ने, लेखा राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, सुरक्षाका लागि राखिएका सुरक्षा गार्ड आदि प्रतिष्ठानबाटै तलव खाने कर्मचारी यसअन्तर्गत पर्दछन् । प्रशासकीय कर्मचारीको संख्या उल्लेख गर्दा लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । त्यस्तै कर्मचारीहरूको तलब/ज्याला र सुविधा उल्लेख गर्नुपर्दा पनि क्रमशः छुट्टाछुटै महलमा लिङ्गअनुसार छुट्याई उल्लेख गर्नुपर्दछ ।

**उत्पादनशील कर्मचारीहरू (Operative workers) :** उद्योग प्रतिष्ठानले आफैले भर्ना गरेका उत्पादनशील कर्मचारी मात्र यस महलअन्तर्गत पर्दछन् । साधारणतयाः "उत्पादनशील कर्मचारी" भन्नाले उद्योग प्रतिष्ठानको उत्पादनको कार्यमा प्रत्यक्ष रूपमा संलग्न कर्मचारीहरू भन्ने बुझिन्छ जस्तै अपरेटर, मिस्त्री, इन्जिनीयर, केमिस्ट, डिजाइनर, डाक्टर, उत्पादन नियन्त्रक तथा उत्पादन कार्यमा प्रत्यक्ष रूपमा सघाउ पुऱ्याउने प्याकर्स ईत्यादी । उत्पादनशील कर्मचारीको संख्या उल्लेख गर्दा संख्या छुट्याई लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ भने तलब उल्लेख गर्दा लिङ्गअनुसार कर्मचारीले पाउने खुद तलब तथा ज्याला रकममा उल्लेख गर्नुपर्दछ । सुविधाहरू उल्लेख गर्नुपर्दा तलबबाहेक प्राप्त गरेको अन्य रकमलाई उल्लेख गर्नुपर्दछ । अन्य संस्थाबाट संस्थागत करारमा भर्ना गरिएका उत्पादनशील कर्मचारी यसअन्तर्गत पर्दैनन् ।

**उत्पादनशील कर्मचारीहरूमध्ये प्राविधिक कर्मचारीहरू :** कुनै औपचारिक तालिम वा दक्षता प्राप्त गरेका कर्मचारीहरूलाई प्राविधिक कर्मचारीअन्तर्गत समावेश गर्नुपर्दछ । जस्तैः इन्जिनियर, डाक्टर, डिजाइनर, केमिष्ट, ओभरसियर आदि ।

औपचारिक तालिम भन्नाले मान्यता प्राप्त संघ/संस्थाबाट प्रमाणपत्र प्राप्त गरी लिएको तालिमलाई जनाउँदछ । **औपचारिक तालिम** प्राप्त नगरेका व्यक्ति यदि कुनै उद्योग प्रतिष्ठानले प्राविधिक भनी तोकेको छ भने त्यस्ता कर्मचारीहरू प्राविधिक कर्मचारी भित्र पर्दछन् । प्राविधिक कर्मचारीको तलब र सुविधा सम्बन्धित महलमा संख्या र लिङ्ग छुट्याई उल्लेख गर्नुपर्दछ ।

उपखण्ड ३.२ मा विदेशी कामदार सङ्कलन गर्नका लागि विभिन्न शीर्षकअन्तर्गत वर्गीकरण (उपखण्ड ३.१ जस्तै) गरी परिभाषित गरिएको छ ।

**अपाङ्गता भएका कर्मचारीहरू :** प्रतिष्ठानमा कार्यरत कुनै कर्मचारीहरूले नेपाल सरकारबाट अपाङ्गता परिचय पत्र प्राप्त गरेको भए वा भौतिक रूपमा स्पष्ट अपाङ्गता भएको देखिएको भए निजहरूलाई अपाङ्गता भएका कर्मचारी मानी संख्या उल्लेख गर्नुपर्दछ ।

### ३.३ कर्मचारीहरूको कार्य अवधि :

यहाँ अर्न्तराष्ट्रीय स्तरमा पेशा, व्यवसाय, रोजगार आदि विषयवस्तुहरुको मापन प्रतिघण्टामा गर्ने र सोही आधारमा तलव, ज्याला र अन्य सेवा-सुविधा प्रदान गर्ने, प्राविधिक सेवाको पटके रूपमा प्रयोग गरिने र उत्पादकत्व मापनका लागि आवश्यक तथ्याङ्कको महत्व बढदै गएको छ । यस्ता अभ्यासकालागि साझेदार र अन्य कर्मचारीहरुले प्रति हप्ता औसत कति घण्टा काम गरेका रहेछन भन्ने बारेमा सोधिएको छ ।

अन्तर्राष्ट्रिय परिवेशमा एकातिर आफ्नो पेशा, व्यवसाय, रोजगार आदि विषयवस्तुहरूको मापन प्रतिघण्टामा गर्ने र सोहि आधारमा तलव, ज्याला र अन्य सेवा-सुविधा प्रदान गर्ने प्रचलन बढ्दो छ भने अर्कोतिर उत्पादकत्व र प्राविधिक सेवाको पटके रूपमा प्रयोग गरिने अभ्यासले गर्दा साझेदार र अन्य कर्मचारीहरूले प्रति हप्ता औसत कति घण्टा काम गरेका रहेछन भन्ने बारेमा सङ्कलन गरिएको तथ्याकंको महत्व बढदै गएको छ । सर्वप्रथम उपखण्ड ३.१ र ३.२ बाट संलग्न व्यक्तिहरूको संख्या महल ३ र ४ मा पुरुष र महिला अनुसार उतार गर्नुपर्दछ । त्यसपछि सन्दर्भ अवधिमा जम्मा काम गरेको दिन उल्लेख गर्नुपर्दछ । यहाँ जम्मा दिन खुलाउदा प्रतिष्ठान सञ्चालन भएको जम्मा दिन नभई एकजना महिला वा पुरुषले सरदरमा सन्दर्भ अवधिमा कति दिन काम गरेको थियो भन्ने उल्लेख गर्नुपर्दछ । जस्तैः व्यवस्थापकहरू २ जना रहेछन् र एकजना व्यवस्थापकले सन्दर्भ अवधिमा १८० दिन र अर्को व्यवस्थापकले सोहि अवधिमा २२० दिन कार्य गरेको भए यस महलको सम्बन्धित कोठामा (

१८०+२२०)/२ अर्थात सरदर २०० दिन लेख्नुपर्दछ । यस उपखण्डमा विभिन्न वर्गीकरण अनुसार एक जना पुरुष वा महिला कर्मचारीले एक हप्तामा औसत कति घण्टा काम गरेका थिए सोधी सम्बन्धित महलहरू ७ र ८ मा उल्लेख गर्नुपर्दछ ।

**यहाँ एकजना महिला वा पुरुषले सरदरमा सन्दर्भ अवधिमा कति दिन काम गरेको थियो भन्ने उल्लेख गर्नुपर्दछ । जस्तैः व्यवस्थापकहरु २ जना रहेछन् र एकजना व्यवस्थापकले सन्दर्भ अवधिमा १८० दिन र अर्को व्यवस्थापकले सोहि अवधिमा २२० दिन कार्य गरेको भए यस महलको सम्बन्धित कोठामा (१८०+२२०)/२ अर्थात सरदर २०० दिन लेख्नुपर्दछ । यस उपखण्डमा विभिन्न वर्गीकरण अनुसार एक जना पुरुष वा महिला कर्मचारीले एक हप्तामा औसत कति घण्टा काम गरेका थिए सोधी सम्बन्धित महलहरु ७ र ८ मा उल्लेख गर्नुपर्दछ ।**

## खण्ड ४. इन्धन, पानी तथा विद्युत् सम्बन्धी विवरण

सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन गर्ने क्रममा खरिद गरेका सबै प्रकारका इन्धन, पानी तथा विद्युत् यस अन्तर्गत पर्दछन् ।

इन्धन, पानी तथा विद्युतको वार्षिक खरिद परिमाण प्रश्नावलीमा दिईएको एकाइमा र वार्षिक खरिद रकम रुपैयाँमा उल्लेख गर्नुपर्दछ । विभिन्न मितिमा खरिद गरिएको इन्धन, पानी तथा विद्युत्का एकाइ प्रश्नावलीमा उल्लेख गरिएको एकाइ भन्दा फरक उत्तर आएमा त्यसलाई प्रश्नावलीकै एकाइमा परिवर्तन गरी महल ४ मा वार्षिक खरिद परिमाणमा जनाउनुपर्दछ । विभिन्न मितिमा खरिद गरिएको इन्धन तथा विद्युत्को दर फरक भएमा सवै दरहरूको औसत निकालेर जम्मा वार्षिक खरिद परिमाणसँग गुणा गरी सन्दर्भ अवधिको वार्षिक खरिद रकमको हिसाब गर्नुपर्दछ र त्यस रकमलाई महल ५ मा एकमुष्ठ रुपैयाँमा जनाउनुपर्दछ ।

### ४.१ इन्धन खरिद

सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन गर्ने क्रममा खरिद गरेका सवै प्रकारका इन्धनहरुको खरिद परिमाण तथा रकम यस खण्डमा उल्लेख गर्नुपर्दछ । यातायातका साधनको निम्ति प्रयोग हुने इन्धनसमेत यसमा पर्दछ । तर उद्योग प्रतिष्ठानले कर्मचारीहरूलाई सुविधाबापत उपलब्ध गराएको इन्धन भएमा यसमा समावेश नगरी खण्ड ३ को सुविधा शिर्षकमा उल्लेख गर्नुपर्दछ ।

उद्योग प्रतिष्ठानले खरिद गरेको इन्धनको एकाइ प्रश्नावलीमा लेखिएको एकाइ भन्दा फरक परेको अवस्थामा प्रश्नावलीमा लेखिएकै एकाइमा रूपान्तरण गरी लेख्नुपर्दछ । जस्तै : यदि कुनै ईंट्टा भट्टाले ईंट्टा पोल्नको लागि एक ट्रक पत्थर कोइला खरिद गरेको रहेछ भने ४.१.२ मा उक्त एक ट्रक खरिद परिमाणलाई क्वीण्टलमा रुपान्तरण गरी सो को परिमाण महल नं. ४ मा र रकम महल नं. ५ मा लेख्नुपर्दछ ।

यदि उद्योग प्रतिष्ठानले ४.१.१ देखि ४.१.७ मा उल्लेख भएका बाहेक अन्य इन्धन खरिद गरेको भए सोबापतको एक मुष्ट रकम ४.१.८ को महल नं ५ मा उल्लेख गर्नुपर्दछ ।

**ईन्धन खरिदको परिमाण र रकम उल्लेख गर्दा कतिपय साना प्रतिष्ठानहरुमा घरायसी प्रयोजनको लागि खर्च गरिएको  ईन्धन समेत जोडिने सम्भावना हुन्छ सो अवस्थामा घरायसी खर्चलाई कटाइ वस्तु वा सेवा उत्पादनको लागि खरिद गरिएको ईन्धन मात्र यसमा समावेश गर्नुपर्दछ ।**

**४.२ पानी खरिद, उत्पादन र बिक्री :**

उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन गर्ने पानी खरिद गरेको, विभिन्न माध्यमवाट पानीको संकलन गरेको वा पानीको विक्री गरेको हुन सक्दछन् । यदी उद्योग प्रतिष्ठानको प्रमुख आर्थिक क्रियाकलाप विभिन्न माध्यमवाट पानी संकलन गर्ने र संकलित पानीलाई पाइप, ट्यांकर वा अन्य तरिकावाट विक्री वितरण गर्ने रहेछ भने यस उपखण्डमा उल्लेखित सवै विवरणहरु अनिवार्य रुपमा सोधि उल्लेख गर्नुपर्दछ । अन्य वस्तु तथा सेवा उत्पादन गर्ने प्रतिष्ठानहरुले माथि उल्लेखित क्रियाकलाप सहायक क्रियाकलापको रुपमा गरेका रहेछन् भने पनि सोको विवरण सोधि यसै उपखण्डमा उल्लेख गर्नुपर्दछ ।

**नोट : पानी बोटलिंग गरी बिक्री वितरण गर्ने प्रतिष्ठानको हकमा यस खण्डका विवरणहरू खण्ड ५ र ६ मा समेत उल्लेख गर्नुपर्दछ ।**

**४.२.१ पानी खरिद :** सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन गर्ने क्रममा पानी खरिद गरेको भएमा पानीको वार्षिक खरिद परिमाण लिटरमा र वार्षिक खरिद रकम रुपैयाँमा सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ । खरिद परिमाण अन्तर्गत सन्दर्भ अवधिभित्र विभिन्न मितिमा खरिद गरिएको पानीको परिमाणलाई बुझाउँदछ । त्यसै गरी विभिन्न मितिमा खरिद गरिएको पानीको दर फरक फरक भएता पनि ती सबैथरी खरिद दरहरूको औषत निकालेर जम्मा सन्दर्भ अवधिको खरिद परिमाणसँग गुणा गरी सन्दर्भ अवधिको (वार्षिक) खरिद रकमको हिसाब गर्नुपर्दछ र त्यस रकमलाई महल ५ मा एकमुष्ट रुपैयाँमा जनाउनुपर्दछ ।

**४.२.२ पानी उत्पादन (भूमिगत पानीको संकलन)** : सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन गर्ने प्रयोजनको लागि बोरिगं, इनार, आदि भूमिगत श्रोतवाट पानी संकलन गरेको हुन सक्दछ । प्रतिष्ठानले वर्ष भरी विभिन्न समयमा भूमिगत श्रोतवाट संकलन गरेको कुल पानीको परिमाणलाई लिटरमा सम्बन्धित महलमा एकमुष्ट उल्लेख गर्नुपर्दछ ।

**४.२.३ पानी उत्पादन (सतहको पानी संकलन) :** सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन गर्ने प्रयोजनको लागि बर्षातको, पोखरीको वा अन्य जमिनको सतहमा रहेको पानी सङ्कलन गरेको भएमा संकलित पानीको वार्षिक परिमाणलाई सम्बन्धित महलमा लिटरमा एकमुष्ट उल्लेख गर्नुपर्दछ ।

**४.२.४ पुनः शुद्धीकरण गरी प्रयोग गरेको पानी :** उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिमा वस्तु तथा सेवा उत्पादनको क्रममा विभिन्न किसिमको प्रदुषित पानीलाई प्रतिष्ठान आफैले भौतिक तथा रासायनिक प्रक्रियाबाट पानी छान्ने, थिग्राउने इत्यादी तरिकावाट शुद्धिकरण गरेर प्रयोग गरेको पानीको परिमाण यसअन्तर्गत पर्दछ । यसरी प्रयोग भएको पानीको परिमाणलाई बार्षिक परिमाणको महलमा लिटर एकाइमा एकमुष्ट उल्लेख गर्नुपर्दछ ।

**४.२.५ पानी बिक्री :** सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले बिभिन्न श्रोतबाट उत्पादन गरेको पानीको बिक्री यस शिर्षक अन्तर्गत उल्लेख गर्नुपर्दछ ।

पानी बिक्री गर्दा प्रश्नावलीमा उल्लेख गरिएको एकाइ भन्दा फरक एकाइमा बिक्री गरेको रहेछ भने त्यसलाई प्रश्नावलीकै एकाइ लिटरमा परिवर्तन गरी महल ४ मा वार्षिक खरिद परिमाणमा जनाउनुपर्दछ । त्यसै गरी विभिन्न मितिमा बिक्री गरिएको पानीको दर फरक भएमा सबै दरहरूको औसत निकालेर जम्मा वार्षिक बिक्री परिमाणसँग गुणा गरी सन्दर्भ अवधिको वार्षिक बिक्री रकमको हिसाब गर्नुपर्दछ र त्यस रकमलाई महल ५ मा एकमुष्ट रुपैयाँमा जनाउनुपर्दछ ।

### ४.३ विद्युत् खरिद, उत्पादन र बिक्री

सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले गरेको विद्युत्  खरिद, उत्पादन र खरिद यस उपखण्डमा उल्लेख गर्नुपर्दछ। यसअन्तर्गत जलविद्युत्, अन्य नवीकरणीय ऊर्जा जस्तै सौर्यउर्जा, वायूउर्जा, वायोमास/बायो इन्धन र जेनेटर/थर्मलप्लाण्ट इत्यादिबाट उत्पादन हुने उर्जा पर्दछन्।  उल्लेखित सबै प्रकारका विद्युत्को वार्षिक उत्पादन वा बिक्री परिमाण महल ३ मा उल्लेख भएअनुसारको एकाइ किलोवाट घण्टा, मेगावाट घण्टा वा गिगावाट घण्टा मध्ये कुनै एकमा उल्लेख गर्नुपर्दछ। यी एकाइलाई निम्नानुसारको तरिकाबाट रुपान्तरण गर्न सकिन्छ।

एक यूनिट = एक किलोवाट घण्टा

१००० किलोवाट घण्टा = एक मेगावाट घण्टा

१००० मेगावाट घण्टा = एक गिगावाट घण्टा

एक यूनिट भन्नाले विद्युत् प्राधिकरणको मिटर बक्समा जनाउने एक किलोवाट घण्टालाई सम्झनुपर्दछ।

**नोट : प्रतिष्ठानको मुख्य आर्थिक क्रियाकलाप विद्युत् उत्पादन, प्रसारण तथा वितरण गर्ने भएमा यो तालिका अनिवार्यरूपमा भरिएको हुनुपर्दछ । अन्य प्रतिष्ठानहरुको हकमा विवरणहरु सोधि विद्युत् खरिद र विक्रि गरेको भए यहाँ उल्लेख गर्नुपर्दछ।**

**४.३.१ विद्युत् खरिद :** यस अन्तर्गत सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन गर्ने क्रममा खरिद गरेको विद्युत् पर्दछ। सन्दर्भ वर्षको विभिन्न समयमा खरिद गरेको विद्युत्को दर फरक भएमा औसत दर निकालेर जम्मा खरिद परिमाणमा गुणा गरी सन्दर्भ अवधिको वार्षिक खरिद रकमको हिसाब गर्नुपर्दछ। त्यस रकमलाई महल ५ मा एकमुष्ट रूपमा रुपैयाँमा जनाउनुपर्दछ। यसैगरी फरक फरक मितिका खरिद परिमाणको एकाइपनि फरक फरक आएमा महल ३ को एकाई किलोवाट घण्टा, मेगावाट घण्टा वा गिगावाट घण्टा मध्ये कुनै एकमा सबै परिमाणको जोड निकालेर महल ४ मा उल्लेख गर्नुपर्छ।

**४.३.२ विद्युत् उत्पादन :** सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादनको क्रममा विद्युत् उत्पादन गरेको हुन सक्दछ। विद्युत् उत्पादन अन्तर्गत जलविद्युत् (Hydro), अन्य नवीकरणीय ऊर्जाहरु जस्तै सौर्य ऊर्जा (Solar energy), वायु ऊर्जा (Wind energy), वायोमास (Biomass/biofuel), अन्य उर्जा आदि श्रोतहरूबाट पनि उर्जा उत्पादन हुन सक्दछन्। यी विभिन्न श्रोतहरुबाट हुने उत्पादनको परिमाणलाई किलोवाट, मेगावाट, गिगावाट घण्टा मध्ये कुनै एक एकाइमा सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ।

**विद्युत् उत्पादन, प्रसारण तथा वितरण प्रमुख कृयाकलाप गर्ने उद्योग प्रतिष्ठानको हकमा यस खण्डका विवरणहरू खण्ड ६ मा समेत उल्लेख गर्नुपर्दछ ।**

४.३.३ **जेनेटर/थर्मलप्लाण्टबाट उत्पादन** : उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन गर्ने क्रममा सन्दर्भ अवधिमा जेनेटर/थर्मलप्लाण्टबाट पनि विद्युत् उत्पादन गरेको हुन सक्दछ। यदि विद्युत् उत्पादन गरेको भएमा यसको वार्षिक परिमाण सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ।

४.३.४ **विद्युत् बिक्री** : उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन क्रममा सन्दर्भ अवधिमा आफैले विद्युत् उत्पादन गरी बिक्री गरेको हुनसक्दछ। यदि बिक्री गरेको भएमा सबै प्रकारका विद्युतको वार्षिक बिक्री परिमाण र वार्षिक रकम सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ। सन्दर्भ अवधिको विभिन्न मितिमा विद्युत् बिक्री गरिएको

अवस्थामा विद्युत्को दर फरक भए सबै बिक्री दरहरूको औसत निकाल्नु पर्दछ । यस औसत बिक्री दरले बार्षिक परिमाणसँग गुणन गरी आएको वार्षिक बिक्री रकम सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

प्रश्नावलीमा उल्लेख गरिएको एकाइ भन्दा फरक उत्तर आएमा त्यसलाई प्रश्नावलीमा दिइएकै एकाइमा परिवर्तन गरी महल ४ मा वार्षिक खरिद परिमाणमा जनाउनुपर्दछ ।

**नोट : विद्युत्को खर्च उल्लेख गर्दा कतिपय साना प्रतिष्ठानहरुमा घरायसी प्रयोजनको लागि खर्च गरिएको विद्युत् समेत जोडिने सम्भावना हुन्छ सो अवस्थामा घरायसी खर्चलाई कटाइ वस्तु वा सेवा उत्पादनको लागि खरिद गरिएको विद्युत् मात्र यसमा समावेश गर्नुपर्दछ ।**

## खण्ड ५. कच्चा पदार्थको खरिद विवरण

**नोट : उद्योग प्रतिष्ठान कच्चा पदार्थ प्रयोग नगरी वस्तु वा सेवा उत्पादन गर्ने प्रकारको भएमा (जस्तैः खानी तथा उत्खनन् गर्ने, विद्युत् उत्पादन, प्रसारण तथा वितरण गर्ने, पानी सङ्कलन, शुद्धीकरण तथा आपूर्ति गर्ने, फोहर सङ्कलन र विसर्जन गर्ने, कबाडी सामान सङ्कलन गर्ने) प्रकृतिको भएमा कच्चा पदार्थको विवरण उल्लेख गर्नुपर्दैन तर त्यस्ता उद्योग प्रतिष्ठानले गरेको खर्चको विवरण खण्ड ९ मा नछुटाई समावेश गर्नुपर्दछ । तर पानी बोटलिंग गरी बिक्री वितरण गर्ने प्रतिष्ठानको हकमा पानी खरिदको रकम यसै खण्ड अन्तर्गत उल्लेख गर्नुपर्दछ ।**

उद्योग प्रतिष्ठानले वस्तु उत्पादन गर्ने सिलसिलामा प्रयोग गर्ने वस्तुहरूलाई कच्चा पदार्थ भनिन्छ । विभिन्न उद्योग प्रतिष्ठानको लागि कच्चा पदार्थ आ-आफ्नो उत्पादन अनुसार भिन्दाभिन्दै हुन सक्दछ । साथै कुनै वस्तु उत्पादन गर्नको लागि धेरै किसिमका कच्चा पदार्थ प्रयोग गरिएको हुनसक्दछ । उदाहरणको लागि चामल कुट्ने मिलको निमित्त धान कच्चा पदार्थ हो भने चुरोट कारखानाको निम्ति चुरोट उत्पादन गर्दा प्रयोग हुने सुर्ति र कागज कच्चा पदार्थको रूपमा लिन सकिन्छ । त्यस्तै गार्मेण्ट उद्योगको कच्चा पदार्थहरूमा कपडा, धागो, टाँक, हुक आदि हुन्छन् भने प्रिन्टिङ्ग प्रेसको लागि कागज, मसी आदि हुन्छन् ।

कच्चा पदार्थको विवरण खुलाउँदा लहर ५.०१ देखि ५.१५ सम्ममा खरिद गरेका सबै कच्चा पदार्थहरूको नामे क्रमानुसार उल्लेख गर्नुपर्दछ । यसरी क्रम छुट्याउँदा सामान्यतः सबैभन्दा बढी रकम खर्च भएको कच्चा पदार्थलाई नं. ५.०१ मा र त्यसपछि क्रमानुसार अरु कच्चा पदार्थ लेख्दै जानुपर्दछ । उक्त लहरसँग सम्बन्धित एकाइको महलमा खरिद गरिएको परिमाणको एकाइ (जस्तैः के.जी., लिटर, क्वीन्टल आदि) खुलाउनुपर्दछ । खरिद गरिएको रकम खुलाउँदा जुन खरिद गरिएको कच्चा पदार्थ हो सोको कुल वार्षिक परिमाणको खरिद मूल्य, खरिद गरेको स्थानबाट उद्योग प्रतिष्ठानसम्म ल्याउँदा लागेको ढुवानी खर्च तथा सो कच्चा पदार्थमा लागेका सम्पूर्ण करहरू समेत समावेश गरी उल्लेख गर्नुपर्दछ । **यसैगरी खरिद गरिएको कच्चा पदार्थको परिमाण र रकम खुलाउँदा नेपालबाहेक अन्य कुन देशबाट खरिद गरिएको हो सो देशको नाम महल ९ मा खुलाउनुपर्दछ । त्यस्तो खरिद गरिएको परिमाण र रकमलाई देश अनुसार अलग अलग सम्बन्धित महलहरूमा खुलाउनुपर्दछ ।** त्यसैगरी खरिद गरिएको कच्चा पदार्थ कुन कुन देशबाट खरिद गरिएको हो सोसमेत गणना गर्ने सन्दर्भमा महल नं. २ मा उल्लेख गरिएको कच्चा पदार्थको वार्षिक परिमाण र खरिद रकम क्रमशः महल नं. ५ देखि ११ सम्म रहेका सम्बन्धित परिमाण र रकमका महलहरूसँग तारतम्य भएको हुनुपर्दछ ।

उद्योग प्रतिष्ठानले कच्चा पदार्थ खरिद गर्दा एक भन्दा बढी देशबाट एउटै किसिमको कच्चा पदार्थ खरिद गरेको अवस्थामा सबैभन्दा बढी मूल्यको जुन देशबाट खरिद गरेको छ सो देशको नाम पहिले राखेर त्यसपछि बढी मूल्यको आधारमा क्रमशः भर्दै जानुपर्दछ । कच्चा पदार्थको विवरण भर्न ठाउँ अपुग भएमा थप पानामा भर्नुपर्दछ ।

***द्रष्टव्य: क. खण्ड ५ को महल नं. ७ र १० मा उल्लेख भएका परिमाणको योग परिमाण र महल ५ को बार्षिक खरिद परिमाणको मात्रा बराबर हुनुपर्दछ साथै महल नं. ८ र ११ मा उल्लेख भएका रकमको योग रकम र महल ६ को बार्षिक खरिद रकम बराबर हुनुपर्दछ ।***

***ख. खरिद गरिएकै हालतमा बिक्री गर्ने उद्देश्यले खरिद गरिएका वस्तु यस शीर्षकमा उल्लेख गर्नुहुँदैन । प्रतिष्ठानको कच्चा पदार्थको रेकर्डमा त्यस्तो खरिद विवरण समेत समावेश भएको भए कटाई सो को खरिद रकम खण्ड ८ को लहर ८.०२ अन्तर्गतको महल ३ र ४ मा उल्लेख गर्नुपर्दछ भने सो को मौज्दात खण्ड ७ को लहर ७.०५ मा समावेश गर्नुपर्दछ ।***

यस खण्डमा महल ३ **CPC** कोड उल्लेख गर्नको लागि बनाइएको छ । उक्त महल तथ्याङ्क सङ्कलनको समयमा भर्न पर्दैन सो प्रश्नावली भरिसकेपछि कार्यालयमा भर्नुपर्दछ । तसर्थ कच्चा पदार्थ लेख्दा स्पष्ट र पुरा विवरण लेख्नुपर्दछ । जस्तैः कुनै दालमोठ उद्योगले कच्चा पदार्थ घ्यू भनेको छ भने घ्यू मात्र नलेखि वनस्पति घ्यू वा गाई भैसीको घ्यू वा जनावरको वोसोको घ्यू के हो प्रस्ट लेख्नुपर्दछ । किनकी ती सबै घ्यूका अलग अलग CPC कोड हुन्छन् ।

## खण्ड ६. उत्पादन र उत्पादित वस्तुको बिक्री

**नोटः यदि उद्योग प्रतिष्ठान औद्योगिक वस्तु उत्पादन गर्ने प्रकारको नभई सेवा प्रदान गर्ने (जस्तैः फोहर सङ्कलन र विसर्जन गर्ने, पाईपलाईनबाट पानीको वितरण गर्ने) प्रकृतिको भएमा उत्पादनको विवरण उल्लेख गर्नुपर्दैन तर सो उद्योग प्रतिष्ठानले गरेको आम्दानीको विवरण खण्ड ८ र १० मा समावेश गर्नुपर्दछ ।**

**तर विद्युत्, पानी उत्पादन (पानी बोटलिंग गरी बिक्री वितरण गर्ने क्रियाकलाप अन्तर्गतको) परिमाण तथा मूल्यको विवरण भने यसअन्तर्गत उल्लेख गर्नुपर्दछ ।**

"उत्पादन" भन्नाले उद्योग प्रतिष्ठानले कच्चा पदार्थको प्रशोधन तथा रुपान्तरण गरी तयार गरेको वस्तुलाई सम्झनुपर्दछ । यसअन्तर्गत प्रमुख उत्पादन र सहायक उत्पादनहरू सबैको विवरण उल्लेख गर्नुपर्दछ । उद्योग प्रतिष्ठानको कच्चा पदार्थको प्रयोग गरी अरु कुनै उद्योग प्रतिष्ठानबाट तयार पारिएको वस्तुलाई पनि यस शीर्षकमा समावेश गर्नुपर्दछ । साथै अर्धतयारी वस्तु बिक्री गरेको भएमा सोको विवरण पनि यहाँ उल्लेख गर्नु पर्दछ । यस प्रकार उत्पादित वस्तुहरूको विवरण लेख्दा ६.०१ देखि क्रमशः उत्पादन गरेको मुख्य मुख्य उत्पादनहरूको नाम उल्लेख गर्नुपर्दछ । यसरी क्रम छुट्याउँदा सबैभन्दा बढी मात्रामा (रकमको आधारमा) उत्पादन गरेको वस्तुलाई लहर नं. ६.०१ मा उल्लेख गर्ने र त्यसपछि क्रमानुसार लहर नं र अरु उत्पादित वस्तुहरू क्रमशः लेख्दै जानुपर्दछ । कुनै एउटा लहरको सम्पुर्ण विवरण पुरा नभएसम्म अर्को लहरको विवरण सोध्नु हुँदैन तर कुनै एउटा उत्पादन एक भन्दा धेरै देशहरूमा बिक्री गरेको हुनसक्दछ यदि त्यस्तो भएमा सवै देशहरूको बिक्री उल्लेख गरे पश्चात मात्र अर्को लहरको उत्पादन सोध्नुपर्दछ । उक्त लहरहरूसँग सम्बन्धित एकाइको महलमा उत्पादन गरिएको परिमाणको एकाइ (जस्तैः के.जी., लिटर आदि) समेत खुलाउनुपर्दछ ।

क. यहाँ उदाहरणको लागि चामल उद्योगको मुख्य उत्पादन चामल हो र सहायक उत्पादन ब्रान, भुस पनि छ भने सन्दर्भ समयको चामल, ब्रान र भूसको वार्षिक उत्पादनको परिमाण र बिक्री क्रमशः उल्लेख गर्नुपर्दछ । गार्मेण्ट उद्योगको उत्पादनहरू जस्तैः शर्ट, पाइन्ट, टिसर्ट, आदि वस्तुको नाम उल्लेख गरी विवरण भर्नुपर्दछ । यसैगरी दुग्धजन्य उद्योगको दुध, घ्यू, मख्खन, चीज, आदिको नाम उल्लेख गरी विवरण भर्नुपर्दछ ।

ख. खानी तथा उत्खनन् सम्बन्धी क्रियाकलाप गर्ने प्रतिष्ठानले ढुङ्गा खानी उत्खनन् गर्ने क्रममा माटो पनि निस्कने हुन्छ र उक्त माटो पनि बिक्री गरिएको रहेछ भने सहायक उत्पादनको रूपमा बार्षिक रुपमा यसको बार्षिक उत्पादनको परिमाण र बिक्री मूल्य समेत यसअन्तर्गत राख्नुपर्दछ ।

नेपालभित्र बिक्री भएको वस्तुहरूको परिमाण र रकमलाई नेपालमा भन्ने शीर्षक अन्तर्गतको महलमा उल्लेख गर्नुपर्दछ । उत्पादित वस्तुको बिक्री रकम उल्लेख गर्दा वस्तुहरूलाई उद्योग प्रतिष्ठानको परिसर बाहिर लैजानु अघि लागेका सम्पूर्ण करहरू समेत समावेश गरी उत्पादित वस्तुको मूल्य लेख्नुपर्दछ ।

यसैगरी उत्पादित वस्तुमध्ये बिक्री गरिएको वस्तुको परिमाण र रकम खुलाउँदा नेपालबाहेक अन्य कुनै देशमा बिक्री गरेको भएमा अलग अलग देशको नाम उल्लेख गरी बिक्री गरेको परिमाण र रकमलाई अलग अलग सम्बन्धित महलहरूमा खुलाउनुपर्दछ ।

*द्रष्टव्यः* ***क. अन्य उद्योग प्रतिष्ठान वा व्यक्तिलाई कच्चा पदार्थ उपलब्ध गराई आफ्नो उद्योग परिसरभन्दा बाहिर लगेर ठेक्का वा अन्य शर्तमा कुनै वस्तु उत्पादन गर्न लगाएको भए त्यस्ता उत्पादित वस्तु वा वस्तुहरूको नाम, परिमाण एवं रकम यस शीर्षकमा समावेश गरे तापनि उक्त वस्तु उत्पादन गर्दा भएको सेवा खर्च रकम खण्ड ८ को प्रश्न ८.०१ को महल ३ मा उल्लेख गर्नुपर्दछ ।***

***तर अरु नै उद्योग प्रतिष्ठान वा व्यक्तिको कच्चा पदार्थ प्रयोग गरी ठेक्का वा अन्य शर्तमा वस्तु उत्पादन गरी तयारी वस्तु फिर्ता गरिएको खण्डमा त्यस्ता उत्पादित वस्तु वा वस्तुहरूको नाम, परिमाण एवं रकम यस शीर्षकमा समावेश गर्नुहुँदैन । त्यस किसिमबाट प्राप्त गरेको आम्दानी खण्ड ८ को प्रश्न ८.०१ को महल ४ मा उल्लेख गर्नुपर्दछ ।***

***द्रष्टव्यः २ यदि उत्पादित वस्तुहरूको उत्पादन र बिक्री एउटै पेजमा समावेश गर्न अपुग भएमा आवश्यकता अनुसारको थप प्रश्नावली प्रयोग गर्नुहोस् ।***

## खण्ड ७. मौज्दात

प्रतिष्ठानको लागि विभिन्न समयमा खरिद गरी प्रयोगमा नआइसकेका सबै कच्चा पदार्थ, इन्धन, अर्धतयारी वस्तु, तयारी वस्तु, खरिद गरेको हालतमा बिक्री हुने वस्तु तथा आदि सामानहरुलाई मौज्दात भनिन्छ । यहाँ मौज्दात भन्नाले सन्दर्भ वर्षको सुरु तथा अन्त्यमा रहेको मौज्दातलाई बुझ्नुपर्दछ । तसर्थ सन्दर्भ वर्ष भन्दा अघिल्लो वर्ष बिक्री वा उत्पादनको लागि उपभोग (प्रयोग) गरी बाँकी रहन आएका सामानहरू सन्दर्भ वर्षमा सुरु मौज्दात हुन आउँदछ भने सन्दर्भ वर्षको अन्त्यमा बिक्री वा उत्पादनको लागि प्रयोग पश्चात बाँकी रहन आएको सामानलाई सन्दर्भ वर्षको अन्त्यको मौज्दात भनिएको छ । *यस गणनाको लागि २०७५ साल श्रावण १ गतेको मौज्दातलाई सन्दर्भ वर्षको सुरुको मौज्दात र २०७६ साल आषाढ मसान्तको मौज्दातलाई सन्दर्भ वर्षको अन्त्यको मौज्दात मानी गणना गर्नुपर्दछ* ।

मौज्दातको मूल्याङ्कन गर्दा दुई सिद्धान्त अपनाउने गरिन्छ ।

(क) बाँकी मौज्दातको बजार मूल्य धेरै भएर खरिद मूल्य कम भएमा खरिद मूल्यबाट नै मूल्याङ्कन गर्नुपर्दछ । अर्थात, खरिद मूल्यका आधारमा (Cost Price Basis)

(ख) मौज्दातको खरिद मूल्यभन्दा वर्तमान बजार मूल्य कम भएमा बजार मूल्यबाट मूल्याङ्कन गर्नुपर्ने हुन्छ । अर्थात, बजार मूल्यको आधारमा (Market Price Basis)

छोटकरीमा भन्नुपर्दा अन्तिम मौज्दातको परल मूल्य र बजार मूल्यमध्येमा जुन मूल्य थोरै हुन्छ त्यसैलाई आधार मानी मूल्याङ्कन गर्नुपर्दछ ।

जस्तै : २०७५ साल जेष्ठमा १०० क्वीण्टल गहुँ रु. १२००/- प्रति क्वीण्टलका दरले फ्लोरीङ्ग मिल रुपन्देहीले मैदा उत्पादन गर्नका लागि कच्चा पदार्थको रूपमा खरिद गरेको रहेछ तर सोमध्ये ५० क्वीण्टल गहुँ २०७५ आषाढ मसान्तभित्र मैदा उत्पादन गर्न नभ्याएर बाँकी रहेछ र हाल स्थानीय बजारमा गहुँको मूल्य रु. ११००/- प्रति क्वीण्टल छ भने :

सुरु (२०७५ श्रावण १ गतेको) मौज्दात रकम : ५० × ११०० = रु. ५५,००० वास्तविक मौज्दात हुन आउँछ । यसरी औद्योगिक सर्वेक्षणको प्रश्नावलीको मौज्दातमा परिमाण उल्लेख नगरी मौज्दात परिमाणको कुल मूल्यलाई उल्लेख गर्नुपर्ने हुन्छ ।

उद्योग प्रतिष्ठानहरूमा निम्न बमोजिमका सामानहरू मौज्दातको रूपमा रहेका हुन सक्दछन् ।

**७.०१ कच्चा पदार्थ :**

यस शीर्षक अन्तर्गत वस्तु उत्पादन गर्ने क्रममा प्रयोग हुने सबै प्रकारका (खण्ड ५ मा उल्लेखित) कच्चा पदार्थहरू प्रयोग भएर बाँकी रहेका छन् भने यसअन्तर्गत पर्दछन् । यसका साथै उद्योग प्रतिष्ठानको आफ्नै प्रयोगको लागि गरिने निर्माण, मर्मत कार्य आदिमा प्रयोग हुने कच्चा पदार्थ समेत समावेश गर्नुपर्दछ । तर खरिद गरेको हालतमा बिक्री गर्ने उद्देश्यले खरिद गरेका कच्चा पदार्थहरु यस महलअन्तर्गत पर्दैन । सन्दर्भ वर्षको सुरुमा तथा अन्त्यमा रहेका कच्चा पदार्थको एकमुष्ठ मौज्दातको रकम क्रमशः ७.०१ को महल ३ र ७.०१ को महल ४ मा लेख्नुपर्दछ । कच्चा पदार्थ प्रयोग नहुने उद्योग प्रतिष्ठानको हकमा "X" चिह्न लेख्नुपर्दछ ।

**७.०२ इन्धन :**

उद्योग प्रतिष्ठानले खरिद गरेको इन्धन (४.१.१ देखि ४.१.८ सम्म) उत्पादन कार्यमा प्रयोग भई बाँकी रहेको इन्धनको सम्बन्धमा सन्दर्भ समय भन्दा अगाडिको भएमा सन्दर्भ वर्षको सुरुको मौज्दात वा प्रश्न ७.०२ को महल ३ मा र अन्त्यको मौज्दात भएमा सन्दर्भ वर्षको अन्त्यको मौज्दात वा ७.०२ को महल ४ मा लेख्नुपर्दछ ।

**७.०३ अर्धतयारी वस्तु :**

“अर्धतयारी वस्तु” भन्नाले उद्योग प्रतिष्ठानले वस्तु उत्पादन गर्दा पूर्ण रूपमा तयार नभई केही अंश तयार गर्न बाँकी रहेको र त्यसलाई पूर्णतः तयार बनाउनको निमित्त उत्पादन प्रक्रियाको क्रममा पुनः लैजानु पर्ने भएमा त्यस्तो वस्तुलाई अर्धतयारी वस्तु सम्झनुपर्दछ । जस्तैः चिनी मिलमा उखुको रस, चामल कुट्ने मिलमा ननिफनेको चामल, फर्निचर उद्योगमा रङ्गरोगन नगरिएका वा अन्तिम रूप नदिइएका फर्निचर, आदिलाई अर्धतयारी वस्तु भनिन्छ । अतः यस्ता वस्तुको एकमुष्ट मौज्दातको रकम लेख्दा सन्दर्भ वर्षको सुरुमा रहेको मौज्दात ७.०३ को महल ३ मा र अन्त्यमा रहेको मौज्दात ७.०३ को महल ४ मा उल्लेख गर्नुपर्दछ ।

**७.०४ तयारी वस्तु :**

मौज्दातमा रहेको तयारी वस्तु भन्नाले उद्योग प्रतिष्ठानले पूर्ण रूपमा तयार गरेको उत्पादित वस्तु तर बिक्री भइ नसकेकोलाई सम्झनुपदर्छ । यी वस्तुहरू पूर्णतः तयार भै सकेको हुँदा सिधै बजारमा लैजान सकिन्छ । यस्ता

तयारी वस्तुहरूको एकमुष्ठ रकम यकीन गरी सन्दर्भ वर्षको सुरुको मौज्दात भएमा ७.०४ को महल ३ र सन्दर्भ वर्षको अन्त्यको मौज्दात भएमा ७.०४ को महल ४ मा उल्लेख गर्नुपर्दछ । जस्तैः गामेण्ट उद्योगले सर्ट पाइन्ट इत्यादी तयार पारेका कपडा सबै बिक्री नभै वा पछि बेच्नका लागि मौज्दातमा राखिएको छ भने यसअन्तर्गत पर्दछ ।

**७.०५ खरिद गरेको हालतमा बिक्री हुने वस्तु :**

प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादनको लागि नभई अरुलाई विक्रि उद्देश्यले खरिद गरेको कच्चा पदार्थ तथा अन्यवस्तुहरु बिक्री गरी बाँकी रहेका छन् भने यसअन्तर्गत पर्दछ । खरिद गरिएको हालतमा बिक्री हुने यस्ता वस्तुहरूको मौज्दात सन्दर्भ वर्षको सुरुमा भए ७.०५ को महल ३ मा र सन्दर्भ वर्षको अन्त्यमा भए ७.०५ को महल ४ मा रुपैयाँमा उल्लेख गर्नु पर्दछ ।

**७.०६ पूँजीगत कार्य प्रगति (Capital work in progress) :**

पूँजीगत कार्य प्रगति भन्नाले सन्दर्भ अवधिमा वा सो भन्दा अगावै पूँजीगत प्रकृतिको निर्माण सुरुभै सकेको तर पुरा नभैसकेको संरचनामा सन्दर्भ अवधिमा थप निमार्ण कार्य गरिएको अवस्थालाई जनाउँदछ । सोही अवधिभित्र भवन, गोदाम, पर्खाल, आश्रयस्थल, प्रतिक्षालय, पोखरी आदि जस्ता संरचनाको भौतिक निर्माणको कार्य पूर्णरूपमा सम्पन्न हुन थप साधन-स्रोत र समय लाग्ने भएमा जति मात्रामा कार्य प्रगति भएको छ सोको मात्र खर्च रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

जस्तैः कुनै प्रतिष्ठानले ४ तले औद्योगिक भवन निर्माण गर्न रु ५ करोडको लागत अनुमानमा वहुवर्षिय आयोजना शुरु गरेको थियो । सन्दर्भ वर्षको शुरुको दिन अर्थात २०७५ श्रावण १ गते सम्म जम्मा १ करोड ८० लाख रुपैयाको लागतमा एक तला भवनको निर्माण सम्पन्न भएको थियो । त्यस पछि सन्दर्भ अवधि अर्थात आर्थिक वर्ष २०७५/७६ को अन्तमा थप १ करोड २० लाख वरावरको निर्माण कार्य सम्पन्न भई आयोजना शुरु भए देखि जम्मा ३ करोड वरावरको निर्माण कार्य सम्पन्न भयो तर भवन पूर्ण रुपमा निर्माण हुन अझै वाँकी छ । यस उदाहरणमा १ करोड ८० लाख पूँजीगत कार्य प्रगतिको शूरुको मौज्दात् हुन्छ भने ३ करोड पूँजीगत कार्य प्रगतिको अन्तिम मौज्दात हुन्छ ।

**७.०७ अन्य :**

माथि उल्लेखित मौज्दात अन्तर्गतका शीर्षकहरूमा नपरेका तर उद्योग प्रतिष्ठानका लागि मध्यवर्ती (कच्चा पदार्थ बाहेक) उपभोगमा प्रयोग हुने वस्तुहरू मौज्दातमा रहेका भए यसमा समावेश गर्नुपर्दछ । उदाहरण : डटपेन, फाइल, कागज आदि ।

***द्रष्टव्यः मौज्दातमा वस्तुहरूको प्रविष्टि (Posting) गर्दा पनि केही सीमाहरू आउँछन् जुन देहायअनुसार प्रष्ट हुनु आवश्यक छ ।***

- अरुको स्वामित्वमा हस्तान्तरण भै सकेका तयारी वस्तुहरू पनि गोदाम वा प्रतिष्ठान परिसरमा नै भएमा त्यस्तो वस्तुको रकम यहाँ उल्लेख गर्नुहुँदैन । ती वस्तुहरू बिक्री भै सकेको हुँदा शीर्षक ६ मा उत्पादन र उत्पादित वस्तुको बिक्री अन्तर्गत समावेश भईसकेको हुन्छ ।
- खरिद गरेको हालतमा बिक्री गर्ने उद्देश्यले खरिद गरिएका तयारी वस्तु ७.०४ अन्तर्गत नलेखी ती वस्तुलाई ७.०५ मा उल्लेख गर्नुपर्दछ ।

- कुनै “क” भन्ने उद्योग प्रतिष्ठानको कच्चा पदार्थ प्रयोग गरी “ख” भन्ने उद्योग प्रतिष्ठानले तयारी वस्तु उत्पादन गरी “क” लाई हस्तान्तरण गर्न बाँकी रहेको भएमा सो वस्तुको रकम “ख” भन्ने उद्योग प्रतिष्ठानको मौज्दात शीर्षकमा राख्न हुँदैन उक्त वस्तु “क” भन्ने उद्योग प्रतिष्ठानमा नै मौज्दातको रूपमा सम्बन्धित महलमा राखिने हुँदा जुन उद्योग प्रतिष्ठानको कच्चा पदार्थ प्रयोग भएको हो सोबाट बनेको उत्पादित वस्तु पनि सोही प्रतिष्ठानको स्वामित्वमा हुन्छ ।

## खण्ड ८. औद्योगिक सेवाबापतको खरिद/खर्च तथा बिक्री/आम्दानी

कतिपय उद्योग प्रतिष्ठानले उत्पादन कार्यसंग प्रत्यक्ष संलग्न रहने सेवाहरू अन्य उद्योग प्रतिष्ठान वा व्यक्तिहरूलाई उपलब्ध गराएबापत आम्दानी प्राप्त गर्ने गर्दछन् । त्यस्तै अर्कोतर्फ त्यस्ता सेवाहरू अन्य व्यक्ति वा प्रतिष्ठानहरूबाट पनि उद्योग प्रतिष्ठानहरू ले लिनुपर्ने हुन्छ र सोबापत केही रकम दिनुपर्ने हुन्छ । आफ्नो प्रतिष्ठानले त्यस्तो किसिमको सेवा सन्दर्भ समयमा विभिन्न तरिकाले प्रदान गरेको भए सोबापत प्राप्त हुने सम्पूर्ण रकमलाई नै औद्योगिक सेवाबापतको आम्दानी मान्नु पर्दछ । त्यस्तै सेवाहरू प्रतिष्ठानले लिएबापत अन्य व्यक्ति वा प्रतिष्ठानलाई भुक्तानी दिएको हुन सक्दछ । तसर्थ सोबापत तिरेको सम्पूर्ण रकमहरू औद्योगिक सेवाबापतको खर्च अन्तर्गत लिनु पर्दछन् । औद्योगिक सेवाबापतको खर्च तथा प्राप्त आम्दानीमा देहायअनुसारका खर्च र आम्दानीहरू पर्दछन् ।

**नोट : उद्योग प्रतिष्ठानले यस्ता सेवाहरू प्रत्यक्ष वा ठेक्कामा वा अन्य शर्त राखेर प्रदान गरेको वा सेवा लिएको भएता पनि यस सम्बन्धी आम्दानी खर्च यसअन्तर्गत पर्दछन् ।**

### ८.०१ ठेक्का वा अन्य शर्त सम्बन्धी कार्य

(संस्थागत सेवा करारमा खर्च भएको रकम समेत)

उद्योग प्रतिष्ठानले ठेक्कामा वा अन्य शर्त राखेर आफ्नो कच्चा पदार्थ अन्य व्यक्ति वा संस्थालाई उपलब्ध गराई प्रशोधन, रुपान्तरण वा उत्पादन गर्दा लागेको खर्च रकम उक्त उद्योग प्रतिष्ठानको औद्योगिक सेवा लिए बापतको खर्चलाई खण्ड ८ को लहर ८.०१ को महल ३ अन्तर्गत उल्लेख गर्नुपर्दछ । उद्योग प्रतिष्ठानले अन्य प्रतिष्ठानको लागि सोही प्रकृतिको सेवा प्रदान गरेको भए सन्दर्भ समयमा सोबापत वार्षिक रूपमा कति रकम आम्दानी प्राप्त गरेको थियो उक्त बार्षिक आम्दानी रकम रुपैयाँमा महल ४ मा उल्लेख गर्नुपर्दछ ।

जस्तैः झापा जिल्लाको केडिया सुगर मिलको १,००० क्वीण्टल चिनी उत्पादन गर्न आवश्यक उखु तथा अन्य कच्चा पदार्थ महोत्तरी जिल्लाको एभरेष्ट सुगर एण्ड केमिकल ईन्डष्ट्रीजलाई दिएमा सोबापत केडिया सुगर मिलले एभरेष्ट सुगर एण्ड केमिकल ईन्डष्ट्रीजलाई तिरेको रकम केडिया सुगर मिलको अरुबाट सेवा लिए बापतको खर्च अन्तर्गत उल्लेख गर्नुपर्दछ । उक्त उद्योग प्रतिष्ठानको औद्योगिक सेवा लिएबापतको खर्च खण्ड ८ को लहर ८.०१ को महल ३ अन्तर्गत उल्लेख गर्नुपर्दछ । तर एभरेष्ट सुगर एण्ड केमिकल ईन्डष्ट्रीजमा तथ्याकं सङ्कलन गर्दा भने सो बराबरको रकम अरुको काम वा सेवा गरिदिएबापत प्राप्त आम्दानी महल ४ मा रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादनका लागि कम्पनी वा अन्य संस्थाबाट ठेक्कामा वा अन्य शर्त राखेर संस्थागत करारमा कर्मचारी भर्ना गरेको छ भने यस बापत कम्पनी वा संस्थालाई वार्षिकरूपमा निश्चित रकम भुक्तानी गरेको हुन्छ । यसरी संस्थागत करारमा भर्ना गरिएका कामदारहरूका लागि भुक्तानी गरिएको रकम यहाँ एकमुष्ट रूपमा खण्ड ८ को पहिलो लहर ८.०१ को महल ३ मा उल्लेख गर्नुपर्दछ । त्यस्तै प्रतिष्ठानले ठेक्कामा वा अन्य

शर्त राखेर अन्य प्रतिष्ठानका लागि करारमा कर्मचारी को व्यवस्था गरिदिएबापत निश्चीत रकम प्राप्त गरेको छ भने प्राप्त आम्दानी महल ४ मा रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

**नोट : ठेक्का वा अन्य शर्तमा अरु कसैबाट अनुसन्धान र विकासमा खर्च गरेको भए खण्ड ८.०७ को महल ३ अन्तर्गत उल्लेख गर्नुपर्दछ ।**

### ८.०२ खरिद गरेको हालतमा बिक्री हुने वस्तुको खरिद तथा बिक्री सम्बन्धी रकम

खरिद गरेको हालतमा बिक्री हुने वस्तु वा सामानहरू जसलाई उत्पादन कार्यमा नलगाई वस्तुको रूप परिवर्तन नगरीकन खरिद गरेको हालतमै बिक्री गर्ने गरिन्छ अर्थात व्यापार सेवा गरिन्छ भने त्यसलाई खरिद गरेको हालतमा बिक्री हुने वस्तु भनिन्छ । त्यस्ता वस्तुहरू कच्चा पदार्थ वा तयारी वा अर्धतयारी अवस्थामा रहेको पनि हुन सक्दछन् । सन्दर्भ समय भित्रमा त्यस्ता वस्तु खरिद गरेको भए वार्षिक खरिद रकम अर्थात महल नं. ३ मा र खरिद गरेकै हालतमा बिक्री गरेको भए वार्षिक आम्दानी रकम अर्थात महल नं. ४ अन्तर्गत सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

उदाहरण नं १ यदि राम जानकी चिउरा मिलले चिउरा उत्पादन गर्नका लागि खरिद गरेको 1,000 क्वीण्टल धान विभिन्न कारणले गर्दा उसले 950 क्वीण्टल धानको मात्र चिउरा उत्पादन गऱ्यो र बाँकी 50 क्वीण्टल धान नै बिक्री गरेको रहेछ भने उक्त 50 क्वीण्टल धान खरिद गरेको हालतमा बिक्री हुने वस्तु मानी खरिद र बिक्री दुवै महलमा उल्लेख गर्नुपर्दछ । यसै शीर्षक अन्तर्गत 50 क्वीण्टल धानको खरिद मूल्यलाई वार्षिक खर्च रकमको महलमा र सोही मात्राको धान बिक्रीबाट प्राप्त रकम आम्दानीको महलमा उल्लेख गर्नुपर्दछ तर उक्त 50 क्वीण्टल धानको खरिद रकम कच्चा पदार्थको खरिद विवरणबाट घटाउनुपर्दछ भने उत्पादन र उत्पादन वस्तुको बिक्रीमा यो विवरण राख्नु हुँदैन ।

**उदाहरण नं २** कुनै उद्योग प्रतिष्ठानले कच्चापदार्थमा प्रयोग हुने वस्तुहरु जस्तै धान, कार्पेट बुन्ने धागो, काठ टाँक, पानी सफाईका रसायन इत्यादी वस्तुहरू जे जस्तो अवस्थामा खरिद गरेका छन् सोही अवस्थामा बिक्री गर्ने उद्देश्य राखेर खरिद गरेको छ भने पनि ती खरिद र बिक्री गरिएको वस्तुहरूको रकम उल्लेख गर्नुपर्दछ ।

### ८.०३ हानीकारक तथा गैरहानीकारक फोहोर संकलन प्रशोधन र बिसर्जन सेवाबापत भएको खर्च र आम्दानी सम्बन्धी रकम

सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले घरायसी वा उद्योग प्रतिष्ठान स्थलबाट निस्कने हानीकारक तथा गैरहानिकारक फोहोरहरू सङ्कलन प्रशोधन तथा बिसर्जन गर्ने सेवा अन्य प्रतिष्ठान वा व्यक्तिबाट लिएबापतको खर्चलाई खण्ड ८ को लहर ८.०३ को महल ३ अन्तर्गत उल्लेख गर्नुपर्दछ र यदि यस्तै सेवा अन्य प्रतिष्ठान वा व्यक्तिलाई प्रदान गरेको भए सो सेवाबापत सन्दर्भ समयमा वार्षिक रूपमा कति रकम आम्दानी प्राप्त गरेको थियो उक्त बार्षिक आम्दानी रकम रुपैयाँमा महल नं. ४ मा उल्लेख गर्नुपर्दछ ।

### ८.०४ ढल निकास तथा फोहर पानी, सेफ्टी ट्याङ्की सफागर्ने सेवाबापत भएको खर्च र आम्दानी सम्बन्धी रकम

सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादनको क्रममा औद्योगिक क्रियाकलापहरूबाट निस्किएको फोहर पानी, ढल वा नालीको मर्मत तथा सफाई व्यवस्थापन सम्बन्धी सेवा कसैबाट लिएबापतको खर्चलाई खण्ड ८ को लहर ८.०४ को महल ३ अन्तर्गत उल्लेख गर्नुपर्दछ र यदि यस्तै सेवा प्रदान गरेको भए सो सेवाबापत सन्दर्भ समयमा वार्षिक रूपमा कति रकम आम्दानी प्राप्त गरेको थियो उक्त बार्षिक आम्दानी रकम रुपैयाँमा महल ४ मा उल्लेख गर्नुपर्दछ ।

**८.०५ पानीको संकलन, शुद्धीकरण (बोरिङ्ग ईनार,खानेपानी ट्याङ्की,पाईप) र पानी पाईपबाट वितरण प्रशोधन तथा सफा गर्ने सेवाबापत भएको खर्च र आम्दानी सम्बन्धी रकम**

सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानले जमिन वा जमिन मुनीको पानी प्रशोधन वा ट्याङ्की सफाई गर्ने तथा पानी बितरण सम्बन्धी सेवा लिएबापतको खर्चलाई खण्ड ८ को लहर ८.०५ को महल ३ अन्तर्गत उल्लेख गर्नुपर्दछ र यदि यस्तै सेवा प्रदान गरेको भए सो सेवाबापत सन्दर्भ समयमा वार्षिक रूपमा कति रकम आम्दानी प्राप्त गरेको थियो उक्त बार्षिक आम्दानी रकम रुपैयाँमा महल ४ मा उल्लेख गर्नुपर्दछ ।

**८.०६ सामान्य मर्मत तथा संभार सेवाबापत खर्च तथा बिक्री सम्बन्धी रकम**

प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादनको क्रममा ठेक्का वा अन्य शर्तमा अरु कसैबाट मर्मत तथा संभार सेवा लिएबापतको खर्चलाई खण्ड ८ को लहर ८.०६ को महल ३ अन्तर्गत उल्लेख गर्नुपर्दछ र यदि यस्तै सेवा प्रदान गरेको भए सो सेवाबापत सन्दर्भ समयमा वार्षिक रूपमा कति रकम आम्दानी प्राप्त गरेको थियो उक्त बार्षिक आम्दानी रकम रुपैयाँमा महल ४ मा उल्लेख गर्नुपर्दछ । उद्योग प्रतिष्ठानले सामान्य मर्मत संभारवाट प्राप्त रकमलाई यस महलमा समावेश गर्नुपर्दछ ।

**८.०७ ठेक्का वा अन्य शर्तमा अनुसन्धान र विकासमा गरेको खर्च तथा आम्दानी सम्बन्धी रकम**

अनुसन्धान र विकास भन्नाले उद्योग प्रतिष्ठानले आफ्नो उद्योग प्रतिष्ठानको क्षमता बृद्धि गर्न, उत्पादनलाई बढी गुणस्तरीय बनाउन, पहुँचयोग्य र उपभोग्य तुल्याउन बजार व्यवस्थापन तथा बजार विविधीकरण आदि जस्ता कार्यको लागि उद्योग प्रतिष्ठानले ठेक्का वा अन्य शर्तमा अरु कसैबाट अनुसन्धान र विकाससम्बन्धी काम गराएको रहेछ भने यसबापतको खर्चलाई खण्ड ८ को लहर ८.०७ को महल ३ अन्तर्गत उल्लेख गर्नुपर्दछ र यदि यस्तै सेवा प्रतिष्ठानले प्रदान गरेको भए सो सेवाबापत सन्दर्भ समयमा वार्षिक रूपमा कति रकम आम्दानी प्राप्त गरेको थियो उक्त बार्षिक आम्दानी रकम रुपैयाँमा महल ४ मा उल्लेख गर्नुपर्दछ ।

**नोटः उद्योग प्रतिष्ठानले अनुसन्धान र विकास सम्बन्धी कार्य आफ्नै नियमित कर्मचारीबाट भएको भए सोमा गरिएको खर्च रकम खण्ड १३ मा समावेश गर्नुपर्दछ ।**

**जम्मा :**

खण्ड ८ को जम्मा खर्च रकम महल ३ को अन्तिम लहर र जम्मा आम्दानी रकम महल ४ को अन्तिम लहरमा रकम रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

## खण्ड ९. अन्य औद्योगिक सेवाबापत खर्च रकम

यदि उद्योग प्रतिष्ठानको उत्पादनसँग प्रत्यक्ष सम्बन्ध नरहने तर उद्योग प्रतिष्ठानहरूलाई आवश्यक पर्ने अन्य क्रियाकलापहरूमा भए गरेका खर्चहरू यसअन्तर्गत पर्दछन् ।

यस्ता सेवाबापत गरेका खर्चहरूलाई देहाय बमोजिम ९.०१ देखि ९.३० सम्म विभिन्न शीर्षकमा वर्गीकरण गरिएको छ । यस खण्ड अन्तर्गतका रकमहरू पनि रुपैयाँमा नै लेख्नुपर्दछ ।

**९.०१ जमिन भाडा** : उद्योग प्रतिष्ठानले औद्योगिक प्रयोजनका लागि जग्गा जमिन भाडामा वा लिजमा लिएको हुनसक्दछ । त्यस उद्योग प्रतिष्ठानले अन्य व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको जमिन भाडामा

लिई चलाएको रहेछ भने सोबापत भुक्तानी गरेको वार्षिक रकम महल ३ मा रुपैयाँमा उल्लेख गर्नुपर्दछ । यहाँ स्वामित्व भन्नाले कानुनी वा भोगचलनको स्वामित्वलाई जनाउँदछ ।

९.०२ **औद्योगिक भवन तथा गोदाम भाडा** : कुनै उद्योग प्रतिष्ठानले अन्य व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको घर तथा गोदाम औद्योगिक प्रयोजनका निमित्त भाडामा वा लिजमा लिईएको रहेछ भने सोबापत उक्त उद्योगले भुक्तानी गरेको वार्षिक रकम महल ३ मा रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

९.०३ **मेसिन तथा उपकरण भाडा** : कुनै उद्योग प्रतिष्ठानले अन्य व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको मेसिन तथा उपकरणहरू घरायसी प्रयोजनका लागि नभै औद्योगिक प्रयोजनका लागि भाडामा लिएको रहेछ भने सोबापत उद्योगले भुक्तानी गरेको वार्षिक रकम यस महलमा रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

९.०४ **कार्यालय रहेको भवन तथा वितरण स्थलको भाडा** : उद्योग प्रतिष्ठानले दैनिक आर्थिक तथा प्रशासनिक कार्य गर्न मूख्य औद्योगिक भवन वा यसको परिसर बाहेक अन्यत्र स्थानमा पनि कार्यालय प्रयोजनको लागि भवन वा भवनको केही तल्लाहरू वा कोठाहरू भाडामा लिएको भए सोको वार्षिक तिर्नुपर्ने भाडा रकम एकमुष्ट जोडेर महल ३ मा लेख्नुपर्दछ । साथै उद्योगले आफ्नो उत्पादनका लागि पनिं पसल राखेर बिक्री गर्न पनि सक्दछ र यस्तो पसल भाडामा लिएर उत्पादित वस्तु बिक्री-वितरण गरेको भए सो पसलको लागि तिरेको भाडा रकम समेत यसैमा जोडेर रुपैयाँमा एकमुष्ट लेख्नुपर्दछ ।

९.०५ **यातायातका साधनको भाडा** : उद्योग प्रतिष्ठानले अन्य उद्योग, संस्था वा व्यक्तिको स्वामित्वमा रहेका यातायातका साधनहरू भाडामा लिई औद्योगिक प्रयोजनका लागि प्रयोग गरेको पनि हुनसक्दछ, यदि त्यस्तो भएमा सो भाडाबापत तिरेको वार्षिक रकम पनि महल ३ मा लेख्नुपर्दछ ।

९.०६ **उत्पादित वस्तुहरूको ढुवानी खर्च** : उद्योग प्रतिष्ठानले उत्पादन गरेको उत्पादित वस्तु तथा सामग्री उत्पादन स्थल देखि भण्डार वा गोदाम रहेको स्थलसम्म ल्याउँदा वा उत्पादित वस्तु निर्धारित स्थानसम्म लैजाँदा ढुवानीबापत लागेको वार्षिक जम्मा रकम एकमुष्ट रूपमा यसअन्तर्गत समावेश गर्नुपर्दछ । **तर वस्तु ढुवानी गर्दा उद्योगले आफ्नै यातायात साधन प्रयोग गरेको रहेछ भने त्यस्तो खर्च यस महलमा समावेश गर्नु हुँदैन ।**

९.०७ **निर्जीवन बिमा/प्रिमियम** : उद्योग प्रतिष्ठानले वस्तुहरूको उत्पादन र यसको वितरण पक्षसँग सम्बन्धित जुनसुकै शीर्षकअन्तर्गत निर्जीवन बिमा शुल्क रकम भुक्तानी गरेको रहेछ भने त्यस्तो रकम एकमुष्ट रूपमा यस महलमा लेख्नुपर्दछ । **तर कर्मचारीको बीमाको रकम यहाँ उल्लेख गर्नु हुँदैन त्यस्तो रकम रोजगारसम्बन्धी विवरणको सुविधाअन्तर्गत पर्दछ ।**

९.०८ **सञ्चार खर्च (टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट, हुलाक, कुरियर, आदि)** : उद्योग प्रतिष्ठानले आफ्नो कार्यको सिलसिलामा भुक्तानी गरेको सञ्चार सम्पर्कअन्तर्गत गरेको वार्षिक खर्च (जस्तै हुलाक, टेलिफोन, टेलेक्स, ईमेल, इन्टरनेट, कुरियर खर्च आदि) यस महलमा एकमुष्ट रूपमा जोडेर लेख्नुपर्दछ ।

९.०९ **छपाई एवं स्टेशनरी खर्च** : उद्योग प्रतिष्ठानले सन्दर्भ समय भित्र छपाई एवं स्टेशनरी खर्च (जस्तैः विल, भौचर, आदि स्टेशनरी सामानहरू खरिद गर्दा भुक्तानी गरेको खर्चहरू) यस महलमा पर्दछन् ।

९.१० **कानुनी सेवाबापतको खर्च** : उद्योग प्रतिष्ठानले आफ्नो उद्योगसँग सम्बन्धित जुनसुकै प्रकारको कानूनी, सल्लाह लिएको भएमा सोबापत उक्त सेवा दिएको व्यक्ति वा सस्थालाई दिइएको भुक्तानी रकम यस महलअन्तर्गत समावेश गर्नुपर्दछ ।

**९.११ लेखापरीक्षणबापतको खर्च** : उद्योग प्रतिष्ठानले आफ्नो उद्योगको सन्दर्भ आर्थिक वर्षको वार्षिक कारोवारको लेखापरीक्षण गर्दा लागेको कुल खर्च रकम यस महलअन्तर्गत समावेश गर्नुपर्दछ ।

**९.१२ विशेषज्ञ वा सल्लाहकारबापतको खर्च** : उद्योग प्रतिष्ठानले आफ्नो उद्योगसँग सम्बन्धित कुनै प्रकारको विशेषज्ञ, प्राविधिक वा सल्लाहकार सेवा लिएको भए सोबापत भुक्तानी गरिएको रकम यस महलअन्तर्गत समावेश गर्नुपर्दछ ।

**९.१३ एजेण्टलाई दिएको कमिशन** : यदि कुनै उद्योग प्रतिष्ठानले आफ्नो उत्पादन बिक्री वितरण गर्नको लागि एजेण्ट नियुक्त गरेको रहेछ भने त्यस्ता एजेण्टहरूलाई दिएको कुल कमिशन रकम र व्यापार प्रवर्द्धनको सिलसिलामा सम्वद्ध व्यक्तिलाई व्यापार सहुलियत प्रदान गरेको रहेछ भने सोबापतको खर्च रकम पनि एकमुष्ट रूपमा यहाँ उल्लेख गर्नुपर्दछ ।

**९.१४ प्रचारप्रसार तथा बिक्री प्रवर्द्धन गर्ने अन्य खर्चहरू** : उद्योग प्रतिष्ठानले आफ्नो उत्पादित वस्तुहरूको बिक्री प्रवर्द्धनको लागि रेडियो, टेलिभिजन, पत्र पत्रिका, होर्डिङ्ग बोर्ड, ब्यानर, क्यालेन्डर आदिबाट विज्ञापन गराएको वा गराएबापत भुक्तानी दिएको जम्मा रकमहरू जोडेर महल ३ मा उल्लेख गर्नुपर्दछ ।

**९.१५ रोयल्टी, पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क खर्च** : उद्योग प्रतिष्ठानले विक्री वृदि गर्न कुनै पनि अख्तियारवालाको लोगो वा ट्रेडमार्क, फर्मुला, लाईसेन्स, पेटेन्ट आदि प्रयोग गर्ने गर्दछन् । प्रतिष्ठानले यस किसिमको डिजाइन, ट्रेडमार्क, पेटेन्ट आदि प्रयोग गरेबापत शुल्क तिरेको छ भने यसअन्तर्गत पर्दछ । राष्ट्रिय सम्पत्तिहरू जस्तै खानी, नदी (वालुवा, ढुङ्गा, माटो) आदि प्रयोग गरेबापत तिरेको रोयल्टी रकम यस महलमा उल्लेख गर्नुपर्दछ । यस शीर्षकअन्तर्गत हरेक वर्ष वुझाउने शुल्कहरू मात्र पर्दछन् ।

तर कुनै प्रतिष्ठानले आफ्नै पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क प्राप्त गरेको रहेछ भने सो त्यस कम्पनीको स्थायी सम्पत्तिका रूपमा मानिन्छ र सोबापतको लागत वा प्रचलित मूल्य खण्ड १२.मा स्थायी सम्पत्तिको विवरणको लहर १२.१२ मा उल्लेख गर्नुपर्दछ । तर पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क प्राप्त भैसकेको तर नविकरण वा अनुमतीको लागि मात्र खर्च गरेको छ भने यसैअन्तर्गत पर्दछन् ।

**९.१६ ससाना मेसिन तथा उपकरण खरिद ( स्पेयरपार्टस, नटबोल्ट, वेल्ट, फ्युज, ग्यासकेट, बियरिङ, कन्डक्टर, इन्सुलेटर, प्यानेलमिटर, रेक्टिफायर, आदि)** : विद्युत् उत्पादन वा वितरण गर्ने उद्योग प्रतिष्ठान तथा अन्य उद्योग प्रतिष्ठानहरुले वस्तु तथा सेवा उत्पादनमा प्रयोग हुने मेसिन वा अन्य उपकरणसम्बन्धी स्पेयरपार्टस, नटबोल्ट, वेल्ट, फ्युज, ग्यासकेट, बियरिङ, कन्डक्टर, इन्सुलैटर, प्यानेलमिटर, रेक्टिफायर आदि खरिद गरेको छ भने यसअन्तर्गत पर्दछ ।

**९.१७ पानी शुद्धीकरण गर्न प्रयोग हुने (पोटास, फिटकिरी, पिउस आदि) तथा रसायनहरू खरिद** : उद्योग प्रतिष्ठानको वस्तु तथा सेवा उत्पादनमा पानी शुद्धीकरण गर्न प्रयोग हुने (पोटास, फिटकिरी, पिउस आदि) रसायनहरू प्रयोग गरेको भएमा उक्त खर्च एकमुष्ट रूपमा समावेश गर्नुपर्दछ ।

**९.१८ फोहरमैला व्यवस्थापनमा प्रयोग हुने रसायन खरिद खर्च** : उद्योग प्रतिष्ठानको नियमित कामको सिलसिलामा उद्योग प्रतिष्ठानको लागि पानी ढलनिकास, फोहर व्यवस्थापनमा **प्रयोग हुने रसायन, ब्लीचिङ पाउडर, चुन इत्यादी खरिद खर्च** एकमुष्ट रूपमा समावेश गर्नुपर्दछ ।

९.१९ **कबाडी तथा खेरजाने टुकाटाक्री सामानहरू खरिद** : उद्योग प्रतिष्ठानको वस्तु तथा सेवा उत्पादनमा कबाडी तथा खेरजाने टुकाटाक्री सामानहरू खरिद गरेको भएमा एकमुष्ट रूपमा समावेश गर्नुपर्दछ ।

९.२० **भ्रमण तथा अनुगमन खर्च** : उद्योग प्रतिष्ठानको तालिम बाहेक नियमित कामको सिलसिलामा उद्योग प्रतिष्ठानको कर्मचारी वा अन्य कुनै कर्मचारीलाई भ्रमण तथा अनुगमन खर्च रकम उपलब्ध गराएको भए एकमुष्ट रूपमा समावेश गर्नुपर्दछ ।

९.२१ **तालिम (शैक्षिक/प्राविधिक) खर्च** : उद्योग प्रतिष्ठानको नियमित कामको सिलसिलामा उद्योग प्रतिष्ठानको कर्मचारी वा अन्य कुनै कर्मचारीलाई जुनसुकै प्रकारको तालिममा पठाँउदा लागेको रकम यहाँ समावेश गर्नुपर्दछ ।

९.२२ **ऋणबापत ब्याज तिरेको खर्च** : उद्योग प्रतिष्ठान सञ्चालन गर्न वा वस्तु उत्पादन गर्न वा अन्य औद्योगिक प्रयोजनको लागि उद्यमीले विगत जुनसुकै अवधिमा भएपनि बैकिङ्ग वा गैरबैकिङ्ग वा दुवैबाट ऋण लिएको रहेछ भने त्योबापत सन्दर्भ अवधिमा मात्र के कति ब्याज रकम भुक्तानी गरेको रकम यसअन्तर्गत समावेश गर्नुपर्दछ । यदि सोही सन्दर्भ समयमा पुरा साँवा वा किस्ताको रूपमा केही साँवा तिरेको भए सो रकम भने यहाँ समावेश गर्नुपर्दैन ।

९.२३ **बैंकिङ्ग सेवा खर्च** : उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिको कुनै समयमा कुनै बैकिङ्ग सेवा (ऋण लिने, ऋण नवीकरण गर्ने, भूक्तानी गर्ने, धितो क्लीयर गर्ने आदि) लिएबापत बैंक तथा वित्तीय संस्थालाई तिरेको सेवा शुल्कको खर्च रकम यहाँ समावेश गर्नुपर्दछ ।

जस्तैः सूर्य ज्योती बल्क उद्योगले आफ्नो उद्योग प्रतिष्ठान सञ्चालन गर्न वाणिज्य बैंकबाट रु. 1,00,00,000 ऋण वि.सं. २०६९ आश्विनमा लिएको रहेछ र वि.सं. २०७५ भाद्र मसान्तसम्म नवीकरण गरिसक्नुपर्ने सम्झौतामा उल्लेख भएअनुसार सन्दर्भ अवधिमा 0.5 प्रतिशत नवीकरण शुल्क अर्थात 5,000 तिरेछ । यस अवस्थामा उक्त उद्योगको बैकिङ्ग सेवा खर्चबापतको रकम रु. 5,000 लेख्नुपर्दछ ।

९.२४ **सदस्यता वा नवीकरण शुल्क** : उद्योग प्रतिष्ठानले सन्दभ अवधिको कुनै समयमा आफ्नो उद्योग प्रतिष्ठान कुनै संघ संस्थासंग आबद्ध भएको भएमा आबद्ध हुनको लागि नयाँ सदस्यता शुल्क वा नविकरण शुल्क तिरेको भए वार्षिक एकमुष्ट रकम यहाँ लेख्नुपर्दछ । त्यसैगरी स्थापनाकालमा दर्ता गरिएको सरकारी वा निजी निकायमा सन्दर्भ अवधिमा नवीकरण गर्दा लागेको नवीकरण शुल्क समेत यसैअन्तर्गत पर्दछ ।

जस्तैः सन्दर्भ अवधिमा आफ्नो उद्योग प्रतिष्ठान नेपाल सरकारको कुनै निकाय (कम्पनी रजिष्ट्रारको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय आदि), उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ लगायत अन्य संघ संस्थामा सदस्य भएबापत वा सदस्यता नवीकरण गरेबापत तिरेको रकम यसमा समावेश गरिन्छ ।

९.२५ **पुस्तक, पत्रपत्रिकाबापत खर्च** : सन्दर्भ अवधिभित्र दैनिक, आवधिक वा नियमित रूपमा खरिद गरिएका विभिन्न पुस्तकहरू, पत्र-पत्रिकाहरू, जर्नलहरूको वार्षिक खर्च यहाँ राख्नुपर्दछ । यसअन्तगर्त अनुसन्धानमुलक पुस्तक, अध्ययन कक्ष वा पुस्तकालयको लागि आवश्यक किताब, औद्योगिक उत्पादनको विवरण/व्याख्या समावेश भएका निर्देशिका, सूचीपत्र, ग्रन्थहरू आदिमा गरिएको वार्षिक खर्च समेत यसैअन्तर्गत जोडेर लेख्नुपर्दछ ।

९.२६ **सटही विनिमय खर्च (Exchange Loss)** : उद्योग प्रतिष्ठानले कुनै समय सटही/विनिमय दर परिवर्तन भएर सप्लायर्सलाई बिल प्राप्त गर्दाको रकम भन्दा बढी रकम भुक्तानी दिनुपर्ने पनि हुनसक्दछ । यसरी धेरै भुक्तानी दिनु परेमा सोबाट हुने घाटा खर्चको रूपमा यहाँ लेख्नुपर्दछ ।

उदाहरणको लागि सेन सप इन्डस्ट्रिजले भारतबाट रसायन पैठारी (आयात) गर्न अमेरिकन डलर 5,00,000 को अर्डर गरेको थियो जुन समयमा नेपाली रुपैयाँसँगको विनिमय दर 1 अमेरिकन डलर बराबर नेपाली रुपैयाँ 104 हुँदा जम्मा रु. 5,20,00,000 तिर्नु पर्दथ्यो । तर सो इन्डस्ट्रिजले सामान प्राप्त गरेर भुक्तानी दिने समयमा विनिमय दर बढेर 1 अमेरिकन डलर बराबर नेपाली रुपैयाँ 106 भएको रहेछ भने जम्मा रकम रु. 5,30,00,000 भुक्तानी गर्नुपर्ने भयो । यसरी सेन सप इन्डस्ट्रिजलाई रु. 10,00,000 सटही विनिमयबाट घाटा व्यहोर्नु पर्‍यो र यदि कच्चा पदार्थको खरिद रकममा रु. 5,20,00,000 उल्लेख भएको रहेछ भने रु. 10,00,000 सटही विनिमय खर्च हो र यसलाई यसअन्तर्गत लेख्नुपर्दछ ।

९.२७ **चन्दा, दान, उपहार, आदि** : उद्योग प्रतिष्ठानले बिल वा रसिद प्राप्त गरेर वा नगरी आफ्ना कामदार, कर्मचारी, अन्य व्यक्ति, संस्था, समूह आदिलाई साधारणतया वा विशेषरूपले उपलब्ध गराईएको चन्दा, वा गुठी, धार्मिक स्थल-अनुष्ठान, विद्यालय, स्याहार केन्द्र आदिमा दिएको दान, चन्दा वा उपहारहरूको खर्च रकम वार्षिक एकमुष्ट यहाँ उल्लेख गर्नुपर्दछ ।

९.२८ **बैठक भत्ता, खाजा खर्च, अतिथि सत्कार खर्च, आदि** : यसअन्तर्गत अतिथि सत्कार, बैठक भत्ता, खाजा खर्च आदि अन्य खर्च पर्दछन् ।

९.२९ **पटके ज्यालादारीमा भएको खर्च** : उद्योग प्रतिष्ठानमा नियमित र अस्थायी रूपमा काम गर्ने तलबी कर्मचारीहरू वा संस्थागत करारका कर्मचारीबाहेक प्रतिष्ठानको आवश्यकअनुसार पटके ज्यालादारीमा काम गर्ने कर्मचारीहरूमा भएको खर्च यसअन्तर्गत पर्दछन् ।

९.३० **अन्य खर्च** : माथि उल्लेख भएका अन्य औद्योगिक सेवाबापतका खर्च शीर्षकअन्तर्गत ९.०१ देखि ९.२९ भित्र नपरेका अन्य कुनै खर्च छन् भने त्यसलाई खुलाएर लेख्नुपर्छ ।

**जम्मा** :

खण्ड ९ को जम्मा लहरमा वार्षिक खर्च रकम महल नं. ३ को अन्तिम लहरमा रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

## खण्ड १०. अन्य औद्योगिक सेवाबाट प्राप्त रकम

१०.०१ **जमिन भाडा** : उद्योग प्रतिष्ठानको आफ्नै स्वामित्वमा रहेको जमिन अन्य कुनै व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानलाई भाडा वा लिजमा दिएबापत प्राप्त गरेको आम्दानीलाई यसमा उल्लेख गर्नुपर्दछ ।

१०.०२ **औद्योगिक भवन तथा गोदाम भाडा** : उद्योग प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको घर, गोदाम तथा भवन भाडा वा लिजमा दिएको रहेछ भने सोबापत प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

१०.०३ **मेसिन तथा उपकरण भाडा** : उद्योग प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको मेसिन तथा उपकरणहरू भाडा वा लिजमा दिएको रहेछ भने सोबापत प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

१०.०४ **कार्यालय रहेको भवन तथा वितरण स्थलको भाडा** : कुनै उद्योग प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको कार्यालय भवन तथा वितरण स्थल अन्य कुनै व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानलाई भाडामा दिएको छ भने सोबापत प्राप्त वार्षिक रकम यस महलमा उल्लेख गर्नुपर्दछ ।

**१०.०५ यातायातका साधन भाडा** : उद्योग प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको यातायातका साधन अन्य व्यक्ति वा उद्योगलाई भाडाको शर्तमा प्रयोग गर्न दिएको रहेछ भने सोबाट प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

**१०.०६ एजेन्सी सम्बन्धी कार्य गरेबापत प्राप्त रकम** : उद्योग प्रतिष्ठान अन्य कुनै व्यक्ति वा उद्योग प्रतिष्ठानको एजेण्ट वा डिलरसीप लिई काम गरेको रहेछ भने त्यस्तो कार्यबाट प्राप्त कमिशन रकम यस महलमा लेख्नुपर्दछ ।

**१०.०७ कवाडी तथा खेर जाने टुक्राटाक्रि सामान बिक्रीबाट प्राप्त रकम** : सन्दर्भ अवधिभित्र उद्योग प्रतिष्ठानले आफूले प्रयोग गर्दै आइरहेका सामानहरू काम नलाग्ने भई कवाडी तथा खेर जाने टुक्राटाक्रिको रूपमा अरु कसैलाई बिक्री गरेको हुन सक्दछ । यसबाट प्राप्त हुने रकम पनि उसको आम्दानी भएको हुँदा वार्षिक प्राप्त रकम यसअन्तर्गत समावेश गर्नुपर्दछ ।

**१०.०८ सरकारबाट प्राप्त अनुदान (Subsidy)** : उद्योग प्रतिष्ठानले सन्दर्भ अवधिभित्र कुनै प्रकारका आर्थिक अनुदान प्राप्त गरेको रहेछ भने वर्षभरिमा प्राप्त गरेको त्यस्तो नगद तथा जिन्सी अनुदान जोडी यस महलमा उल्लेख गर्नुपर्दछ ।

**१०.०९ आयत/निर्यातमा कर वा शुल्कमा छुट भएको रकम** : उद्योग प्रतिष्ठानले कच्चा पदार्थ, अर्धतयारी र तयारी वस्तु आयात/निर्यात गर्ने क्रममा नेपाल सरकारबाट कुनै पनि प्रकारको कर छुट भएको रहेछ भने त्यस्तो छुटबाट प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

**१०.१० निर्जीवनबिमाबाट प्राप्त रकम (क्षतिपूर्ति)** : उद्योग प्रतिष्ठानले निर्जीवनबिमा गरेको अवस्थामा सोबापत क्षतिपूर्ति रकम सन्दर्भ अवधिभित्र प्राप्त गरेको रहेछ भने सो प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

**१०.११ व्याज, लाभांश, बोनस आदिबाट प्राप्त रकम** : उद्योग प्रतिष्ठानले विभिन्न समयावधिमा आफ्ना कामदार/कर्मचारीहरू, संस्था, अन्य उद्योगहरूलाई व्यापार-व्यवसाय प्रयोजनका लागि ऋण वा सापटी उपलब्ध गराई सोबापत व्याज लिएको छ भने कति रकम प्राप्त गरेको छ सो प्राप्त रकम यहाँ समावेश गर्नुपर्दछ । साथै अन्य क्षेत्र वा यसै क्षेत्रको अर्को उद्योग प्रतिष्ठानमा गरेको लगानीका आधारमा प्राप्त भएको लाभांश, बोनस आदि समेत एकमुष्ट वार्षिक रूपमा यसैअन्तर्गत समावेश गर्नुपर्दछ ।

**१०.१२ सटही/विनिमयबाट प्राप्त आम्दानी (Exchange Gain)** : सटही/विनिमय दर परिवर्तन भएर सप्लायर्सलाई बील प्राप्त गर्दाको रकम भन्दा कम रकम भुक्तानी दिनु परेमा सोबाट हुने फाइदा आम्दानीको रूपमा यहाँ लेख्नुपर्दछ । उदाहरणको लागि सेन सप इन्डस्ट्रिजले भारतबाट रसायन पैठारी (आयात) गर्न यु.एस. डलर 5,00,000 को अर्डर गरेको थियो जुन समयमा नेपाली रुपैयाँसँगको विनिमय दर 1 यु.एस. डलर बराबर नेपाली रुपैयाँ 106 हुँदा जम्मा रु. 5,30,00,000 तिर्नु पर्दथ्यो । तर सो इन्डस्ट्रिजले सामान प्राप्त गरेर भुक्तानी दिने समयमा विनिमय दर घटेर 1 यु.एस. डलर बराबर नेपाली रुपैयाँ 104 भएको रहेछ भने जम्मा रकम रु. 5,20,00,000 भुक्तानी गरे पुग्यो । यसरी सेन सप इन्डस्ट्रिजलाई रु. 10,00,000 विनिमयबाट आम्दानी प्राप्त भएको हुन्छ र यहि रकम यहाँ लेख्नुपर्दछ ।

**१०.१३ सदस्यता वा नवीकरण शुल्क** : उद्योग प्रतिष्ठानले सन्दभ अवधिको कुनै समयमा आफ्नो उद्योग प्रतिष्ठानले कुनै संघ संस्थावाट सदस्यता शुल्क वा नविकरण शुल्क प्राप्त गरेको भए वार्षिक रकम एकमुष्ट रूपमा यहाँ लेख्नुपर्दछ । जस्तै : कालीकामालीका खानेपानी उपभोक्ता समितिले आफ्ना सदस्यहरुवाट सदस्यता वा नवीकरण शुल्कबापत वार्षिक रु 5,00,000 रकम प्राप्त गरेको छ भने सो रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

**१०.१४ अन्य प्राप्त रकम (पुरस्कार आदि)** : माथि उल्लेख भएका अन्य औद्योगिक सेवाबापतका खर्च शीर्षकअन्तर्गत १०.०१ देखि १०.१३ भित्र नपरेका अन्य कुनै आम्दानी छन् भने त्यसलाई खुलाएर लेख्नुपर्छ ।

**जम्मा** :

खण्ड १० को जम्मा लहरमा वार्षिक खर्च रकम महल नं. ३ को अन्तिम लहरमा रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

## खण्ड ११. अप्रत्यक्ष कर

सामन्यतयाः अप्रत्यक्ष कर भन्नाले उद्योग प्रतिष्ठानले प्रत्यक्ष रूपमा सरकारलाई तिरेको कर भएतापनि त्यसको अन्तिम आर्थिक भार उपभोक्तालाई नै पर्न जाने हुन्छ । यस्ता करहरुमा मूल्य अभिवृद्धि कर, अन्तः शुल्क वा अन्य वस्तुमा लाग्ने कर, आयत निर्यात महसुल इत्यादि यस शीर्षकअन्तर्गत पर्दछन् ।

**११.०१ मूल्य अभिवृद्धि कर (VAT)** : उद्योग प्रतिष्ठानले आफ्नो उत्पादित वस्तु वा अन्य वस्तु बिक्री गर्दा सङ्कलन गरेको रकम वा नेपाल सरकारलाई तिरेको **VAT** रकम यसअन्तर्गत पर्दछ । उद्योग प्रतिष्ठानले सन्दर्भ वर्षमा कति **VAT** रकम नेपाल सरकारलाई बुझाएको हो सो रकमलाई ११.०१ को महल नं. ३ मा र जम्मा कति **VAT** रकम सङ्कलन गरेको हो सो रकमलाई ११.०१ को महल नं. ४ मा उल्लेख गर्नुपर्दछ ।

**११.०२ अन्तः शुल्क (Excise duty)** : उद्योग प्रतिष्ठानबाट उत्पादन हुने कतिपय वस्तुहरू माथि लाग्ने अन्तः शुल्क (Excise Duty) करबापत भुक्तानी दिएको रकम यसअन्तर्गत पर्दछ । मदिरा, चुरोट, खुदो, सख्खर, पान मसला, सुगन्धित सुपारी, जुस जस्ता सफ्ट पेय पदार्थ आदि सामानहरू अन्तः शुल्क लाग्ने सामानहरू हुन् ।

**११.०३ निर्यात महसुल (Export duty)** : उद्योग प्रतिष्ठानद्वारा उत्पादन गरेका उत्पादित वस्तुहरू स्वदेश बाहिर भारत लगायत अन्य मुलुकमा निर्यात **(Export)** गर्दा तिर्नुपर्ने भन्सार महशुललाई निर्यात महसुल भनिन्छ । यदि उद्योग प्रतिष्ठानले उक्त रकम तिरेको रहेछ भने यसमा उल्लेख गर्नुपर्दछ ।

**११.०४ आयात (पैठारी) महसुल (Import duty)** : उद्योग प्रतिष्ठानहरूद्वारा भारत वा तेस्रो मुलुकबाट मालवस्तुहरु नेपालमा आयात गर्दा तिर्नुपर्ने भन्सार महशुललाई आयात/पैठारी **(Import)** महसुलअन्तर्गत समावेश गर्नुपर्दछ । आयात गरिएका निर्माण सामाग्री, कच्चा पदार्थ, कृषि सामाग्रीहरू (**Power tiller**, थ्रेसर आदि), सवारी साधन आदि आयातित सामानहरू आयात महशुल लाग्ने सामानहरू हुन् ।

**११.०५ स्थानीय कर** : उद्योग प्रतिष्ठानहरूले स्थानीयस्तरको विभिन्न किसिमका करका लागि गरेका खर्च यसअन्तर्गत समावेश गर्नुपर्दछ ।

**११.०६ अन्य अप्रत्यक्ष कर** : **VAT**, अन्तशुल्क, आयात, निर्यात महशुल, स्थानीय कर बाहेक अन्य अप्रत्यक्ष करबापत उद्योग प्रतिष्ठानले भुक्तानी गरेको भएमा त्यस्तो रकमलाई यस महलमा उल्लेख गर्नुपर्दछ ।

## खण्ड १२. स्थायी सम्पत्तिको विवरण

“स्थायी सम्पत्ति” भन्नाले बिक्री गरी फाइदा उठाउने उद्देश्य नलिई केवल उद्योग प्रतिष्ठानको उत्पादन, बिक्री वितरण तथा त्यस सम्बन्धी अन्य कार्य सञ्चालनको लागि सञ्चय गरिएका एक वर्षभन्दा बढी खप्ने भौतिक तथा बौद्धिक सम्पत्तिलाई जनाउँदछ । स्थायी सम्पत्तिको खरिद रकम लेख्दा उक्त सम्पत्ति उद्योग प्रतिष्ठानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेकोमा सोसमेत समावेश गरी एकमुष्ट खुलाउनु पर्दछ ।

**महल १. २०७५ असार मसान्तमा रहेको स्थायी सम्पत्तिको मूल्य**

सन्दर्भ वर्षको सुरुमा उद्योग प्रतिष्ठानमा रहेको माथि उल्लेखित स्थायी सम्पत्तिको मूल्य बजार मूल्यअनुसार कति पर्छ सोको मूल्य सम्बन्धित महलमा लेख्नुपर्दछ । जस्तै : जमिनको सन्दर्भ वर्षको सुरुको लागत मूल्य १२.०१ को महल १ मा उल्लेख गर्नुपर्दछ ।

**सन्दर्भ अवधि (आ.ब. २०७५/७६) मा थपघट भएको सम्पत्ति विवरण**

**महल २. नयाँ खरिद (New Assets) खरिद गरेको भए सोको लागत**

दाँया महलमा उल्लेखित स्थायी सम्पत्तिमा सन्दर्भ वर्षभित्र नयाँ सम्पत्ति खरिद गरिएको भएमा खरिद गरिएको सम्पत्तिको लागत यस महलमा लेख्नुपर्दछ ।

**महल ३. अरूले प्रयोग गरेको सम्पत्ति थप गरेको भए सोको लागत**

माथि उल्लेखित स्थायी सम्पत्तिमा प्रयोग भईसकेको **(Used/second hand goods)** कुनै स्थायी सम्पत्ति सन्दर्भ अवधिभित्र थप गरेको भए यस महलमा लेख्नुपर्दछ । जमिनको हकमा जमिनलाई प्रयोग गरेको सम्पत्तिको रूपमा लिनुहुँदैन । तसर्थ प्रश्न १२.०१ को जमिनको कोठामा लेख्न नपर्नेले छाँया पारिएको छ ।

**महल ४. पूँजीगत मर्मत सम्भार**

सामान्यतया "पूँजीगत मर्मत सम्भार" भन्नाले स्थायी सम्पत्तिभित्र पर्ने साधनहरूको आयु बढाउने वा क्षमता अभिवृद्धि गर्ने मर्मत कार्यलाई बुझ्नुपर्दछ । प्रतिष्ठानमा रहेका विभिन्न स्थायी सम्पत्तिहरूमा प्रमुख सुधार, मर्मत सम्भार र जिर्णोद्धार अरुबाट गराउँदा लागेको लागत यस महलमा लेख्नुपर्दछ । यदि जमिनलाई आवश्यकताअनुसार मिलाउदा खर्च भएको रहेछ भने सो रकमलाई यस महलमा उल्लेख नगरी जमिन सुधारअन्तर्गत राख्नुपर्दछ ।

**महल ५. आफ्नै प्रयोगको लागि आफ्नै श्रमशक्तिबाट उत्पादित स्थायी सम्पत्ति**

उद्योग प्रतिष्ठानले प्रयोग गरेको स्थायी सम्पत्तिमा आफ्नो श्रमशक्ति लगाई मर्मत सम्भार र जिर्णोद्धार गरेको हुनसक्छ । त्यसैगरी प्रतिक्षालय, इनार, कम्पाउण्ड आदि संरचनाहरू पनि आफ्नै श्रमशक्तिवाट निर्माण सम्पन्न गरेको हुनपनि सक्दछ । यस्ता संरचना वा सोको कार्यबापतको खर्च रकम यस महलअन्तर्गत समावेश गर्नुपर्दछ । यसको मुल्याकंन गर्दा त्यस्तो काम अन्य कसैबाट गराउँदा कति जति खर्च लाग्न सक्दथ्यो सोको अनुमानित खर्च रकमलाई लिनुपर्दछ ।

**महल ६. स्थायी सम्पत्ति बिक्रीबाट प्राप्त रकम**

स्थायी सम्पत्तिको विवरणमा परिभाषित गरिए अनुसारको सम्पत्ति बिक्रीबाट प्राप्त रकम यस महलमा लेख्नुपर्दछ । यस प्रकारको रकम खुलाउँदा उद्योग प्रतिष्ठानले खुद (कमिसन कटाएर आएको) रकमलाई लिनुपर्दछ ।

**महल ७. दैवी प्रकोप तथा अन्य कारणबाट स्थायी सम्पत्तिको क्षति**

दैवी प्रकोपबाट माथि उल्लेखित कुनै पनि स्थायी सम्पत्तिको क्षति हुन गएमा सो क्षति बराबरको मूल्य यस महलमा सम्बन्धित शीर्षकको रकम उल्लेख गर्नुपर्दछ । सम्पत्तिको अवस्था हेरी सन्दर्भ अवधिमा रहेको बजारको प्रचलित मूल्य अनुसारको क्षतिको विवरण यकिन गरी रकम लेख्नुपर्दछ ।

**महल ८. वार्षिक ह्रास कट्टीको रकम**

उद्योग प्रतिष्ठानमा प्रयोग भईरहेको स्थायी सम्पत्तिको लागतमा वार्षिक ह्रास कट्टिदर (**Depreciation rate**) बाट हुन आउने वार्षिक रकम सम्बन्धित महलमा लेख्नुपर्दछ । ह्रास कट्टि गर्दा सन्दर्भ वर्षको सुरुमा रहेको स्थायी सम्पत्ति र वर्ष भरिमा थप हुन आएको स्थायी सम्पत्ति समेतको प्रचलित ह्रास कट्टि दर प्रयोग गर्नु पर्दछ । थप हुन आएको स्थायी सम्पत्तिको ह्रास कट्टि सन्दर्भ वर्ष भित्र प्रयोग गरिएको समयअनुसार समानुपातिक रूपबाट निकाली राख्नुपर्दछ ।

१२.०१ **जमिन** : प्रतिष्ठानको कम्पाउण्डभित्र रहेको खाली जमिनको क्षेत्रफल (उत्पादनको सिलसिलामा बनेका घर, गोदाम, चमेनागृह, प्रशासनिक कार्यालय, आदिले ओगटेको जमिनबाहेक अन्य जमिन) को मूल्य यस शीर्षकअन्तर्गत राख्नुपर्दछ । तर कच्चापदार्थ उत्पादन गर्न प्रयोग गरिएको जमिनलाई यस उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको भएता पनि यसमा समावेश गर्नुहुँदैन । जस्तै : चिया प्रशोधन प्रतिष्ठानको हकमा चियाबगानले आगेटेको चियाको बगानको क्षेत्रफल यसमा उल्लेख गर्नुहुँदैन ।

१२.०२ **जमिन सुधार** : जमिन वा यसको कुनै टुक्राको मुख्य स्तरोन्नती गरी यसलाई अझ बढी प्रयोगयोग्य वा मूल्यवान बनाउने काम नै जमिन सुधार हो । यदि सन्दर्भ अवधिभित्र उद्योग प्रतिष्ठानले जमिनमा यस्तो पूँजीगत सुधार गरेको भए सोबापत खर्च भएको रकम महल ४ मा उल्लेख गर्नुपर्दछ ।

१२.०३ **आवासीय भवन** : औद्योगिक कार्यमा संलग्न कर्मचारीहरू वा कामदारहरूको बासस्थानका लागि निर्माण गरिएका भवनहरू आवासीय भवनहरू हुन् । त्यसैगरी कामदारका बाल-बच्चाहरूको लागि उद्योग परिसर भित्रै निर्माण गरिएका शिशु स्याहार केन्द्र, आराम गृह, पाठशाला आदि पनि यसैअन्तर्गत समावेश गरी लेख्नुपर्दछ ।

१२.०४ **अन्य भवन (औद्योगिक गोदाम, ग्यारेज, आदि)** : यसअन्तर्गत उद्योग प्रतिष्ठानको उत्पादन कार्यको लागि प्रयोग भइरहेका भवन (गोदाम घर, कार्यालय भवन, कारखानाको भवन, भण्डार आदि समेत) समावेश गर्नुपर्दछ । यस्ता भवन तथा अन्य निर्माण उद्योग प्रतिष्ठानको परिसरभित्र रहन आवश्यक पर्दछ । उद्योग प्रतिष्ठानले भाडामा वा अन्य शर्तमा लिई राखेको भए त्यस्ता भवन यहाँ समावेश गर्नुहुँदैन । भवनहरूको मूल्याङ्कन गर्दा भवनहरू र भवनले ओगटेको जमिनको क्षेत्रफलको समेत मूल्याङ्कन गर्नुपर्छ ।

१२.०५.१ **अन्य संरचना (सडक, पुल, बाटोहरू (परिसरभित्र))** : उद्योग प्रतिष्ठानले उद्योग सञ्चालनको क्रममा उद्योग परिसरभित्र अन्य संरचना जस्तैः सडक, पुल, बाटो, खानी विद्युत्सम्बन्धी टनेल, बाढी तथा भूमी संरक्षणका का संरचनाहरू आदि निर्माण गरेको रहेछ भने सोबापतको रकम उल्लेख गर्नुपर्दछ ।

१२.०५.२ **अन्य संरचना (सडक, पुल, बाटोहरू (परिसरबाहिर))** : उद्योग प्रतिष्ठानले उद्योग सञ्चालनको क्रममा उद्योगभित्रको बाहेक परिसरसँग जोडिएको वा परिसरभन्दा बाहिर सडक, पुल, बाटो, खानी विद्युत्सम्बन्धी टनेल, बाढी तथा भूमी संरक्षणका संरचनाहरू आदिजस्ता संरचना निर्माण गरेको रहेछ भने सोबापत लागेको खर्च रकम यसमा उल्लेख गर्नुपर्दछ ।

१२.०६ **मेसिन तथा उपकरणहरू, विद्युत् प्रसारण र वितरण लाइन** : उत्पादन कार्यको लागि प्रयोग हुने उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका सबै किसिमका मेशीन, पार्टपूर्जा र मर्मत सम्भार गर्दा प्रयोग गरिने उपकरण यस शीर्षकअन्तर्गत पर्दछन् । सबै किसिमका मेसिनरीहरू, विद्युत मोटर, जेनेरेटर, आदि जस्ता यन्त्रहरू यसमा समावेश गर्नुपर्दछ । तर भाडामा ल्याएका मेशीनरीका सामानहरू यसअन्तर्गत समावेश गर्नुहुँदैन ।

१२.०७ **कम्प्युटर र सोसम्बन्धी उपकरण** : उत्पादन कार्यको लागि प्रयोग हुने उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका कम्प्युटर र सोसम्बन्धी उपकरणहरू यस शीर्षकअन्तर्गत पर्दछन् । तर कम्प्युटरको सफ्टवेयर यसमा समावेश नगरी लहर नं. १२.११ मा राख्नुपर्दछ ।

१२.०८ **यातायातका साधन** : उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका सबै सवारी तथा ढुवानीका साधनहरूलाई यातायातका साधन सम्झनुपर्दछ । जस्तैः कार, जीप, ट्रक, मोटरसाइकल, साईकल, रिक्सा, गाडा, घोडा, खच्चर आदिलाई यस शीर्षकअन्तर्गत समावेश गर्नुपर्दछ तर भाडामा लिई राखेका यातायातका साधनहरू यसमा समावेश गर्नुहुँदैन ।

१२.९ **फर्निचर** : यसअन्तर्गत उद्योग प्रतिष्ठानको उत्पादन र प्रशासनिक कार्यमा प्रयोग भइरहेका कुर्सी, टेबुल, दराज, लगायतका फर्निचरहरू पर्दछन् ।

१२.१० **खनिज तथा उत्खनन् र अन्वेषण** : उद्योग प्रतिष्ठानले आफ्नो प्रतिष्ठानको लागि प्राकृतिक धातु, ग्याँस, पेट्रोलियम पदार्थ आदिको उत्खनन् गरेको लगानीलाई सम्पत्तिको रूपमा SNA 2008 ले परिभाषित गरेको हुनाले सो अन्तरगतका रकम यसमा समावेस गर्नुपर्दछ । यस शिर्षक अन्तरगत खनिज तथा उत्खनन् र मूल्यांकन सम्बन्धी अध्ययन अनुसन्धानमा भएको रकम समेत समावेश गर्नुपर्दछ ।

१२.११ **सफ्टवेयर तथा डाटावेस** : उद्योग प्रतिष्ठानले आफ्नो प्रतिष्ठानको लागि सफ्टवेयर तथा डाटावेस निर्माणमा लगानी गरेको छ भने लगानीलाई स्थायी सम्पत्तिको रूपमा परिभाषित गरेको हुनाले यसमा समावेश गर्नुपर्दछ ।

१२.१२ **बौद्धिक सम्पत्ति (ट्रेडमार्क, पेटेण्ट र डिजाइन)** : डिजाइन, पेटेन्ट तथा ट्रेडमार्क कल्पना तथा सृजनाबाट प्राप्तहुने हुँदा यसलाई वौद्धिक सम्पत्तिको रूपमा परिभाषित गरिएको छ । प्रतिष्ठानको लागि बजार विविधीकरण तथा उत्पादन वढाउनको लागि आफ्नै प्रतिष्ठानको डिजाइन, पेटेन्ट तथा ट्रेडमार्कहरूको अधिकार प्राप्त गरेको रहेछ भने सो प्राप्त गर्दा वा सो सम्पति बिक्री गर्दा सन्दर्भ अवधिमा प्राप्त हुन सक्ने मूल्यलाई यसमा समावेश गर्नुपर्दछ ।

१२.१३ **अनुसन्धान र विकास खर्च (बजार प्रविधि, मनोरंजन, साहित्य, कला, आदि)** : उद्योग प्रतिष्ठानले आफ्नो उद्योग प्रतिष्ठानको क्षमता बृद्धि गर्न उत्पादनमा विविधीकरण गर्न, आफ्नो प्रतिष्ठा कायम गर्न, बजार व्यबस्थापनसम्बन्धी प्रविधिको विकासकालागि वा अन्य कुनै अध्ययन अनुसन्धान गरेको रहेछ भने यसका निष्कर्षहरू प्रतिष्ठानको वौद्धिक सम्पत्तिका रूपमा लिनुपर्दछ । नयाँ उत्पादन तथा प्रविधि विकास गरी गुणस्तरीयता कायम गर्न र बजारको मागको सम्बोधन गर्न गरिने यस्ता अध्ययन प्रतिष्ठानको महत्वपूर्ण स्थायी सम्पत्ति हो । त्यस्तै उद्योग प्रतिष्ठानले क्षमता बृद्धि गर्न मनोरंजन, साहित्य, कलात्मक वस्तुहरू ईत्यादीमा लगानी वा खर्च गरेको छ भने पनि यसलाई स्थायी सम्पत्तिको रूपमा लिइएको छ त्यसमा लागेको रकम यस लहरअन्तर्गत राख्नुपर्दछ ।

**सेवा खरिद (Outsourcing) बापत गरिएको खर्च खण्ड ८ को महल ३ अन्तर्गत र त्यस्तो अध्ययन अनुसन्धान आफ्नै कर्मचारीद्वारा गरिएको रहेछ भने सोको रकम यहाँ समावेश नगरी खण्ड १३ को सम्बन्धित महलमा लेख्नुपर्दछ ।**

१२.१४ **मूल्यवान वस्तुहरू** : यसअन्तर्गत माथि उल्लेख नभएका तर बहुमुल्य सामानहरूको रकम एकमुष्ठ रूपमा खुलाउनुपर्दछ । जस्तैः उद्योगका कोठामा सजावटका लागि राखिएका बहुमुल्य तस्वीरहरू, मुर्ति, थाङ्का, कुँदिएका वस्तुहरू आदि ।

१२.१५ **अन्य** : यसअन्तर्गत माथि उल्लेख नभएका अन्य स्थायी सम्पत्तिहरूको रकम एकमुष्ट रूपमा खुलाउनुपर्दछ । जस्तैः सालवसाली आम्दानी दिने विशेष प्रकारका रुखहरू, पशुपन्छिहरू आदि ।

१२. **जम्मा** : यसअन्तर्गत सम्बन्धित महलहरूको जोड रकम एकमुष्ट रूपमा खुलाउनुपर्दछ ।

## खण्ड १३. अनुसन्धान तथा विकास

बजारमा आफ्नो अस्तित्वलाई थप मजबुत बनाउन नयाँ-नयाँ प्रविधि तथा नयाँ आविष्कारको खोजीमा उद्योग प्रतिष्ठान क्रियाशील रहेका हुन्छन् । यसका लागि उद्योग प्रतिष्ठानले छुट्टै शाखा वा विभाग राखेर काम गरिरहेको हुन सक्दछ भने शाखा नतोकी केही कर्मचारी तोकेर कार्य विवरण उपलब्ध गराई यस सम्बन्धी कार्य गरिरहेको हुन पनि सक्दछ । आफ्नो उत्पादनलाई बढी गुणस्तरीय, पहुँचयोग्य र उपभोग्य तुल्याउन गरिएका यस्ता अनुसन्धान तथा विकासमा गरिएको वार्षिक खर्चको विवरण यस खण्डमा समावेश गर्नुपर्दछ । दिइएका विवरणहरूमध्ये जुनजुन शिर्षकमा सन्दर्भ अवधिभित्र अनुसन्धान तथा विकासमा खर्च भएको छ, सोको लागि मात्र आवश्यक विवरण सङ्कलन गर्नुपर्दछ । महल २ मा छैन अर्थात कोड २ आएमा सो लहरको थप विवरण सोध्नु पर्दैन । यस सम्वन्धमा खण्ड ३ को उपखण्ड ३.१ नेपाली र ३.२ विदेशी मा समावेश भैसकेका कर्मचारीहरूमध्ये मूख्यतः अनुसन्धान तथा विकासको कार्यमा संलग्न भएकालाई मात्र उल्लेख गर्नुपर्दछ । तीनै कर्मचारीहरूको विवरण, तलव/ज्याला र अन्य सुविधाहरू यहाँ समावेश गर्नुपर्दछ ।

**नोटः ठेक्का वा अन्य शर्तमा अरु कसैवाट अनुसन्धान र विकासमा खर्च गरेको भए यहाँ उल्लेख नगरी खण्ड ८ को ८.०७ को महल ३ मा उल्लेख गर्नुपर्दछ ।**

## खण्ड १४. उत्पादन क्षमताको उपयोग

यस खण्डअन्तर्गत प्रतिष्ठानमा जडान भएको मेसिन तथा उपकरणको अधिकतम उत्पादन क्षमता र उपयोग भएको क्षमताको मापन गर्न खोजिएको छ । जस्तैः पोखरा नुडल्स कम्पनीले दैनिक ७,५०० प्याकेट चाउचाउ उत्पादन क्षमता भएको उद्योगबाट सर्न्दभ अवधिमा दैनिक ५,००० प्याकेट मात्र उत्पादन गरिरहेको भए उक्त कम्पनीका चाउचाउ उत्पादन क्षमताको उपयोग ६६.७ प्रतिशत मात्रै हुन्छ । समग्रमा कुनै उद्योग प्रतिष्ठानको उत्पादन क्षमता उपयोग जानकारीको लागि सञ्चालन दिन, औसत कामको घण्टा, सिफ्ट, औसतमा उपयोग भएको उत्पादन क्षमता, उत्पादन क्षमता कम उपयोग हुनुको मुख्य कारण, बजारको माग सम्बोधनको अवस्था आदिको विवरण अवगत हुन जरुरी हुन्छ । सोही प्रकार यस खण्डमा पनि उत्पादन क्षमताका विभिन्न प्रश्नहरू सोधिएका छन् । तर प्रतिष्ठानले एक भन्दा बढी वस्तु उत्पादन गर्ने भए उत्पादन क्षमता फरक फरक हुनसक्छ । उत्पादित वस्तुहरूमध्ये सबैभन्दा बढी मूल्य भएको वस्तुको उत्पादन क्षमताको लागि मात्र लिनुपर्दछ ।

**१४.०१ सन्दर्भ अवधि** (आ.ब. २०७५/७६) **मा यस उद्योग प्रतिष्ठानको उत्पादन कार्य कति दिन सञ्चालन भएको थियो ?**

सन्दर्भ अवधिमा सार्वजनिक विदा, बेमौसम (Off season), बन्द/हडताल वा कुनै कारणले प्रतिष्ठानको उत्पादन बन्द भएको दिन कटाई वर्षभरीमा उत्पादन कार्यको लागि कति दिन सञ्चालन भएको हो सो दिन यसमा लेख्नुपर्दछ । तर उत्पादनको कार्य चालु नभई प्रशासनिक कार्यको लागि मात्र खोलिएका दिनहरू यसमा समावेश गर्नुहुँदैन ।

**१४.०२ सन्दर्भ अवधि** (आ.ब. २०७५/७६) **मा यो उद्योग प्रतिष्ठानको उत्पादन कार्य दैनिक सरदर कति घण्टा सञ्चालन भएको थियो ?**

सन्दर्भ अवधिमा उद्योग प्रतिष्ठानको उत्पादन कार्य प्रतिदिन सरदर कति घण्टा भएको थियो सो घण्टा यसमा उल्लेख गर्नुपर्दछ । एक भन्दा बढी सिफ्ट सञ्चालनमा रहेको भए सबै सिफ्टमा गरेर २४ घण्टामा कति घण्टा सञ्चालन भएको हो सो जनाउनुपर्दछ । मौसमी प्रकृतीका (Seasonal) उद्योगहरू भए तिनीहरूको औसत अनुमानित दैनिक घण्टा निकाल्नुपर्दछ ।

**१४.०३ सन्दर्भ अवधि** (आ.ब. २०७५/७६) **मा यस उद्योग प्रतिष्ठानको उत्पादन कार्य दैनिक सरदर कति सिफ्ट चलेको थियो ?**

सन्दर्भ अवधिमा औषत एक दिनमा कति सिफ्ट चलेको थियो सो सिफ्ट संख्या यस प्रश्नमा उल्लेख गर्नुपर्दछ । कच्चा पदार्थको सहजता वा असहजता, विद्युतको लोडसेडिङ्ग (Loadshedding) तालिका, बजार मागको चाप, कामदारको उपलब्धता वा अभाव आदिले गर्दा उद्योगहरू एक वा एक भन्दा बढी सिफ्ट सञ्चालनमा रहेका हुनसक्दछन् । त्यसैले उत्तरदातालाई सहजीकरण गरी उद्योगहरूको दैनिक सरदर सञ्चालन सिफ्ट उल्लेख गर्नुपर्दछ।

**१४.०४ सन्दर्भ अवधि** (आ.ब. २०७५/७६) **मा यस उद्योग प्रतिष्ठानले कुल उत्पादन क्षमताको सरदर कति प्रतिशत उपयोग गरेको थियो ?**

कुनै उद्योग प्रतिष्ठानको उत्पादन क्षमता भन्नाले आफुसंग भइरहेको मेसिन तथा उपकरणहरूको अधिकतम उपयोग गर्दा उत्पादन गर्न सकिने (Potential production capacity) प्रमुख उत्पादित वस्तुको एकाइ परिमाणलाई वुझ्नुपर्दछ । यहाँ कुनै पनि उद्योग प्रतिष्ठानको सन्दर्भ अवधिमा उत्पादन क्षमताको उपयोग कति प्रतिशतसम्म भएको छ त्यसको प्रतिशत निर्दिष्ट कोठामा लेख्नुपर्दछ । एक भन्दा बढी वस्तु उत्पादन गरिरहेको भए आम्दानीको आधारमा बढी आम्दानी हुने वस्तुको उत्पादन क्षमता प्रतिशत उल्लेख गर्नुपर्दछ । उदाहरणका लागि यदि कुनै भटमासको तेल उत्पादन मिलले ५०,००० लिटर उत्पादन गर्न सक्ने क्षमता छ र यस उद्योगले तेल पेल्दा निस्कने भटमासको छोकराबाट मस्यौरा उत्पादन पनि हुन्छ र यसको ६०,००० के.जी. उत्पादन गर्न सक्ने क्षमता रहेको छ भने तेल विक्रीबाट प्राप्त आयबाट मस्यौरा विक्रीबाट प्राप्त हुने आयमध्ये जसको बढी आय हुन्छ त्यसको आधारमा उत्पादन क्षमता खुलाउनुपर्दछ । यस प्रश्नको उत्तर १०० प्रतिशत आएमा प्रश्न नं. १४.०५ नसोधी प्रश्न नं. १४.०६ सोध्नुपर्दछ ।

**१४.०५ यस उद्योग प्रतिष्ठानको उत्पादन क्षमताको उपयोगमा कमी हुनुको मुख्य कारण के थियो ?**

प्रश्न नं. १४.०४ मा धेरै सानो प्रतिशतमा मात्र उत्पादन क्षमताको उपयोग भएको हुनसक्दछ । धेरै ठूलो प्रतिशतमा उत्पादन क्षमता उपयोग नहुनुका धेरै कारणहरू हुन सक्दछन् । ती धेरै कारणहरू मध्ये मुख्य कारण

मात्र प्रश्नावलीको खाली ठाउँमा एक वाक्यमा लेख्नुपर्दछ । जस्तैः बजारमा वस्तुको माग नभएर आदि । यसमा उद्योग प्रतिष्ठानको उत्पादन क्षमताको उपयोगमा कमी हुनुको मुख्य कारणको कोड कार्यालय प्रयोजनको लागि भएकोले गणकले उक्त कोड लेख्ने कोठा खाली छोड्नुपर्छ ।

**१४.०६ सन्दर्भ अवधि (आ.ब. २०७५/७६) मा यस उद्योग प्रतिष्ठानले बजारको मागअनुसार उत्पादन गर्न सकेको थियो ?**

यस प्रश्नमा सम्बन्धित उद्योग प्रतिष्ठानले प्रमुख उत्पादित वस्तु बजारको मागअनुसार उत्पादन गर्न सकेको थियो भने कोड १ र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्दछ । कोड १ मा गोलो घेरा लगाइएको भए सिधै खण्ड १५ मा गई प्रश्न सोध्नुपर्दछ र कोड २ मा गोलो घेरा लगाइएको भए क्रमशः सोध्दै जानुपर्दछ ।

**१४.०७ यस उद्योग प्रतिष्ठानले बजारको मागअनुसार उत्पादन गर्न नसक्नुको मुख्य कारण के थियो ?**

यो प्रश्न खुला प्रश्न हो । यसमा यदि प्रश्न नम्वर १४.०६ मा थिएन भन्ने उत्तर आएमा मात्र यो प्रश्न सोध्नु पर्दछ । बजारको माग अनुसार उत्पादन हुन नसक्नाको कारण धेरैमध्ये मुख्य एक कारण मात्र उल्लेख गर्नुपर्दछ । यसमा उद्योग प्रतिष्ठानले वजारको मागअनुसार उत्पादन गर्न नसक्नुको मुख्य कारणको कोड कार्यालय प्रयोजनको लागि भएकोले गणकले उक्त कोड लेख्ने कोठा खाली छोड्नुपर्छ ।

## खण्ड १५. वातावरण तथा फोहर व्यवस्थापन सम्बन्धी विवरण

आजको प्रतिस्पर्धात्मक युगमा आर्थिक विकासका साथसाथै भौतिक विकास तीव्र गतिले भैरहेको छ । भौतिक विकासले प्राकृतिक स्रोतसाधनहरूको अवैज्ञानिक र अदूरदर्शी दोहन गरेको कारणले विश्वव्यापी रूपमा वातावरणीय समस्याहरू देखा परिरहेका छन् जस्तैः प्रदूषण (वायु, ध्वनि, माटो, जल), हरितगृह प्रभाव, वन विनाश, पृथ्वीको सतह विस्तारै तात्तिनु, आदि । यिनै वातावरणीय समस्याहरूले विश्वका सबै जीव एवम् वनस्पतिहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित पारिरहेका छन् । विश्वभरीका लाखौं उद्योग कल-कारखानाबाट निस्कने ठुलो मात्राको फोहरमैलाले वातावरणलाई प्रचुर मात्रामा प्रदूषण गरिरहेका छन् । अर्कातिर वातावरण संरक्षणको लागि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न किसिमका प्रयासहरू पनि भइरहेका छन् । नेपालमा पनि उद्योग क्षेत्रबाट वातावरण संरक्षणतर्फ ध्यान आकृष्ट भई प्रदूषणलाई कम पार्न उद्योगहरू आफैँले विभिन्न किसिमका उपाय र सतर्कता अपनाउने गरेका छन् । सरकारी नीतिले पनि उद्योग तथा व्यवसायहरूलाई वातावरणमैत्री तवरले उत्पादन तथा सेवा प्रवाह गर्ने दिशातर्फ प्रोत्साहित गर्ने नीति अख्तियार गरेको पाइन्छ ।

यस गणनामा उद्योग प्रतिष्ठानहरूले वातावरण संरक्षणको क्षेत्रमा सचेत भई के कस्ता योगदानहरू दिएका छन् भन्ने कुराको आधारभूत जानकारी लिनु यस खण्डको मुख्य उद्देश्य रहेको छ । त्यसैगरी उद्योग प्रतिष्ठानमा वस्तुहरू उत्पादनको सुरुदेखि उपभोग गरिने समयसम्म विविध प्रकारका फोहरमैलाको सिर्जना हुने गर्छ । यस्ता फोहरमैलाको सङ्कलन, प्रशोधन, नष्ट (जलाउने वा गाड्ने) गर्ने आदि कार्य गरे वा नगरेको, यसको लागि के कस्ता उपकरणको व्यवस्था भएको र सोको लागि भएको वार्षिक खर्चको विवरण सङ्कलन गर्नु नै यस खण्डको अर्को उद्देश्य रहेको छ ।

**१५.०१ यस प्रतिष्ठान** (आ.व. २०७५/७६) **मा वातावरण प्रदुषण नियन्त्रण गर्ने उपकरण तथा मेसिन प्रयोग गरी फोहोर व्यवस्थापन गरिएको थियो ?**

यदि उद्योग प्रतिष्ठानमा वातावरण प्रदूषण नियन्त्रण गर्नका लागि कुनै उपकरण वा मेसिनको व्यवस्था गरिएको थियो भने १ मा गोलो घेरा लगाउनुपर्दछ र थिएन भने कोड २ मा गोलो घेरा लगाउनुपर्दछ । यहाँ उक्त मेसिन विगत लामो समयदेखि जडान गरेको तर चालू हालतमा नरहेको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**१५.०२ सन्दर्भ अवधि** (आ.व. २०७५/७६) **मा यस प्रतिष्ठानमा निम्नानुसारका कुन प्रकारको वातावरण प्रदूषण नियन्त्रणका उपकरण तथा मेसिन खरिद वा जडान गरिएको थियो ?**

प्रदूषित ग्यास तथा गन्ध, नियन्त्रण गर्ने, धुवाँ, धुलो र विकिरण पास हुने चिम्नी वा अन्य उपकरण, धुवाँ, धुलो र विकिरण नियन्त्रण गर्ने उपकरण, ध्वनि र थरथराहट नियन्त्रण गर्ने यन्त्र वा पम्प, पानीमा मिश्रण भएको रसायन थिग्ग्र्याउने पोखरी, फोहर पानी निकास हुने ढल वा पोखरीको निर्माण, सेप्टी ट्याङ्की निर्माण, प्रकाश पास हुने (Light transparent) प्लाष्टिकका पाता, अग्नि नियन्त्रक यन्त्र, पानीका फोहराको निर्माण, कार्वन उत्सर्जन व्यवस्थापनको लागि रुख-विरुवा रोप्ने वा संरक्षण गर्ने, तार-जाली लगाउने आदि जस्ता साधनहरू खरिद वा जडान गरेको कार्यलाई वातावरण प्रदूषण नियन्त्रण कार्य भनिन्छ । सन्दर्भ अवधिमा कुनै उद्योग प्रतिष्ठानले वातावरण प्रदूषण नियन्त्रण गर्न नयाँ वा पुरानो माथि उल्लिखित कुनै पनि किसिमका उपकरणहरू खरिद वा जडान गरी सञ्चालन गरेको भए महल ३ मा कोड १ र नभए भए सोही महलमा कोड २ लेख्नुपर्दछ । सो खरिद वा जडान गर्दा जडान गरिएका यन्त्र, उपकरण तथा साधनको खरिद मूल्य, ढुवानी खर्च, जडान खर्च आदि एकमुष्ट महल ४ मा लेख्नुपर्दछ ।

**नोटः यसको रकम खण्ड १२ को स्थायी सम्पत्तिअन्तर्गत पनि पर्न सक्दछ तर यसमा खटिएका कर्मचारीहरू, रेखदेखका कार्य, मर्मत खर्चहरू आदि वातावरण व्यवस्थापनका खर्च भएको हुँदा त्यस्ता व्यवस्थापकीय खर्चहरू खण्ड ३, ४, ८ र ९ भित्र लिइसकेकोले यहाँ उल्लेख गर्नुपर्दैन ।**

**१५.०३ यस उद्योग प्रतिष्ठानले वातावरण प्रदूषण नियन्त्रण प्रमाणपत्र (Pollution control certificate) प्राप्त गरेको छ ?**

नेपाल सरकारले वातावरण नियमावली बनाई लागू गरेको र तदनुरुप उद्योग प्रतिष्ठानलाई वातावरण नियन्त्रण प्रमाणपत्र दिने गरेको छ । सो प्रमाणपत्र यस प्रतिष्ठानले प्राप्त गरेको भए कोड १ गोलो घेरा लगाउनुपर्दछ र हालसम्म पनि प्राप्त नगरेको भए कोड २ र कुनै प्रतिष्ठानको हकमा वातावरण नियमावली अनुसार प्रदूषण नियन्त्रण प्रमाणपत्र लिनु नपर्ने हुनसक्दछ यदि यस्ता उद्योग छन् भने लागु नहुने कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ ।

**१५.०४ यस उद्योग प्रतिष्ठानले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन गरेको छ ?**

नेपाल सरकारले वातावरण नियमावली बनाई लागू गरेको र तदनुरुप उद्योग प्रतिष्ठानलाई वातावरणीय प्रारम्भिक परिक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन गर्न थालिएको छ । यस प्रतिष्ठानले दुईमध्ये कुनै एक वा दुबै अध्ययन गरेको भए कोड १ लेख्नुपर्दछ र हालसम्म पनि कुनै पनि अध्ययन नभएको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ । नियमावली अनुसार उद्योग प्रतिष्ठानलाई वातावरणीय प्रारम्भिक परिक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन गर्न नपर्ने भएमा लागु नहुने कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ ।

## खण्ड १६. उद्योग प्रतिष्ठानलाई व्यावसायिक प्रभाव पार्ने पक्षहरू

उद्योग प्रतिष्ठानहरुलाई विभिन्न ऐन नियम लगायतका विविध पक्षहरूले सकारात्मक वा नकारात्मक प्रभाव पारेका हुन सक्दछन् । समयक्रम अनुसार बदलिँदो परिस्थिति, नयाँ प्रविधिको प्रयोग, उपभोक्ताहरूको रुची, सन्तुष्टि र मागमा हुने स्वाभाविक र गतिशील परिवर्तनका सन्दर्भमा उद्यमीहरू सचेत रहने गर्दछन् । यसबाट उद्योगलाई समयानुकूल र जीवन्त राख्न र नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न सहज हुन्छ । उद्योग प्रतिष्ठानहरूलाई प्रभाव पार्ने प्रमुख कारकहरूमध्ये मूख्य विषयहरुलाई पाँच तहमा विभाजन गरी प्रश्नहरु सोधिएको छ । उपरोक्त प्रभावहरूमध्ये आफ्नो उद्योग प्रतिष्ठानलाई यी पक्षहरूबाट के कस्तो प्रभाव परेको छ सो विषयको कुनै एक कोठा रहेको अंकमा अनिवार्य गोलो घेरा लगाउनुपर्दछ । यी सहायक प्रश्नहरु उद्यमीहरुको भोगाइ, सोचाइ र उनीहरुको भावना नै प्रतिविम्बित हुने गरी एक-एक गरेर सोध्नुपर्दछ । उद्योग प्रतिष्ठानसंग असम्बन्धितका हकमा लागु नहुने महल ८ को कोड ६ मा गोलो घेरा लगाउनुपर्दछ ।

**नोटः** यहाँ उद्योग प्रतिष्ठानहरूलाई प्रभाव पार्ने प्रमुख १३ वटा विषयहरु दिइएको छ । यी प्रत्येक विषयहरुले व्यवसायलाई पारेको प्रभावको उल्लेखित स्तरको उपयुक्त कोडमा गोलो घेरा अनिवार्य रुपले लगाउनुपर्दछ । उद्योग प्रतिष्ठानसंग असम्बन्धित भएमा महल ८ को "लागु नहुने" कोडमा गोलो घेरा लगाउनुपर्दछ ।

## खण्ड १७. विविध

**१७.१ सन्दर्भ अवधि** (आ.ब. २०७५/७६) **मा यस उद्योग प्रतिष्ठानमा कुनै मानवीय वा गैरमानवीय दुर्घटना/क्षति भएको थियो ?**

प्रतिष्ठानको परिसरभित्र तोकिएको सन्दर्भ अवधिमा प्राकृतिक, मानविय वा मेसिनरी कारणबाट कुनै दुर्घटना भए नभएको र सो दुर्घटनाबाट मानवीय वा गैरमानवीय क्षति भए नभएको यकिन गरी घटना भएको भए १ मा गोलो घेरा लगाउनुपर्दछ र नभएको भए २ मा गोलो घेरा लगाई प्रश्नं. १७.३ सोध्नुपर्दछ ।

**१७.२ सन्दर्भ अवधि** (आ.ब. २०७५/७६) **मा यस उद्योग प्रतिष्ठानमा दुर्घटना/क्षति भएको भए, सोको विवरण दिनुहोस् ?**

सन्दर्भ अवधिमा प्रतिष्ठान परिसरमा घटेको दुर्घटनाको विवरण यहाँ समावेश गर्नुपर्दछ । यहाँ दुर्घटना वा क्षतिलाई मानवीय र गैरमानवीय गरी २ भागमा बाँडिएको छ । यस्ता विवरण सोधी दुर्घटना भएको भए १ र नभएको भए २ कोड लेख्नुपर्दछ । मानवीय दुर्घटना वा क्षति भएको थियो भने महल ४ मा कति पटक दुर्घटना वा क्षति भएको पटकको सख्या, महल ५ मा कुल घाइते सख्या र महल ६ मा कुल मुत्यु संख्या लेख्नुपर्दछ । त्यसैगरी गैरमानवीय दुर्घटनामा विभिन्न कारणबाट प्रतिष्ठानमा रहेका कच्चा पदार्थ, अर्ध तयारी वस्तु, तयारी वस्तु वा अन्य सामाग्री बिग्रने वा नष्ट हुने भएमा कति पटक यस्तो घटना भयो सो महल ४ मा उल्लेख गर्नुपर्दछ र सोको क्षतीको एकमुष्ट रकम महल ७ मा रुपैयाँमा उल्लेख गर्नुपर्दछ ।

**१७.३ सन्दर्भ अवधि** (आ.ब. २०७५/७६) **मा यस उद्योग प्रतिष्ठानको वित्तीय संस्थासंग ऋण लिएको/भएको वा वित्तीय संस्थाको ऋणको प्रतिबद्वता प्राप्त भएको वा ऋण लिने प्रक्रियामा रहेको थियो ?**

दिगो विकास लक्ष्य अनुसार ऋण प्राप्त गरिसकेका वा लिने प्रकृयामा रहेका प्रतिष्ठानहरूको प्रतिशतको आँकडा हासिल गर्नु नै यस प्रश्नको उद्देश्य रहेको छ । त्यसैले विगत जुनसुकै अवधिमा भएपनि (सन्दर्भ अवधिमा वा सो

भन्दा अगाडिका वर्षहरू) सम्बन्धित उद्योग प्रतिष्ठानले वित्तीय संस्थाबाट आफ्नो वस्तु उत्पादन तथा प्रवर्द्धनको लागि कुनै ऋण लिएको/भएको भए कोड १ मा, ऋणको प्रतिबद्धता प्राप्त गरेको भए कोड २ मा, ऋण लिने प्रक्रियामा रहेको भए कोड ३ मा र त्यस्तो कुनै किसिमको ऋण नलिएको वा प्रकृयामा पनि नरहेको भए कोड ४ मा गोलो घेरा लगाउनुपर्दछ । सन्दर्भ अवधिमा ऋण लिएर भुक्तानी भैसकेको भए पनि कोड १ नै हुन्छ ।

**नोट : वित्तीय संस्था भन्नाले राष्ट्र बैंकबाट स्वीकृत क, ख, ग, घ वर्गका वित्तीय संस्थाका साथै ऋण सहकारी संस्था समेत यस अन्तर्गत पर्दछन् ।**

**१७.४ सन्दर्भ अवधि (आ.ब. २०७५/७६) मा यस उद्योग प्रतिष्ठानमा कर्मचारीहरूको लागि सामाजिक सुरक्षाको व्यवस्था गरिएको थियो ?**

यहाँ प्रतिष्ठानमा कार्यरत कर्मचारी वा कामदारहरूलाई प्रतिष्ठानले सामाजिक सुरक्षाका विषयहरूको व्यवस्था गरिएको छ वा छैन सोको विवरण लिन खोजिएको छ । सामाजिक सुरक्षामा मुख्यरुपले सामाजिक बिमा, आयको निरन्तरता, सेवा, आधारभुत मानवीय सुरक्षा सम्बन्धी कुराहरू पर्दछन् । सन्दर्भ अवधिमा यस उद्योग प्रतिष्ठानमा कर्मचारीहरूको लागि सामाजिक सुरक्षाको व्यवस्था गरिएको भए कोड १ मा गोलो घेरा र त्यस्तो सामाजिक सुरक्षाको व्यवस्था नगरिएको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ । कोड २ मा गोलो घेरा लगाइएको भए सिधै प्र.नं. १७.६ मा गई प्रश्न सोध्नुपर्दछ र कोड १ मा गोलो घेरा लगाइएको भए क्रमशः सोध्दै जानुपर्दछ ।

**१७.५ यदि यस उद्योग प्रतिष्ठानमा कर्मचारीहरूको लागि सामाजिक सुरक्षाको व्यवस्था गरिएको भए, सामाजिक सुरक्षामा कर्मचारीको योगदान छ ?**

यहाँ प्रतिष्ठानमा कार्यरत कर्मचारी वा कामदारहरूको सामाजिक सुरक्षाका विषयहरूमा योगदान भए नभएको सोको विवरण लिन खोजिएको छ । सन्दर्भ अवधिमा यस उद्योग प्रतिष्ठानमा सामाजिक सुरक्षाका विषयहरूमा कर्मचारीहरूको योगदान भए कोड १ मा गोलो घेरा र नभए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**१७.६ सन्दर्भ अवधि (आ.ब. २०७५/७६) मा यस उद्योग प्रतिष्ठानमा कर्मचारीहरूको लागि सुरक्षा उपायहरू (Safety measures) को व्यवस्था गरिएको थियो ?**

सन्दर्भ अवधिमा यस उद्योग प्रतिष्ठानमा कर्मचारीहरूको लागि सुरक्षा उपायहरू (**Safety measures**) को व्यवस्था (जस्तै : हेल्मेट, पञ्जा, विशेष प्रकारका ज्याकेट, मास्क, जुत्ता आदिको ब्यवस्था) गरिएको भए कोड १ मा गोलो घेरा र त्यस्तो सुरक्षा उपायहरूको व्यवस्था नगरिएको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**१७.७ यस उद्योग प्रतिष्ठानको समग्र विकासको लागि गुरु योजना तयार गरेको छ ?**

यहाँ प्रतिष्ठानको समग्र विकासको लागि गुरु योजना भए नभएको सोको विवरण लिन खोजिएको छ । यस उद्योग प्रतिष्ठानको समग्र विकासको लागि गुरु योजना तयार गरिएको भए कोड १ मा गोलो घेरा र त्यस्तो गुरु योजना तयार नगरिएको भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।

**१७.८ यस प्रश्नावलीमा भरिएका विवरणको स्थिति कुन प्रकारको छ ? (गणकले भर्ने)**

प्रतिष्ठानसंग **सोधिएका प्रश्नावलीका प्रश्नहरुको** सम्पूर्ण विवरण प्राप्त गरेको भए कोड १, आंशिक विवरण मात्र समावेश गरेको भएमा कोड २ उल्लेख गर्नुपर्दछ । यदि आंशिक विवरणमात्र छ भने यस प्रश्नावलीको बाहिरी पानामा आंशिक भनी ठूला अक्षरले उल्लेख गर्नुपर्दछ । यहाँ आंशिक भन्नाले प्रतिष्ठानको प्रशासनिक, सहजिकरण

गर्ने कार्यालयबाट थप विवरण लिनुपर्ने कारण वा अन्य कारणले सम्पूर्ण विवरण नभरेको अवस्थालाई जनाउँदछ । अधुरो फाराम भराईलाई आंशिक भनिएको होइन ।

**१७.९ बाँकी विवरण उपलब्ध गराउने प्रतिष्ठान/इन्टरप्राइजेजको नाम ठेगाना :**

यदि यस प्रतिष्ठानको विवरण आंशिक विवरण मात्र भरिएको अवस्थामा उक्त प्रतिष्ठान/इन्टरप्राइजेजको नाम ठेगाना, सम्पर्क फोन नं. लेखि उक्त बाँकी विवरण उपलब्ध गराउन सक्ने व्यक्तिको नाम तथा सम्पर्क मोबाइल/फोन नं सोधी उल्लेख गर्नुपर्दछ ।

**उधोगपति/उतरदाताको भनाइ**

अन्तमा सरकार, नीति निर्माता तथा यसका प्रयोगकर्ताहरू समेतलाई व्यवसायको तर्फबाट उत्तरदाताको केही सल्लाह र सुझाव भए बढीमा तीनवटा मुख्य बुँदाहरू यहाँ उल्लेख गर्नुपर्दछ ।

**जवाफ दिने उद्योगपति वा अन्य सम्बन्धित व्यक्ति**

उक्त जवाफ दिने उद्योगपति वा अन्य व्यवसाय सञ्चालन गर्ने आधिकारिक व्यक्ति वा सो व्यवसायमा संलग्न जानिफकार व्यक्ति जसलाई उत्तरदाताको रूपमा चयन गरी प्रश्नावली भरिएको छ सो व्यक्तिको नाम, पद र अन्तवार्ता मिति लेखि र जवाफ दिने व्यक्तिलाई हस्ताक्षर गराउनुपर्दछ । अत्यमा उद्योग प्रतिष्ठानको कार्यालयको छाप समेत लगाउनुपर्दछ ।

प्रश्नावली भरिसकेपछि अन्त्यमा विवरण सङ्कलन गर्ने कर्मचारीले आफ्नो नाम, हस्ताक्षर र गणना मिति अनिवार्य रूपमा लेख्नुपर्दछ । पछि सम्बन्धित सुपरिवेक्षकले भरिएका प्रश्नावली अनिवार्य रूपमा रुजु गरी अन्त्यमा आफ्नो नाम, हस्ताक्षर र गणना मिति अनिवार्य रूपमा लेख्नुपर्दछ ।

**भरिएको फाराम जाँच गर्दा ध्यान पुर्‍याउनु पर्ने महत्वपूर्ण कुराहरू :**

प्रश्नावली फाराम भर्दा वा प्रतिष्ठानले आफैं भरेको फाराम बुझ्दा वा सुपरिवेक्षकले सुपरिवेक्षणको क्रममा निम्न कुराहरूमा ध्यान पुर्‍याउनुपर्दछ ।

- प्रश्नावलीमा सोधिएका प्रश्नहरूको उत्तर सम्बन्धित ठाउँमा स्पष्टसँग लेख्नुपर्दछ ।
- राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को प्रयोजनको लागि सन्दर्भ अवधि २०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्तसम्म (आर्थिक वर्ष २०७५/७६) तोकिएको छ । यस प्रश्नावलीमा उक्त अवधिमा सञ्चालनमा रहेका उद्योग प्रतिष्ठान (एन.एस.आइ.सी.को **सेक्सन बी, सी, डी, र ई** भित्र पर्ने प्रतिष्ठान) हरूको विवरण मात्र भर्नुपर्दछ । माथि उल्लेख गरिएको सन्दर्भ समयभित्र जुनसुकै कारणले केही समयमात्र सञ्चालन भएका प्रतिष्ठानहरू समेत यस सर्वेक्षणमा समावेश गर्नुपर्दछ । यसरी सन्दर्भ अवधिभित्र आंशिक समयमात्र सञ्चालनमा रहेका प्रतिष्ठानको विवरण सङ्कलन गर्दा सोही आंशिक अवधिको विवरण सङ्कलन गर्नुपर्दछ । गणक कर्मचारीलाई निजले विवरण सङ्कलन गर्नुपर्ने प्रतिष्ठानहरूको सूची दिइने भएको हुँदा सूची बाहेकका उद्योग प्रतिष्ठानहरूको विवरण सङ्कलन गर्नुपर्दैन । तर पूर्ण गणना गर्ने प्रतिष्ठानको हकमा सूचीमा उल्लेख नभए पनि सूचीमा समावेश गरी प्रश्नावली भर्नुपर्दछ ।
- सामान्यतया: रोजगारीसम्बन्धी विवरणमा कर्मचारीको संख्या उल्लेख गर्दा २०७५ साल माघ १ गते र सो दिन बिदा परेको भए सोको लगत्तै प्रतिष्ठान खुलेको दिनमा उद्योग प्रतिष्ठानको हाजिरी किताबमा उल्लेख भएअनुसारको संख्या उल्लेख गर्नुपर्नेछ । तर तलब/ज्यालाको हकमा भने सन्दर्भ अवधिभरीको रकम खुलाउनुपर्दछ । कुनै उद्योग प्रतिष्ठानहरू सिजनल (मौसमी) प्रकृतिका रहेछन् भने रोजगारीसम्बन्धी विवरणका लागि सन्दर्भ समय उत्पादन हुने सिजनको मध्य समयको महिनाको १ गते सम्झनुपर्दछ । जस्तैः मंसिर, पौष र माघमा मात्र सञ्चालन हुने उद्योगको हकमा सन्दर्भ समय पौष १ कायम गर्ने । यसैगरी मंसिरदेखि फाल्गुणसम्म सञ्चालन हुने प्रतिष्ठानको हकमा निकटवर्ती मध्यबिन्दु माघ १ गते कायम गर्ने ।
- प्रश्नावली भर्ने समयमा उद्योग प्रतिष्ठानको अन्तिम लेखापरीक्षण भई नसकेको कारण आर्थिक विवरण उपलब्ध हुन नसक्ने भएमा लेखापरीक्षण नगरिएको हिसाबकिताबको आधारमा विवरणहरू भर्नुपर्दछ ।
- प्रश्नावलीमा कार्यालय प्रयोजनका लागि भनेर स्पष्ट छुट्याइएको बाहेक अन्य कुनै पनि कोठा रिक्त हुनुहुँदैन । उद्योग प्रतिष्ठानसँग असम्बन्धित वा उपयुक्त नभएमा यस्तो "X" चिह्न र कुनै मूल्य वा परिमाण वा संख्या शून्य भएमा "0" लेख्नुपर्दछ ।
- प्रश्नावली भर्दा अंग्रेजीमा किटानी गरिएको बाहेक भर्नुपर्ने सबै ठाउँमा अक्षर देवनागरी लिपि नेपाली भाषामा र अंक लेख्दा अंग्रेजीमा लेख्नुपर्दछ । जस्तै : अंक लेख्दा 1 2 3 4 5 6 7 8 9 0 को प्रयोग गर्नुपर्दछ । रूपैयाँ वा रकम लेख्दा निम्नानुसार दशमलवसहित लेख्नुपर्दछ जस्तै : पच्चीस हजार चार सय पन्ध्र लेख्दा 25415.00 लेख्नुपर्दछ । साथै एक लाख वा सोभन्दा माथिको राशि लेख्दा अंक लेख्ने महलमा अंक लेखिसकेपछि सोही लहरको कैफियत खण्डमा वा प्रश्नावलीको दायाँ किनारमा अक्षरमा समेत उक्त राशि खुलाई लेख्नुपर्दछ । जस्तैः "12,00,00,000" लाई अक्षरमा लेख्नुपर्दा "बाह्र करोड" लेख्नुपर्दछ ।

- उद्योग प्रतिष्ठानको परिचयात्मक विवरणमा उद्योग प्रतिष्ठानको नाम लेख्दा नेपाली तथा अंग्रेजी दुबैमा अक्षरमा अनिवार्यरूपले लेख्नुपर्दछ ।
- एकाइ उल्लेख गर्नुपरेमा मेट्रिक प्रणाली (किलोग्राम, मिटर, लिटर, किलोवाट, मेगावाट, गिगावाट आदि) वा प्रश्नावलीमानै तोकिएको भएमा सोहिअनुसार रुपान्तरण गरेर लेख्नुपर्दछ ।
- प्रश्नावलीमा भरिएका अङ्कहरूको जाँच गर्दा सन्दर्भ वर्षमा सम्बन्धित उद्योग प्रतिष्ठान जम्मा कति दिन सञ्चालन भएको थियो तदनुरुप उत्पादन र रोजगारीका अङ्कहरू मिल्दोजुल्दो छन् छैनन् जाँच गर्नुपर्दछ ।
- प्रश्नावलीको उपयुक्त ठाउँमा अङ्क लेख्नु अघि हिसाव गर्नुपरेमा प्रश्नावलीको खाली ठाउ रहेको स्थानमा गर्नुपर्दछ ।
- खण्ड ५ अन्तर्गत प्रत्येक कच्चा पदार्थको वार्षिक खरिदको जम्मा परिमाण र रकम, नेपाल र अन्य देशको खरिदको परिमाण र रकमको जोडसँग मिल्नुपर्दछ ।
- प्रश्न १.२५ मा उल्लेख भएका उत्पादित वस्तु र खण्ड ६ को उत्पादन र उत्पादित वस्तुको बिक्री अन्तर्गत उल्लेख भएका वस्तुहरू मिल्नुपर्दछ ।
- यदि खण्ड ६ मा वार्षिक उत्पादित वस्तुको परिमाण भन्दा वार्षिक नेपाल र अन्य देशमा बिक्री भएको वस्तुको जम्मा परिमाणको जोड कम रहेको छ भने तयारी वस्तुको सन्दर्भ वर्षको अन्त्यको मौज्दातमा रकम देखिनुपर्दछ ।
- यदि खण्ड ६ मा वार्षिक उत्पादित वस्तुको परिमाणभन्दा वार्षिक नेपाल र अन्य देशमा बिक्री भएको वस्तुको जम्मा परिमाणको जोड बढी रहेको छ भने तयारी वस्तुको सन्दर्भ वर्षको सुरुको मौज्दातमा रकम देखिनु पर्दछ ।
- यदि खण्ड ८ को ८.०२ मा खरिद गरेको हालतमा बिक्री हुने वस्तुबापत वार्षिक खर्च शुन्य र वार्षिक बिक्री भएको वस्तुबापत आम्दानीमा केही रकम उल्लेख भएको रहेछ भने खण्ड ७ को ७.०५ अन्तर्गत खरिद गरेको हालतमा बिक्री हुने वस्तुको सन्दर्भ वर्षको सुरुको मौज्दातमा रकम देखिनुपर्दछ ।
- यदि खण्ड ८ को ८.०२ मा खरिद गरेको हालतमा बिक्री हुने वस्तु बिक्री वा खरिद गरेबापत वार्षिक खर्चभन्दा वार्षिक बिक्री भएको वस्तुबापत आम्दानीमा कम रकम उल्लेख भएको रहेछ भने खण्ड ७.०५ (खरिद गरेको हालतमा बिक्री हुने वस्तु) मा सन्दर्भ वर्षको अन्त्यको मौज्दातमा रकम देखिनुपर्दछ ।
- यदि प्रश्न नं. १५.०२ को महल नं. ३ अन्तर्गतका लहरमा १ कोड उल्लेख भएको छ भने यसै प्रश्नको महल नं.४ मा रकम उल्लेख भएको हुनैपर्दछ ।

# अनुसूची १: प्रदेश र जिल्लाको कोड

| प्रदेश नम्बर १ | | प्रदेश नम्बर २ | | वागमती प्रदेश (३) | | गण्डकी प्रदेश (४) | |
|---|---|---|---|---|---|---|---|
| जिल्लाको नाम | कोड | जिल्लाको नाम | कोड | जिल्लाको नाम | कोड | जिल्लाको नाम | कोड |
| ताप्लेजुङ | 101 | सप्तरी | 201 | दोलखा | 301 | गोरखा | 401 |
| संखुवासभा | 102 | सिरहा | 202 | सिन्धुपाल्चोक | 302 | मनाङ | 402 |
| सोलुखुम्बु | 103 | धनुषा | 203 | रसुवा | 303 | मुस्ताङ | 403 |
| ओखलढुङ्गा | 104 | महोत्तरी | 204 | धादिङ | 304 | म्याग्दी | 404 |
| खोटाङ | 105 | सर्लाही | 205 | नुवाकोट | 305 | कास्की | 405 |
| भोजपुर | 106 | रौतहट | 206 | काठमाडौं | 306 | लमजुङ | 406 |
| धनकुटा | 107 | बारा | 207 | भक्तपुर | 307 | तनहुँ | 407 |
| तेह्रथुम | 108 | पर्सा | 208 | ललितपुर | 308 | नवलपरासी पूर्व | 408 |
| पाँचथर | 109 | | | काभ्रेपलाञ्चोक | 309 | स्याङजा | 409 |
| इलाम | 110 | | | रामेछाप | 310 | पवत | 410 |
| झापा | 111 | | | सिन्धुली | 311 | बागलुङ | 411 |
| मोरङ | 112 | | | मकवानपुर | 312 | | |
| सुनसरी | 113 | | | चितवन | 313 | | |
| उदयपुर | 114 | | | | | | |

| प्रदेश नम्बर ५ | | कर्णाली प्रदेश (६) | | सुदूर पश्चिम प्रदेश (७) | |
|---|---|---|---|---|---|
| जिल्लाको नाम | कोड | जिल्लाको नाम | कोड | जिल्लाको नाम | कोड |
| रुकुम पूर्व | 501 | डोल्पा | 601 | बाजुरा | 701 |
| रोल्पा | 502 | मुगु | 602 | बझाङ | 702 |
| प्यूठान | 503 | हुम्ला | 603 | दार्चुला | 703 |
| गुल्मी | 504 | जुम्ला | 604 | बैतडी | 704 |
| अर्घाखाँची | 505 | कालिकोट | 605 | डँडेलधुरा | 705 |
| पाल्पा | 506 | दैलेख | 606 | डोटी | 706 |
| नवलपरासी पश्चिम | 507 | जाजरकोट | 607 | अछाम | 707 |
| रुपन्देही | 508 | रुकुम पश्चिम | 608 | कैलाली | 708 |
| कपिलवस्तु | 509 | सल्यान | 609 | कञ्चनपुर | 709 |
| दाङ | 510 | सुर्खेत | 610 | | |
| बाँके | 511 | | | | |
| बर्दिया | 512 | | | | |

## अनुसूची २: नेपालस्तरीय औद्योगिक वर्गीकरणको चार अङ्कको कोड

खण्ड B : खानी तथा उत्खनन् **(Mining and Quarrying)**

| | |
|---|---|
| 0510 | पत्थरकोइला उत्खनन् (Mining of hard coal) |
| 5220 | लिगनाइट (नरम कोइला) को उत्खनन् (Mining and lignite) |
| 0610 | कच्चा पेट्रोलियम पदार्थको उत्खनन् (Extraction of crude petroleum) |
| 0620 | प्राकृतिक ग्याँसको उत्खनन् (Extraction of natural gas) |
| 0710 | फलामको कच्चा धातुको उत्खनन् (Mining of iron ores) |
| 0721 | युरेनियम र थोरियम (रेडियोधर्मी तत्व) कच्चा धातुहरूको उत्खनन् (Mining of uranium and thorium ores) |
| 0729 | गैरफलाम अन्य कच्चा धातुहरूको उत्खनन् (Mining of other non-ferrous metal ores) |
| 0810 | ढुङ्गा, बालुवा र माटोको उत्खनन् (Quarrying of stone, sand and clay) |
| 0891 | रासायनिक र मलखाद खनिजहरूको उत्खनन् (Mining of chemical and fertilizer |
| 0892 | पिट (वनस्पति कुहिएर इन्धनको रूपमा प्रयोग हुने वस्तु) को उत्खनन् गर्ने क्रियाकलापहरू (Extraction of Peat) |
| 0893 | नून उत्खनन् (Extraction of salt) |
| 0899 | अन्यत्र कतै नपरेका धात्विक वा अधात्विक वस्तुहरूको उत्खनन् (Mining and quarrying |
| 0910 | पेट्रोलियम र प्राकृतिक ग्याँस निकाल्ने सहयोगी क्रियाकलापहरू (Support activities for petroleum and natural gas extraction) |
| 0990 | धातुको खानी तथा अधात्वीक वस्तु उत्खनन् कार्यका अन्य सहयोगी क्रियाकलापहरू (Support activities for other mining and quarrying) |

खण्ड C : औद्योगिक उत्पादन **(Manufacturing)**

| | |
|---|---|
| 1010 | मासुको प्रशोधन र संरक्षण गर्ने क्रियाकलापहरू (Processing and Preservation of Meat) |
| 1020 | माछा र माछाबाट तयार हुने खाद्य पदार्थको प्रशोधन र संरक्षण (Processing and preserving of fish and crustaceans and molluscs) |
| 1030 | फलफूल तथा तरकारी प्रशोधन र संरक्षण (Processing and preserving of fruit and vegetable) |
| 1040 | वनस्पति तथा पशुको तेल र चिल्लो पदार्थको उत्पादन (Manufacture of vegetable and animal oil and fats ) |
| 1050 | दुग्ध पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of dairy products) |
| 1061 | मिलबाट खाद्यान्न प्रशोधन गरी उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of grain mill products) |
| 1062 | खाद्यवस्तुको प्रशोधन गरी माड र तथा माड भएका अन्य खाद्य पदार्थ उत्पादन गर्ने क्रियाकलापहरू (Manufacturing of starch and starch products) |
| 1071 | बेकरी उत्पादन गर्ने क्रियाकलापहरू (Manufacturer of bakery products) |
| 1072 | चिनी उत्पादन गर्ने क्रियाकलापहरू (Manufacturer of sugar) |

| | |
|---|---|
| 1073 | कोका, चक्लेट र गोली मिठाइहरूको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of cocoa, chocolate and suger confectionary) |
| 1074 | म्याक्रोनी, चाउचाउ, आदि वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of macaroni, noodle and couscous similar farinaceous production) |
| 1075 | खाना तथा खानाका विभिन्न परिकार तयार गर्ने क्रियाकलापहरू (Manufacture of prepared meals and dishes) |
| 1079 | अन्यत्र उल्लेख नगरिएका खाद्य पदार्थहरूको प्रशोधन तथा उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of other food products n.e.c.) |
| 1080 | पशु आहार (दाना) उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of prepared animal feeds) |
| 1101 | वाष्पीकरण, शुद्धीकरण र सम्मिश्रण गरी स्पीरिटको प्रशोधन र उत्पादन गर्ने क्रियाकलापहरू (Distilling, rectifying and blending of sprits) |
| 1102 | वाइन बनाउने क्रियाकलापहरू (Manufacture of wine) |
| 1103 | अन्न कुहाई जाँड -बियर उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of malt liquors and malt) |
| 1104 | हल्का पेय पदार्थको प्रशोधनः मिनरल वाटर र बोतलमा राखिएको पेयजलको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of soft drinks: Prouduction of mineral water and other bottled waters) |
| 1200 | सुर्तीजन्य पदार्थ उत्पादन (Manufacture of tobacco products) |
| 1311 | कपडाको धागो तयारी र कात्ने क्रियाकलाप (Preparation and spinning of textile fibres) |
| 1312 | कपडा बुन्ने (Weaving of textiles) |
| 1313 | धागो तथा कपडाको फिनिसिङ (अन्तिम स्वरूप दिने) (Finishing of Textiles) |
| 1391 | मेसिन र कुरूशबाट कपडा बुनाइ (Manufacture of knitted and crocheted fabrics) |
| 1392 | तयारी पोशाकबाहेक अन्य तयारी कपडाहरूका उत्पादन (Manufacture of made-up textile articles, except apparel) |
| 1393 | दरी (कार्पेट) तथा रग (राडीपाखी) उत्पादन (Manufacture of carpets and rugs) |
| 1394 | लठ्ठा, डोरी, सुतलीको डोरी र जाली बनाउने क्रियाकलाप (Manufacture of cordage, rope, twine and netting) |
| 1399 | अन्यत्र कहीँ उल्लेख नभएका कपडा उत्पादन (Manufacture of other extile n.e.c.) |
| 1410 | भुवादार पोशाकबाहेक लगाउने तयारी पोशाकको उत्पादन (Manufacture of wearing apparel, except fur apparel) |
| 1420 | भुवादार वस्तु वा कपडाको उत्पादन (Manufacture of articles of fur) |
| 1430 | सिलाइ तथा बुनाइ बाट तयारी लुगा बनाउने (Manufacture of knitted and crochted apparel) |
| 1511 | छालाको प्रशोधन, रङरोगन एवं काँटछाँट गर्ने क्रियाकलाप (Tanning and dressing of leather; dressing and dyeing fur) |
| 1512 | छालाको ब्याग, सुटकेश, ह्यान्डब्याग, काठी आदि बनाउने क्रियाकलापहरू (Manufacture of luggage, handbags, and the like, addlery and harness) |
| 1520 | जुत्ता चप्पल उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of footwear) |
| 1621 | काठका पातला फल्याकहरू, प्लाइउड, लेमिन वोडका टुक्राहरू मिलाएर बोर्ड बनाउने, फ्रेम बनाउने क्रियाकलापहरू (Manufacture of veneer sheets and wood-based panels) |
| 1622 | काठ जोडेर काठका विभिन्न प्रकारका (फर्निचरबाहेक) सामान बनाउने क्रियाकलापहरू (Manufacture of builders carpentry and joinary) |
| 1623 | काठका भाँडाहरू वा काठका बाकस बनाउने क्रियाकलापहरू (Manufacture of wooden container) |

| | |
|---|---|
| 1629 | काठजन्य अन्य वस्तुहरू जस्तैः कर्क, बाँस, पराल वा छ्वालीको प्रयोग गरी गुन्द्री, सुकुल आदि बनाउने क्रियाकलापहरू (Manufacture of other products of wood cork, bamboo, straw and plaiting material) |
| 1701 | पल्प, कागज र कागजको बोर्ड उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of pulp, paper and paper board) |
| 1702 | बाक्लो कागज (नालीदार) का पाताहरू, कागजका बोर्डहरू र कागजका प्याक गर्ने बक्स बनाउने क्रियाकलापहरू (Manufacture of corrugated paper and paperboard and containers of paper and paperboard) |
| 1709 | कागज र पेपरबोर्डका अन्य सामानहरू बनाउने क्रियाकलापहरू (Manufacture of other articles of paper and paperboard) |
| 1811 | मुद्रण/छपाइसम्बन्धी काम गर्ने क्रियाकलापहरू (Printing) |
| 1812 | मुद्रण/छपाइसम्बन्धी सेवाको काम गर्ने क्रियाकलाप (Service activities related to printing) |
| 1820 | रेकर्ड गरिएका सामग्रीहरूको प्रतिलिपि उत्पादन (Reproduction of recorded media) |
| 1910 | कोक ओभनका उत्पादन तथा प्रशोधन (Manufacture of coke oven products) |
| 1920 | प्रशोधित पेट्रोलियम वस्तुको उत्पादन (Manufacture of refined petroleum product) |
| 2011 | आधारभूत रसायनको उत्पादन (Manufacture of basic chemical) |
| 2012 | रासायनिक मल र नाइट्रोजनयुक्त यौगिकको उत्पादन (Manufacture of fertilizer and nitrozen compond) |
| 2013 | प्राथमिक स्वरूपमा प्लास्टिक र सिन्थेटिक (कृत्रिम) रबरको उत्पादन (Manufacture of plastics and synthetic rubbers in primary forms) |
| 2021 | किटनासक औषधी र अन्य कृषिजन्य रसायनहरूको उत्पादन गर्ने (Manufacuter of pesticides and other agro chemical products) |
| 2022 | रङहरू, वार्निसहरू तथा यस्तै अन्य सतह ढाक्ने वस्तुहरू, छपाइ गर्ने मसी, र खोटो उत्पादन (Manufacture of paints, varnishes and similar coatings, printing ink and mastics) |
| 2023 | साबुन तथा डिटरजेण्ट, सरसफाइ र पालिस गर्ने रसायन वस्तु र सुगन्धित अत्तरहरू एवं सौन्दर्य श्रृंगारका प्रशाधनहरू, सरसफाइका वस्तु उत्पादन (Manufacture of soap and detergents, cleaning and polishing preparations, perfumes and toilet preparations) |
| 2029 | अन्यत्र उल्लेख नगरेका अन्य रासायनिक वस्तुहरूको उत्पादन (Manufacture of other chemical product n.e.c.) |
| 2030 | मानव निर्मित कृत्रिम रेसाहरूको उत्पादन (Manufacture of man-made fibre tow) |
| 2100 | औषधी, चिकित्साजन्य रसायन र वनस्पतिजन्य उत्पादन (Manufacture of pharmaceutical, medicinal chemical and botanical products) |
| 2219 | अन्य रबरजन्य वस्तुहरूको उत्पादन गर्ने क्रियाकलाप (Manufacture of other rubber products) |
| 2220 | प्लास्टिकका सामान उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of plastics product) |
| 2310 | काँच र काँचजन्य वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of glass and glass product) |
| 2391 | आवर्तक वस्तुको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of refractory products) |
| 2392 | माटाका भवन निमार्ण सामग्रीहरू उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of clay building materials) |
| 2393 | प्रोसेलिन र चिनियाँ माटोबाट बनेका अन्य वस्तुहरूको उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of other porcelain and ceramic products) |

| | |
|---|---|
| 2394 | सिमेन्ट, चुन र प्लास्टरको उत्पादन गर्ने क्रियाकलापहरू<br>(Manufacture of cement, lime and plaster products) |
| 2395 | कंक्रिट, सिमेन्ट र प्लास्टरका सामान उत्पादन गर्ने क्रियाकलापहरू<br>(Manufacture of articale of concrete, cement and plaster) |
| 2396 | ढुङ्गा काट्ने, छाँट्ने र परिष्कृत गर्ने क्रियाकलापहरू (Cutting, shapping and finishing of stone) |
| 2399 | अन्यत्र उल्लेख नभएका गैरधातुजन्य खनिज पदार्थहरू उत्पादन गर्ने क्रियाकलापहरू<br>(Manufacture of non-metallic mineral products n.e.c.) |
| 2410 | आधारभूत फलाम र इस्पात उत्पादन (Manufacture of basic iron and steel) |
| 2420 | आधारभूत बहुमूल्य तथा गैरफलामजन्य धातुको उत्पादन<br>(Manufacture of basic precious and non-ferrous metal) |
| 2431 | फलाम तथा इस्पातलाई विभिन्न आकारमा ढाल्ने (Casting of iron and steel) |
| 2432 | गैरफलामजन्य धातुको ढाल्ने क्रियाकलापहरू (Casting of non ferrous metal) |
| 2511 | धातुका निर्माण संरचनाहरूको उत्पादन (Manufacture of structural metal) |
| 2512 | धातुका पानी ट्याङ्की, जलाशय वा रिजर्भ्याएर र धातुका कन्टेनरहरूको उत्पादन<br>(Manufacture of tank, reservoirs and container of metal) |
| 2513 | स्टिम जेनेरेटरको उत्पादन (पानी तताउने मुख्य ब्वाइलरबाहेक)<br>(Manufacture of steam generator, except central heating hot water boilers) |
| 2520 | हातहतियार र खरखजाना (गोली गठ्ठा) को उत्पादन (Manufacture of weapons and ammunition) |
| 2591 | धातुलाई गलाउने, पिट्ने, थिच्ने, स्ट्याम्पिङ गर्ने, रोल बनाउने (बेर्ने), धातुलाई धुलो बनाउने अर्थात् पाउडर मेटालर्जीका क्रियाकलापहरू (Forging, pressing, stamping and roll-forming of metal; powder metallurgy) |
| 2592 | मेसिनका सहायताबाट धातुहरूको प्रशोधन तथा जलप लगाउने<br>(Treatment and coating of metals; machining) |
| 2593 | काट्ने सामानहरू, हाते औजारहरू र सामान्य हार्डवेयर सामानहरू बनाउने क्रियाकलापहरू<br>(Manufacture of cutlery, hand tools and general hardware) |
| 2599 | अन्यत्र उल्लेख नभएको अन्य प्रकारको फेब्रिकेटेड धातुका वस्तुहरू बनाउने क्रियाकलापहरू<br>(Manufacture of other fabricated metal products n.e.c.) |
| 2610 | इलेक्ट्रोनिक सामान बनाउने क्रियाकलापहरू (Manufacture of electronic components and boards) |
| 2620 | कम्प्युटर र तत्सम्बन्धी सामान बनाउने क्रियाकलापहरू<br>(Manufacture of computer and peripheral equipment) |
| 2630 | सञ्चारका उपकरण उत्पादन गर्ने कियाकलापहरू (Manufacture of communication equipment) |
| 2640 | घरायसी उपभोगका इलेक्ट्रोनिक्स सामानहरूको उत्पादन (Manufacture of consumer electronics) |
| 2651 | मापन, परीक्षण, खोजबिन र नियन्त्रण गर्ने उपकरण<br>(Manufacture of measuring, testing, navigating and control equipment) |
| 2652 | घडी र भित्ते घडी उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of watches and clocks) |
| 2660 | इलेक्ट्रोमेडिकल, चिकित्साविज्ञान र विकिरण पद्दतिबाट रोग निदान गर्ने उपकरण उत्पादन<br>(Manufacture of irradiation, electromedical and electrotherapeutic equipment) |
| 2670 | अप्टिकल र फोटोग्राफीका उपकरण उत्पादन<br>(Manufacture of optical instrument and photography equipment) |
| 2680 | चुम्बकीय तथा अप्टिकल मिडियाको उत्पादन (Manufacture of magnetic and optical media) |

| | |
|---|---|
| 2710 | विद्युतीय मोटर, जनेरेटर, ट्रान्सफरमर र विद्युत् वितरण तथा नियन्त्रण गर्ने उपकरण उत्पादन गर्ने क्रियाकलापहरू (Manufacture of electric motors, generator, transformer and electricity distribution and control apparatus) |
| 2720 | ब्याट्री र एकुमुलेटरहरूको उत्पादन (Manufacture of batteries and accumulators) |
| 2731 | अप्टिकल फाइबर (सानासाना रेसा भएका तार) केबल उत्पादन (Manufacture of fibre optical cable) |
| 2732 | अन्य इलेक्ट्रोनिक तथा बिजुलीका तार र केबलहरूका उत्पादन (Manufacture of other electronic and electric wires and cables) |
| 2733 | बिजुलीका वाइरिङ र वाइरिङका विभिन्न सामानहरूको उत्पादन (Manufacture of wiring and wiring devices) |
| 2740 | बिजुलीबाट बल्ने बत्तीका विभिन्न उपकरण उत्पादन (Manufacture of electric lighting equipment) |
| 2750 | घरायसी विद्युतीय उपकरणहरू उत्पादन (Manufacture of domestic appliances) |
| 2790 | विद्युतीय अन्य उपकरण उत्पादन (Manufacture of other electrical equipment) |
| 2811 | हवाईजहाज, मोटर, मोटरसाइकल र साइकलका इञ्जिनबाहेक अन्य इञ्जिन वा टरबाइनको उत्पादन (Manufacture of engines and turbines, except aircraft, vehicle and cycles engines) |
| 2812 | तरल पदार्थबाट उर्जा निकाल्ने उपकरणको उत्पादन (Manufacture of fluid power equipment) |
| 2813 | अन्य पम्प, कम्प्रेशर, धारा र भल्वको उत्पादन (Manufacture of other pump, compressors, taps and valves) |
| 2814 | वियरिङ, गियर तथा ड्राइभिङसम्बन्धी वस्तुहरूको उत्पादन (Manufacture of bearings, gears, gearing and driving elements) |
| 2815 | चुलो, विद्युतीय ताप दिने फर्नेस र फर्नेस बर्नरहरूको उत्पादन (Manufacture of ovens, furnace and furnace burners) |
| 2816 | उचाल्ने तथा समात्ने उपकरणहरूको उत्पादन (Manufacture of lifting and handling equipment) |
| 2817 | कम्प्युटर र तत्सम्बन्धी उपकरणहरूबाहेक कार्यालयमा प्रयोग गरिने मेसिन तथा उपकरणहरूका उत्पादन (Manufacturing of office machinery and equipment (except computers and peripherical equipment) |
| 2818 | बाह्य उर्जा शक्तिका सहायताले चलाउने हाते औजारको उत्पादन (Manufacture of power driven hand tools) |
| 2819 | अरू सामान्य प्रयोजनका मेसिनरीको उत्पादन (Manufacture of other general purpose machinaries) |
| 2821 | कृषि र वनसम्बन्धी मेसिन उत्पादन (Manufacture of agricultural and forestry machinary) |
| 2822 | धातुका मेसिनरी र मेसिन औजार उत्पादन (Manufacture of metal-forming mechinery and machine tool) |
| 2823 | खानीबाट झिकिएका कच्चा धातुलाई शुद्ध पार्ने मेसिन उत्पादन (Manufacture of machinery for metallurgy) |
| 2824 | खानी, ढुङ्गा, बालुवा, गिट्टी झिक्ने वा पेल्ने र निर्माणको काममा प्रयोग हुने मेसिनरी उपकरणहरूको उत्पादन (Manufacture of mechinery for mining, quarrying and construction) |
| 2825 | खाद्यान्न, पेयपदार्थ तथा सुर्तीको प्रशोधनका लागि मेसिनरी उपकरण उत्पादन (Manufacture of machinary for food, beverage and tobacco processing) |
| 2826 | कपडा, तयारी पोशाक र छालाका वस्तुहरू उत्पादनका लागि प्रयोग गरिने मेसिनरी उपकरणहरूको उत्पादन (Manufacture of machinery for textile, apparel, and leather production) |

| | |
|---|---|
| 2829 | अन्य विशेष उद्देश्यका मेसिनहरूको उत्पादन (Manufacture of other special purpose mechinery) |
| 2910 | मोटरगाडी/सवारी साधनहरूको उत्पादन (Manufacture of motor vehicles) |
| 2920 | मोटरगाडीको बडी (कोचवर्क) बनाउने, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलरको उत्पादन (Manufacture of bodies (coachwork) for motor vehicles; manufacture of trailers and semi -trailers) |
| 2930 | मोटरगाडीका पार्टपुर्जाहरू तथा सहायक सामानहरूका उत्पादन<br>(Manufacture of parts and accessories for motor vehicles) |
| 3011 | पानीजहाज तथा डुङ्गा, फेरी आदिका उत्पादन (Building of ships and floating structure) |
| 3012 | मनोरञ्जन र खेलका लागि डुङ्गा उत्पादन (Building of pleasure and sporting boats) |
| 3020 | रेलवे लोकोमोटिभ (इन्जिन) र रोलिङ स्टक उत्पादन<br>(Manufacture of railway locomotives and rolling stock) |
| 3030 | वायुयान, अन्तरिक्षयान र तत्सम्बन्धी मेसिन तथा उपकरण उत्पादन<br>(Manufacture of air and spacecraft and related machinery) |
| 3040 | युद्धसम्बन्धी सैनिक गाडी उत्पादन (Manufacture of military fighting vehicle) |
| 3091 | मोटरसाइकल बनाउने क्रियाकलापहरू (Manufacture of motorcycles) |
| 3092 | साइकल तथा अपाङ्गमैत्री यातायातका साधनहरू उत्पादन<br>(Manufacture of bicycles and invalid carriages) |
| 3099 | अन्यत्र उल्लेख नभएका अन्य यातायातका उपकरण उत्पादन<br>(Manufacture of other trasport equipment n.e.c.) |
| 3100 | फर्निचर बनाउने क्रियाकलापहरू (Manufacture of furniture) |
| 3211 | गहना, आभूषण तथा तत्सम्बन्धी उत्पादन<br>(Manufacture of jewellery, bijouteries and related articles) |
| 3212 | नक्कली गहना तथा तत्सम्बन्धी सामानहरूको उत्पादन<br>(Manufacture of imitation jewellery and related articles) |
| 3220 | संगीत वाद्ययन्त्रहरूको उत्पादन (Manufacture of musical instruments) |
| 3230 | खेलकुदका सामान उत्पादन (Manufacture of sports goods) |
| 3240 | खेल र खेलौना उत्पादन (Manufacture of games and toys) |
| 3250 | चिकित्सा र दन्त चिकित्साका उपकरण उत्पादन<br>(Manufacture of medical and dental instruments and supplies) |
| 3290 | अन्यत्र उल्लेख नभएका सामान उत्पादन (Other manufacture of n.e.c) |
| 3311 | धातुबाट बनेका बनेका सामानहरूको मर्मत गर्ने क्रियाकलापहरू<br>(Repair of fabricated metal product) |
| 3312 | मेसिन तथा उपकरणको मर्मत गर्ने क्रियाकलापहरू (Repair of machinery) |
| 3313 | इलेक्ट्रोनिक तथा अप्टिकलसम्बन्धी उपकरणको मर्मत गर्ने क्रियाकलापहरू<br>(Repair of electronic and optical equipment) |
| 3314 | विद्युतीय उपकरणको मर्मत गर्ने क्रियाकलापहरू (Repair of electronical equipment) |
| 3315 | मोटरगाडीबाहेकका यातायातका उपकरणको मर्मत गर्ने क्रियाकलापहरू<br>(Repair of transport equipment, except moter vehicals) |
| 3319 | अन्य उपकरणको मर्मत गर्ने क्रियाकलापहरू (Repair of equipment) |
| 3320 | औद्योगिक मेसिन तथा उपकरणको जडान गर्ने क्रियाकलापहरू<br>(Installation of industrial mechinary and equipment) |

खण्ड D : विद्युत्, ग्याँस, बाफ तथा वातानुकुलित सेवा

**(Electricity, gas, steam and air conditioning supply)**

| | |
|---|---|
| 3510 | विद्युत् उत्पादन, प्रसारण तथा वितरण<br>(Electric power generation, transmission and distribution) |
| 3520 | ग्याँसको उत्पादन, मुख्य वितरण प्रणालीद्वारा ग्याँस इन्धनको वितरण<br>(Manufacture of gas; distribution of gaseous fuels through mains) |
| 3530 | बाफ तथा वातानुकुलितको आपूर्ति (Steam and air conditioning supply) |

खण्ड E : पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र उपचारात्मक क्रियाकलापहरू

**(Water supply; sewerage, waste management and remediation activities)**

| | |
|---|---|
| 3600 | पानीको सङ्कलन, शुद्धीकरण तथा आपूर्ति (Water collection, treatment and supply) |
| 3700 | ढलनिकास (Sewerage) |
| 3811 | गैरहानिकारक फोहरको सङ्कलन (Collection of non-hazardous waste) |
| 3812 | हानिकारक फोहरको सङ्कलन (Collection of hazardous waste) |
| 3821 | गैरहानिकारक फोहरको प्रशोधन र विसर्जन<br>(Treatment and disposal of non-hazardous waste) |
| 3822 | हानिकारक फोहरको प्रशोधन र विसर्जन (Treatment and disposal of hazardous waste) |
| 3830 | सामग्री पुनः प्राप्ति (Material recovery) |
| 3900 | उपचारात्मक क्रियाकलापहरू तथा अन्य फोहर व्यवस्थापन गर्ने सेवाहरू<br>(Remediation activities and other waste management services) |

**धन्यवाद**